# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

विजय मल्लको जन्म वि. सं. १९८२ असार १० गते काठमाडौँको ओम वहालमा भएको थियो । यिनी साहित्यकार ऋद्धिबहादुर मल्लका छोरा र गोविन्दबहादुरका भाइ हुन् । आनुवंशिक रूपमा साहित्यिक संस्कार पाएका मल्ल दाजु गोठाले र अन्य साहित्यकारबाट प्रेरित भई साहित्य लेखनमा आएको पाइन्छ । घरको साहित्यिक वातावरणले पनि उनको सिर्जनात्मक क्षमतालाई उजिल्याएको देखिन्छ । आफ्नो क्रियाशील जीवनमा मल्लले विभिन्न साहित्यिक फाँटमा कलम चलाउनुका साथै विभिन्न संघ-संस्थामा काम गरेका छन् । नेपाल लेखक संघको सचिव, नेपाल साहित्यिक संस्थानको उपाध्यक्ष, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सदस्य सचिव हुँदै उपकुलपतिसम्मको पदमा पुगेको देखिन्छ ।

विजय मल्लले नेपाली साहित्यको कथा, कविता, उपन्यास र नाटक विधामा कलम चलाएका छन् । मल्लले आफ्नो सिर्जनशील व्यक्तित्व सबैभन्दा पहिले कविताका रूपमा चिनाएका छन् । 'नाटक : एक चर्चा' समीक्षात्मक कृति लेखेर आफूलाई साहित्यिक प्रबुद्ध व्यक्तित्वका रूपमा देखाउन सफल विजय मल्ल कथामा पनि आफ्नो सीप देखाउन सफल रहेका छन् । मल्लका *अनुराधा* (२०१८) र *कुमारी शोभा* (२०३९) दुई पूर्ण औपन्यासिक कृति प्रकाशित भएका छन् भने लघु उपन्यासको रूपमा श्रीमती शारदा प्रकाशित भएको छ । मल्लका *पत्थरको कथा* (२०२८), *दोभान* (२०३४), *भित्ते घडी* (२०४०), *स्मृतिको पर्खालभित्र* (२०४०), *भूलैभूलको यथार्थ* (२०४१), *बहुलाकाजीको सपना* (२०२८), *पहाड चिच्याइरहेछ* (२०४१), *जिउँदो लाश* (२०२७), *सात एकाङ्की* (२०२८ सम्पा) जस्ता नाट्य कृति प्रकाशित भएका छन् । नेपाली साहित्यका चारै विधा -आख्यान, कविता, नाटक र निबन्ध) मा कलम चलाउने विजय मल्लले आफ्नो एकाङ्की लेखन यात्रा २००१ सालमा प्रकाशित *राधा मान्दिन*बाट गरेका हुन् भने उनको समग्र एकाङ्की लेखनको यात्राका क्रममा दोस्रो चरणमा (वि.सं. २०१८-२०३२) सिर्जना गरेका *कङ्काल* (२०१९), *जीवन बीमा* (२०२०), *कोसँग जुधौं* (२०२१)?, *शिलाको बङ्गला* (२०२२), *पत्थरको कथा* (२०२५), *पुराणको हराएको पाना* (२०२६), *पाहुना* (२०२६), *सत्ताको खोजमा* (२०२७), *बहुला कहिँको* (२०२७),

*मृत्युको छाया मुन्तिरको खोज* (२०२७), *यो किताब नच्यातियोस्* (२०२८), *श्री ५ बडामहाराजधिाज पृथ्वीनारायण शाह* (२०३१), *अन्धाको पनि आँखा खुलेको हुन्छ* (२०३२), र गरी १३ वटा एकाङ्कीमा निहित समाजमनोविज्ञान प्रस्तुत शोधको अध्ययन विषय रहेको छ भने यसै चरणका दुई वटा एकाङ्की *'दोभान'* र *'के हुन सक्दैन'* अप्राप्य रहेको छ ।

समाज परवार-परिवारको संयुक्त मिश्रण हो । व्यक्ति-व्यक्तिको योगबाट समाजको निर्माण हुन्छ । समाजमा व्यक्तिबाट देखाउने विभिन्न खालको क्रियाकलाप, जो उसको व्यक्ति मनसँग सम्बन्ध हुन्छ, त्यसैको अध्ययन गर्ने काम मनोविज्ञानले गर्दछ । यसै मनोविज्ञानको विभिन्न हाँगामध्ये समाजको अध्ययन गर्ने विज्ञानलाई समाज मनोविज्ञान भनिन्छ । समाजमा व्यक्तिको बसोबास हुने हुँदा समाज मनोविज्ञानको अध्ययन मूलतः मानवीय स्वभाव र क्रियाकलापसँग सम्बद्ध हुन्छ । साहित्यकारबाट रचित सिर्जना कथानक, पात्र र उसले गर्ने संवादको योगमा समाज मनोविज्ञान आएको हुन्छ । यसै योगको सङ्क्षिप्त खोजी तथा चर्चा गर्नु प्रस्तुत शोधको ध्येय रहेको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधपत्रमा मूलतः विजय मल्लको दोस्रो चरण (वि.सं. २०१८-२०३२) का एकाङ्कीमा समाजमनोविज्ञान रहने हुँदा यसका लागि आवश्यक समस्याको उठान गर्नु आवश्यक ठहर्दछ । यसै क्रममा विजय मल्लका दोस्रो चरणका एकाङ्कीमा पाइने समाज मनोविज्ञानको खोजी गर्नका लागि निम्न लिखित समस्या कथन प्रस्तुत गरिएको छ :

१. विजय मल्लको दोस्रो चरणको एकाङ्कीमा सामाजिक संरचना के कस्तो रहेको छ ?
२. विजय मल्लको दोस्रो चरणको एकाङ्कीमा समाजिकीकरण के-कस्तो रहेको छ ?
३. विजय मल्लको दोस्रो चरणको एकाङ्कीमा सामाजिक परिवर्तन के कस्तो रहेको छ ?
४. विजय मल्लको दोस्रो चरणको एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा के कस्ता रहेका छन् ?

## १.३ शोधकार्यका उद्देश्य

प्रस्तुत शोधकार्य समस्याकथनमा उठेका समस्याहरूको समाधानार्थ 'विजय मल्लको दोस्रो चरणको एकाङ्कीमा समाजमनोविज्ञान' को अध्ययन तथा विश्लेषण गर्नका लागि निम्नलिखित उद्देश्यहरू रहेको छ ।

१. विजय मल्लको दोस्रो चरणको एकाङ्कीमा सामाजिक संरचना खोजी गर्नु,
२. विजय मल्लको दोस्रो चरणको एकाङ्कीमा सामाजिकीकरण खोजी गर्नु,
३. विजय मल्लको दोस्रो चरणको एकाङ्कीमा सामाजिक परिवर्तन खोजी गर्नु,
४. विजय मल्लका दोस्रो चरणका एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा खोजी गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नाटककार विजय मल्लको बारेमा हालसम्म विभिन्न प्रयोजनले अध्ययन-अनुसन्धान भएका छन् । मल्लको जीवनी, व्यक्तित्व, कृतित्व हुँदै उनका साहित्यिक रचनामा निहीत प्रवृत्तिको समेत अध्ययन अनुसन्धान विभिन्न तह (स्नातक, स्नातकोत्तर, दर्शनाचार्य, विद्यावारिधि र अन्य) मा भइसकेका छन् र पनि उनीबाट लिखित दोस्रो चरण (वि.सं. २०१८-२०३२) का एकाङ्कीमा प्रयुक्त समाजमनोविज्ञानको विषयमा प्रस्तुत शोधकार्यको प्रस्ताव प्रस्तुत गर्दाको मितिसम्म वैज्ञानिक र व्यवस्थित अध्ययन-अनुसन्धान नभएको हुँदा प्रस्तुत शोध यही विषयमा केन्द्रित रहेको छ । यद्यपि विजय मल्लबाट लिखित दोस्रो चरणका एकाङ्कीमाथि विभिन्न लेखक-विद्वानबाट पुस्तक पत्रपत्रिका आदिमा जे-जति अध्ययन भएका छन् ती अध्ययनलाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

चुडामणि बन्धु *साझा एकाङ्की* (सम्पा. २०३६) का सम्पादक उक्त सङ्कलनको प्रस्तावनामा विजय मल्लका एकाङ्कीमा पाइने केही प्रवृत्तिको उल्लेख गरेको पाइन्छ ।

विजय मल्ल आफैंले आफ्नो नाट्य प्रवृत्ति देखाउँदै *नाटक एक चर्चा* (२०३६) शीर्षकको समीक्षात्मक पुस्तकमा मैले यथार्थवादी-मनोवैज्ञानिक नाटकको स्वरूपलाई परिवर्तन गर्ने कोशिस गरेको हुँ, कटिबद्ध भएर होइन । सामाजिक तत्त्वहरूबिना नाटक सम्भव छैन तर वाह्य यथार्थता मात्र यथार्थ होइन, आन्तरिक यथार्थलाई व्यक्त गर्न खोज्दा सम्भव भएसम्मका उपायहरू प्रयोग गर्न सकिन्छ भनी उल्लेख गरेका छन् ।

गोपीकृष्ण शर्माले *मधुपर्क* (२०४४) मा एकाङ्कीकार विजय मल्लको एकाङ्की 'पुराणको हराएको पाना' को सामान्य चर्चा गरे तापनि यसमा प्रयुक्त समाजमनोविज्ञानको बारेमा कुनै सङ्केत दिएका छैनन् ।

चैतन्य प्रधानले *एकाङ्कीकार विजय मल्ल* (२०४६) शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्रमा 'सत्ताको खोज' शीर्षकको एकाङ्कीका बारेमा चर्चा गर्दै यस एकाङ्कीमा नारी अस्तित्वलाई नारीकै बलिदान भएको परिवेश खडा गरेर नारी समस्यालाई उद्घाटन गरेको छ भनी उल्लेख गरेका छन् । यसरी नै उनले उक्त शोधपत्रमा विजय मल्लबाट लिखित दोस्रो चरणका अन्य एकाङ्कीको समेत सामान्य परिचय प्रस्तुत गरेका छन् ।

केशवप्रसाद उपाध्यायले *नाटकको अध्ययन* (२०६५) शीर्षकको पुस्तकमा 'एकाङ्कीकार विजय मल्ल' शीर्षकमा विजय मल्लबाट लिखित प्रमुख एकाङ्कीहरूको नाम उल्लेख गर्दै त्यसको सामान्य चिनारी दिनुका साथै एकाङ्कीको मूल प्रवृत्तिलाई पनि देखाएका छन् ।

व्रतराज आचार्यले *विजय मल्ल स्मृतिग्रन्थ* (२०६६) नामक पुस्तकमा 'विजय मल्लको उत्तर यथार्थवादी नाट्ययात्रा' शीर्षकको लेखमा विजय मल्लको नाट्ययात्रा २०१८ बाट प्रकट रूपमा नै उत्तरयथार्थवादी बन्न पुगेको देखिन्छ भन्दै विजय मल्लले २०३० भन्दा अघि कङ्काल, (२०१९), कोसँग जुधौं (प्रकाशन २०२२), पत्थरको कथा (लेखन २०२५), पुराणको हराएको पाना (लेखन २०२६), दोभान (२०२७), भोलि के हुन्छ ? (प्रकाशन २०२८) जस्ता उत्तरयथार्थवादी नाट्यकृति रचना गरिसकेका छने् भनी उल्लेख गरेका छन् ।

अविनाश श्रेष्ठले *विजय मल्ल स्मृतिग्रन्थ* (२०६६) नामक पुस्तकमा 'प्रयोगात्मकता' र 'पत्थरको कथा' शीर्षकको लेखमा पत्थरको कथा एकाङ्कीमा पत्थर सजीव मानिसमा फेरिने र सजीव मानिस फेरि निर्जीव पत्थरमा रूपान्तरित हुने जुन स्वैरकल्पनाको कुरा लेखकले गरेका छन् - त्यसको प्रतीकात्मक अर्थ के पनि लाग्दछ भने जुन मानिसको जीवन पाउने उत्कण्ठ र बाँच्ने जिजीविषाको कुनै पराकाष्ठा छैन र ऊ मृत्युको संसारबाट वा पत्थरबाट क्षणिक रूपमा भए पनि जीवनमा फिर्न लालयित रहन्छ भनी उल्लखे गरेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले *विजय मल्ल स्मृतिग्रन्थ* (२०६६) नामक पुस्तकमा 'विजय मल्लको एकाङ्की शिल्प' शीर्षकको लेखमा विजय मल्ला प्रयोगशील एकाङ्कीकार हन् । वस्तु र शिल्पगत नवीनता एवम् प्रयोशीलता पाइने यिनका एकाङ्कीको प्रयोगशीलता वस्तु र सहभागी दुवै क्षेत्रमा पाइन्छ । यिनले आफ्नो एकाङ्कीमा सामान्य र असामान्य दुवै खाले सहभागीको प्रयोग गरेका छन् भन्दै यिनी सहभागीका मनोदशाको उद्घाटन गर्न निकै सिपालु देखिन्छन् । यिनले आफ्ना कतिपय एकाङ्कीमा विकृत मनस्थिति, हिनताबोथ र जटिल मनोग्रन्थी भएका असामान्य सहभागीहरूलाई मुखपात्र बनाई कथ्यलाई गति प्रदान गरेका छन् भनी उल्लेख गरेका छन् ।

यसरी विभिन्न लेखक-विद्वानबाट एकाङ्कीकार विजय मल्लका एकाङ्कीकारिताका सन्दर्भमा आ-आफ्ना अभिव्यक्ति प्रकट गरे तापनि त्यसमा प्रष्ट रूपमा समाज-मनोविज्ञानको धारणा व्यक्त गरेको पाइँदैन । यस सन्दर्भमा विजय मल्लाका दोस्रो चरणका एकाङ्कीमा समाज मनोविज्ञानमा केन्द्रित रहेर प्रस्तुत सोध पत्र तयार गरिएको छ ।

## १.५ अध्ययनको औचित्य

प्रस्तुत शोधपत्रमा विजय मल्लबाट लिखित दोस्रो चरणका एकाङ्कीमा रहेको समाज मनोविज्ञानको खोजी गरी त्यसको बारेमा सत्य-तथ्यको जानकारी दिइएको छ । विजय मल्लका दोस्रो चरणका एकाङ्कीमा रहेको सामाजिक संरचना, सामाजिकीकरण, समाजिक परिर्वतन, सामाजिक संस्कार, संस्कृति, प्रथा, आदिका बारेमा अध्ययन गर्न चाहने पाठक, विद्वान्, समालोचकहरूका लागि महत्त्वपूर्ण हुने भएकाले यसको औचित्य पुष्टि हुन्छ ।

## १.६ अध्ययनको सीमाङ्कन

विजय मल्लले नेपाली साहित्यमा कथा, कविता, उपन्यास, नाटक, एकाङ्की आदि विधामा कलम चलाएका छन् । यस शोधमा विजय मल्लको दोस्रो चरणमा प्रकाशित एकाङ्कीमा समाज मनोविज्ञानको मात्र अध्ययन गरिएको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न प्राथमिक तथा द्वितीय दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसका लागि विजय मल्लबाट लिखित दोस्रो चरणका एकाङ्कीहरूलाई प्राथमिक स्रोतका रूपमा लिइएको भने यी एकाङ्कीका साथमा विजय मल्लका बारेमा गरिएका पूर्व शोधकार्य तथा अन्य सामग्रीलाई शोधको द्वितीय सामग्रीको रूपमा प्रयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको विषयवस्तुलाई संगठित र व्यवस्थित रूप प्रदान गर्नका लागि निम्न लिखति परिच्छेदहरूमा विभाजन गरिएको छ । यस बाहेक अध्ययनका क्रममा आवश्यकता अनुसार शीर्षक, उपशीर्षक पनि दिइएको छ । प्रस्तुत सोधपत्रको परिच्छेदगत ठाँचा यस प्रकार रहेको छ :

१. **पहिलो परिच्छेद** : शोधपरिचय

२. **दोस्रो परिच्छेद** : विजय मल्लको एकाङ्कीमा सामाजिक संरचना

३. **तेस्रो परिच्छेद** : विजय मल्लको एकाङ्कीमा सामाजिकीकरण

४. **चौथो परिच्छेद** : विजय मल्लको एकाङ्कीमा सामाजिक परिवर्तन

५. **पाँचौ परिच्छेद** : विजय मल्लको एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा

६. **छैंठौं परिच्छेद** : उपसंहार तथा निष्कर्ष

शोधको अन्त्यमा सन्दर्भ सामाग्री सूची राखिएको छ ।

# दोस्रो परिच्छेद

# विजय मल्लको एकाङ्कीहरूमा सामाजिक संरचना

## २.१ विषय प्रवेश

मानिस एक सामाजिक प्राणी भएकाले उसको जीवन पर्यन्त ऊ समाजमा बसेर विभिन्न किसिमका सामाजिक व्यवहार गरेको हुन्छ । मानिसको मनोविज्ञानमा उपत्न्न भएका सम्पूर्ण क्रियाकलाप गरिरहेको हुन्छ । यस परिच्छेदमा विजय मल्लका दोस्रो चरणमा प्रकाशित जम्मा १५ वटा एकाङ्की, मध्ये दुई ओटा अप्राप्य छन् । त्यसैले १३ वटा एकाङ्कीको विश्लेषण गरिएको छ । यी एकाङ्कीहरूमा रहेका पात्रहरूले घरपरिवारका साथै समाजमा बसेर गरेको सामाजिक संरचना प्रस्तुत गरिएको छ । यहाँ दोस्रो चरणमा एकाङ्कीहरूमा प्रस्तुत समाज र त्यहाँ कस्तो खालको सामाजिक संरचना देखाउन खोजिएको छ, त्यसलाई पनि प्रष्ट पार्ने काम गरिएको छ ।

समाज सामाजिक सम्बन्धको जालो हो । आजको समाज यति व्यापक एवम् जटिल छ कि यसको समुचित अध्ययनका लागि छोटा एकाइको अध्ययन गर्न जरूरी हुन्छ । कुनै पनि समाजमा धेरै भन्दा धेरै समूह एवम् सङ्गठन दृष्टिगत रहन्छ । सामाजिक समूह, सामाजिक सङ्गठनको अङ्ग हो । समाजमा एकीकरण र विभेदीकीकरणको प्रक्रिया बारम्बार भैरहन्छ । यसको फलस्वरूप ठूला समूह साना समूहमा र साना समूह ठूला समूहमा सङ्गठित हुन पुग्छन् । सामाजिक सङ्गठनको प्रतिक्रिया निरन्तर चलिरहन्छ । एक समाजमा सङ्गठित परिवार, कार्य एवम् अन्य प्रकारका छोटा छोटा समूहमा हुन्छन् । जसको स्वयम् आन्तरिक संरचना हुन्छ । व्यक्तिको सामाजिक व्यवहारमा यिनै विविध समूदाय एवम् सङ्ठनको नियन्त्रण रहन्छ (त्रिपाठी र सिंह, १९८०: २७२) । मरडाँक सामाजिक संरचनाको सम्बन्धमा सामाजिक वैज्ञानिकका दृष्टिकोणमा निम्न लिखित रूप प्रस्तुत गर्दछन् । समुदाय सामाजिक नियन्त्रणको स्थल हो । यसमा व्यक्तिको व्यवहार उसको साथीसँगको आमने सामने सम्बन्धबाट प्रभावित हुन्छ । समुदायमा व्यक्तिले समाजको राम्रो व्यवहार गर्नेलाई पुरस्कृत र विचलित व्यवहार गर्नेलाई दण्डित गर्दछ । वास्तवमा समुदाय एक विशिष्ट सामाजिक समूह हो, जसले सम्पूर्ण संस्कृतिको समर्थन गर्दछ (त्रिपाठी र सिंह, १९८० : २७५) । यसरी समाजको संरचना साना साना समुह र सङ्गठन रहने हुनाले सामाजिक

संरचना भित्रका सबै सदस्यको मानसिकता पनि समाजद्वारा निर्देशित नीति नियमबाट हुने गर्दछ र समाज मनोविज्ञानको रूप धारणा गर्दछ ।

## २.२ समाज एवम् सामाजिक संरचनाका आधारमा विजय मल्लका दोस्रो चरणका एकाङ्कीहरूको विश्लेषण

विजय मल्लले आफ्नो एकाङ्की लेखन यात्राको दोस्रो चरणमा जम्मा १५ वटा एकाङ्कीहरू लेखेका छन् । ती एकाङ्कीहरू *कङ्काल* (२०१९), *जीवन बीमा* (२०२०), *कोसँग जुधौं* (२०२१)?, *शिलाको बङ्गला* (२०२२), *पत्थरको कथा* (२०२५), *पुराणको हराएको पाना* (२०२६), *पाहुना* (२०२६), *सत्ताको खोजमा* (२०२७), *बहुलाहा कहिँको* (२०२७), *मृत्युको छाया मुन्तिरको खोज* (२०२७), *यो किताब नच्यातियोस्* (२०२८), *श्री ५ बडामहाराजधिाज पृथ्वीनारायण शाह* (२०३१), *अन्धाको पनि आँखा खुलेको हुन्छ* (२०३२) हुन् । यी मध्ये *के हुन सक्दैन* र *दोसाध* शीर्षकको एकाङ्की अप्राप्य भएकाले बाँकी १३ वटा एकाङ्कीहरूको सामाजिक संरचनाको आधारमा यहाँ क्रमश विश्लेषण गरिएको छ ।

### २.२.१ 'कंकाल' एकाङ्कीमा सामाजिक संरचना

'कंकाल' एकाङ्की सामाजिक संरचनामा आधारित एकाङ्की हो । यस एकाङ्कीमा रहेका पात्रहरूले समाजमा बसेर सामाजिक क्रियाकलापका साथ साथै पात्र-पात्रहरू बीचको अर्न्तक्रियाका आधारमा त्यहाँको समाज र सामाजिक संरचना के कस्तो छ थाहा पाउन सकिन्छ । एकाङ्कीमा रहेका पात्र युवती विद्यार्थी अर्धबैंसे आइमाई, डाक्टर जस्ता आदिको अर्न्तक्रियाबाट सामाजिक संरचना प्रष्ट हुन आएको छ । एकाङ्कीमा रहेकी मुख्य पात्र युवतीले समाजकै नियम अनुसार सानैमा विवाह भएर पराइको घरमा जानु, ऊ समाजकै रीति रिवाज अनुसार पराइको घर नै उसको घर हुनु, दुलाहा मरेपछि विधवा हुनुपर्ने, विधवाले विवाह गरेमा पाप लाग्ने, जवानी चढेर बैस थपिदै गएपनि आफू बिरामी परेका बेला औषधि गर्न आएको डाक्टरलाई मन पराउनु, विवाह गर्छु भन्न नसक्नु जस्ता घट्ना घटाएर यहाँ एउटा यस्तो समाजको परिकल्पना तयार पारिएको छ जहाँ मानिस सामाजिक प्राणी भएको ऊ समाजमा बस्न मन पराएको तर माजका मानिसका बिचमा कुनै पनि किसिमको मेलमिलाप देखाइएको छैन । एउटै समाजमा रहेका मानिसको फरक फरक सोच भएको संरचना तयार पारिएको छ ।

यहाँ युवतीले आमाको घर छाड्न मानेकी छैन तर आमाले विभिन्न खेलौनाको प्रलोभन देखाएर युवतीलाई पराइ घर जान बाध्य पारिएको छ । अर्धवैसे – नानी तिमी पर जान्छ्यौ ? हात्ती छ त्यहाँ ठूलो १६ बोडे राम्रो बग्गी छ, खेल्ने खेलौनाहरू प्रशस्त छन । ठुलो महल छ र अनगिन्ती नोकर चाकरहरू छन् । त्यस्तो परीको देशमा जान्छ्यौ (उपाध्याय र अन्य (सम्पा) २०४९: ६४) ।

यहाँ विवाह भएर गएपछि केही दिनमै लोग्ने मरेको छ र बाल विधवा बनाइएको छ । जवानी र मन मष्तिस्कले लोग्ने मानिसको साथ खोजे पनि समाजले लोग्ने मानिसको साथ स्वीकार गरेको छैन । समय वित्दै जान्छ । युवती बिरामी हुन्छे । उसलाई औषधि गर्न एउटा डाक्टर आउँछ । दुवैले एक अर्कालाई मन पराउँछन् तर तिनीहरू समाजको डरले गर्दा सफल हुन नसकेको कुरा तलको संवादमा देख्न सकिन्छ :

युवती – तर तिमीलाइ के ले रोक्यो डाक्टर ? के मैले रोकेँ ?

डाक्टर - तिमीले हैन समाजले मलाई रोक्यो समाजको मान्यताले मलाई छेक्यो (केशव प्रसाद उपाध्याय र अन्य (२०४९: ६८) ।

यस एकाङ्कीमा समाज र समाजको मान्यताले कुनै पनि पात्र सन्तुष्ट हुन सकेका छैनन् । उनीहरूको एक अर्कामा मेल छैन । युवतीले वाचुञ्जेल डाक्टरलाई पाउने आशा गुमाएपछि । बाचुञ्जेल त समाजले हामीलाइ एक हुन दिएन तर मरेपछि त हामीलाई कसले रोक्न सक्छ र भनेर डाक्टरको विवाहको दिन चियामा विष राखेर मारेकी छे । आफू पनि पानीमा विष राखेर मरेकी छे । यसरि यस एकाङ्कीको समाज एवम् सामाजिक संरचना यस्तो रहस्यमय देखाइएको छ ।

## २.२.२ 'यो किताब नच्यातियोस्' एकाङ्कीमा सामाजिक संरचना

'यो किताब नच्यातियोस्' एकाङ्की एक नारी मनोविज्ञानमा आधारित एकाङ्की हो । यस एकाङ्कीमा भएका पात्रहरूको अन्तर्क्रियाबाट समाज र सामाजिक संरचना तयार पार्न सकिन्छ । यस एकाङ्कीमा ध्रुवले अङ्ग्रेजी भाषा प्रति अरू मनिसको मोह देख्नु, नेपाली भाषालाई कसरी सरल र स्पष्ट बनाउन सकिन्छ भनेर लागि पर्नु, उसकी श्रीमती बहुलाउन आँट्नु, ध्रुवले जे सुकैं भए पनि शब्दकोश निर्माण गर्ने कुरा व्यक्त गर्नु, मुख्य नारी पात्र

प्रभाको भाइ दिदी बिरामी भएकोमा चिन्ता व्यक्त गर्नु भिनाजुलाई कमाउनु पर्ने सल्लाह दिनु , प्रभाको श्रीमान शङ्करको बहिनी उर्मिला र प्रभाको भाइ मनविच प्रेम पनि टुट्नु लाउनु जस्ता घटनाक्रम यस एकाङ्कीमा रहेको पाइन्छ । यस एकाङ्कीमा भएका पात्र प्रभा, शङ्कर, ध्रुव, मन, उर्मिला जस्ता पात्रको अर्न्तक्रियाबाट जहाँको समाज र सामाजिक संरचना के कस्तो छ पत्ता लगाउन सकिन्छ । समाजमा बसोबास गर्ने मानिसले आफ्नो नेपाली भाषा बिर्सदै गएका छन् । विदेशी भाषाप्रति मोह बढाएका छन् । यसैका कारणले आफ्नो भाषालाई निरन्तरता कायम राख्नको लागि शङ्करले नेपाली शब्दकोश तयार पारेर नेपाली भाषालाई सरल र सहज बनाउने प्रयासमा जुटेको छ ।

शङ्कर – तपाईलाइ थाहा छ, हाम्रा केही विद्वानहरूका मत? उनीहरूलाई यस्तो लाग्दो रहेछ भारतमा जस्तो अङ्ग्रेजी नै नेपालको सरकारी भाषा भए कति जाती हुने थियो ? (मल्ल, २०२८: ५५)

शङ्करको श्रीमती विरामी भएकी छे । आफू बिरामी हुँदा पनि श्रीमान् शब्दकोश तयार गर्न तत्पर रहेकोले शब्दकोशलाई सौता ठानेकी छे । यहाँको समाजमा छोरी चेलीलाई भागेर विवाह गरेपछि माइतीले स्वीकार नगर्नु, चेली मरे सरह मानेको छ । व्यक्ति सामाजिक जालोमा जेलिएको हुन्छ । यहाँका हरेक मानिसका सोच बेग्ला बेग्लै रहेका छन् मानिस समाजमा रहन्छन् तर कसैको कसैसँग सोच मिल्दैन कसैले के चाहन्छ र कसैले के ? यसैको बिचमा जीवन गुजारेको हुन्छ । यस एकाङ्कीमा रहेका पात्र उर्मिला र मनको पनि एक अर्कामा माया प्रेम रहे तापनि दिदी भिनाजुको सम्बन्धले उनीहरूको सम्बन्धमा खटपट आएको छ । यहाँ भाषा प्रेमी, भाषालाई भन्दा आफ्नो प्रेम ठूलो ठान्ने प्रभा पनि अन्तिममा गएर भाषा प्रेमी बनेकी छ । प्रभा– कापी नच्यात्नुहोस्, नच्यात्नोस, लेख्नोस, तपाई लेख्नोस् लौ (मल्ल, २०२८: ६४) !

यस एकाङ्कीमा भाषाप्रतिको मोह, श्रीमती, श्रीमानको माया, युवा युवती बिचको माया भएको समाज एवम् सामाजिक संरचना प्रस्तुत गरिएको छ ।

### २.२.३ 'बहुला काहिँका' एकाङ्कीमा सामाजिक संरचना

यस एकाङ्कीमा रहेका पात्रहरूको अन्तर्क्रियाबाट समाज एवम् यहाँको संरचना बुझ्न सकिन्छ । यहाँका हरेक पात्रहरूले समाजका संरचना झल्काउँछन् । एउटा सद्दे र नौ जवान युवा जो भावी पुस्ताका लागि र गरिब किसानका लागि चिन्तित छ । यसैलाई बहुला बनाइएको छ । समाजको व्यक्ति विनय समाजकै व्यक्तिको सामुन्ने बौलाहा बनाएको छ । समाजले बौलाहा बनाएको छ । विनय एउटा युवा जो भविष्यको देशको कर्णधार र नयाँ पुस्तालाई अडकमाल गरेर हिडिरहेको, देशको गरिब जनता प्रति चिन्तित रहेको छ त्यसलाई समाजमा बसोबास गर्ने आफ्नै आमाले बौलाहा ठहराउनु भएको छ ।

विनय – अँ त मेरो अगाडी थाल थियो । तरकारी भात मसिना चामालका सिताहरू खेलाउँदा खेलाउँदै अकस्मात म मुडमा आएछु । मैले आफ्ना मधेसको गाउँ सम्झे (मल्ल, २०६८: ८९) ।

पत्थरको एकाङ्कीमा श्याम, विनय, उमा, दामोदर, कान्छा, धैर्य, उषा जस्ता पात्रको माध्यमबाट त्यहाको समाज एवम् सामाजिक संरचना बनाइएको छ । यहाँ विनयले शहरमा बसेर आनन्दीको जीवन जिउन सकेको छैन । गाउँ घरमा प्रशस्त सम्पत्ति छ । किसानले दुःख गरेर उब्जाएमो खाना विनयले बसी बसी खाँदाँ उनीहरूको करङ चपाएको अनुभव गर्छ । तर आमा श्यामाले छोरालाई बौलाहा भन्छिन् । उषाले विनय बौलाएकोमा नजिक जान डराँउछिन् । यस एकाङ्कीमा भएका पात्र सबै समाजमै रहेका छन् तर कसैको कसैसँग विचारको मेल भएको छैन । श्यमाको भनाइबाट थाहा हुन्छ कि गरिबलाई कजाएर खानुमा पहिला देखिनै मानिस असन्तुष्ट छ तर उसले केही गर्न सकेको छैन । जसले सत्य कुरा गर्छ त्यो तितो मानेर बौलाहा बनाइएको छ ।

श्यामा – यस्ता बहुलाहरू । यिनीहरू सब बहुलाउँछन् । ल कुमारसँग पोइला जा भन्ने भएको बहिनीलाई, बहुला सिल्लड । बाजे बराजु हेरेको पनि कही हुन्थ्यो ? (मल्ल, २०६८: ७६)

यहाँ दाइ विनयले बैनीलाई पढेलेखेको केटा हेरेको तर आमा श्यामा धन सम्पत्ति प्रशस्त भएको व्यक्तिलाई छोरी दिन चाहन्छिन् । यहाँको समाज नोकर चाकर राख्ने धनी व्यक्ति आरामको जीवन विताउन चाहने र नयाँ पुस्ताले स्वीकार्न नसकेको देखाइएको छ ।

विनय– कुमार गतिलै पनि छ । पढेलेखेको छ र भविष्य उसको उज्यालो पनि छ । तर आमाले कुनै सरदार नाम घारी विपुल सम्पत्ति शाली, कुलीन मुर्ख पुत्रलाई दिन चाहनुहुन्छ । (मल्ल, २०६८: ९१) यहाँ समाजको असल काम गर्न चाहने विनयलाई सिल्लडको उपज दिएको छ । यस एकाङ्कीमा यस्ता किसिमका समान एवम् सामाजिक संरचनाको परिकल्पना गरिएको छ ।

## २.२.४ 'जीवन बिमा' एकाङ्कीमा सामाजिक संरचना

'जीवन बिमा' एकाङ्की सामाजिक विषयवस्तुमा आधारित एकाङ्की हो । यस एकाङ्कीमा पात्रहरूले समाजमा रहेर गर्ने सामाजिक क्रियाकलापका साथसाथै पात्र पात्रहरूको अन्तर्क्रियबाट समाज एवम् सामाजिक संरचना थाहा पाउन सकिन्छ । सामाजिक संरचना समाजमा रहेको स्थिति हो । यस एकाङ्कीमा रहेर पात्र रामप्रसाद, कृष्ण, कान्ता, सुप्रभा, वीरवहादुरको अन्तर्क्रियाबाट त्यहाँको समाज र सामाजिक संरचना छुट्याउन सकिन्छ । एकाङ्कीमा रामप्रसाद जीवन बिमा कम्पनीको एजेन्ट हुनु, कान्ता जस्ता आधुनिक युगका पात्रले विश्वास नगर्नु, कृष्णले पृथ्वीको सर्त भए जीवन बिमा गर्ने ग्यारेन्टी राख्नु, वीर बहादुरले रामाप्रसाद नभएको भए आफू नोक्सानमा जाने का बताउनु जस्ता क्रियाकलापले यहाँको समाजका मानिसहरूल सामाजिक सुरक्षा चाहन्छन् तर सामाजिक सुरक्षामा विश्वास गर्न चाहदैनन् कोही हुनै नसक्ने प्रश्न खडा गरेर टार्ने गर्दछन् भन्ने देखाइएको छ । रामप्रसाद जस्तो समाजको सुरक्षाको लागि अगाडि बढ्ने पात्रलाई कसैले विश्वास नगर्ने, कसैले विश्वास गरेर फाइदा पाएको कुरा गरेबाट के बुझिन्छ भने समाजमा विभिन्न सोच भएका व्यक्तिका पनि फरक फरक क्रियाकलाप र आचरण फरक पाइन्छ ।

यहाँ यस्तो समाजको परिकल्पना गरिएको छ जहाँ मानिस मरेर गएपछि उसले आफ्नो क्षतिपूर्ति पाउन सकोस् । मानिस सधैँ डर र त्रासमा ध्वंस बाँचेको छ । यहाँ पृथ्वीमा बसोबास गर्ने मानिसले यस्ता विनाशकारी बमहरू बनाएका छन् । मानिसले नै यो पृथ्वीको

सुरक्षा गर्न सक्छ । मानिसले समाजमा जीवन बिताउँथे तर समाजको इच्छा विपरीत काम पनि गर्दछ भन्ने कुरा तलको संवादमा प्रस्ट पार्न खोजिएको छ :

रामप्रसाद – अनिश्चित छ, व्यय छ, दुर्घटनाहरू छन् - यसैको संरक्षण त मानिसलाई चाहिन्छ । तपाईले ठिक भन्नु भयो (मल्ल, २०६८: १५६) ।

कृष्ण : यही सङ्कट त आजको धरतीको छ । तपाई आकस्मिक मृत्युको इन्सुरेन्स गराउन सक्नुहुन्छ । मानिसको इन्सुरेन्स होइन यस पृथ्वीको यस धरतीको पहिले ग्यारेन्टी दिनोस् यति वर्ष सम्म रहन्छ भन्ने (मल्ल, २०६८: १५७) ।

यस एकाङ्कीमा छोरी मानिसले टाइपिस्ट जस्ता मान देखिन्छन् भन्ने समाज पनि रहेको छ । नारीलाई वेवास्ता गर्ने समाज पनि रहेको पाइन्छ ।

राम : जताततै टाइपिस्ट मात्र देखिन्छन् सिहंदरबार मन्त्रालयमा त उनीहरू खचाखच भरिइसके (मल्ल, २०६८: १४३) ।

### २.२.५ **'कोसँग जुधौँ' एकाङ्कीमा सामाजिक संरचना**

'कोसँग जुधौँ' एकाङ्की सामाजिक विषयवस्तुमा आधारित एकाङ्की हो । यस एकाङ्कीका पात्राहरूका माध्यमबाट समाजको संरचना बुझ्न सकिन्छ । यसमा एउटा यस्तो समाजको परिकल्पना गरिएको छ जहाँ पत्नी मरिसकेकी पति ब्रेन ट्यूमर भएर मर्ने अवस्थामा पुगेको छ । छोरा भुवन, छोरी शान्ता टुहुरा हुन पुग्नु स्थिति सिर्जना गराइएको छ । एक सामान्य आर्थिक अवस्थामा भएको पारिवारिक संरचना कायम गराएर उसको दयनीय स्थिति सिर्जना उत्पन्न गराइएको छ । यहाँ आफ्नी पत्नी मरेपछि पनि पत्नीको वियोगमा पति तड्पिएको छ । आमाले पटक पटक विवाह गर्न भन्दा पनि विवाह गर्न नमानेको तिलकमान मर्ने बेलामा सबैलाई खुसी देख्न पनि चाहेको छ । समाजमा रहेर मानिसले सामाजिक व्यवहार अनुरूप आफूलाई ढाल्ने गर्दछ । आफ्नो मनभित्र जस्तो पिडा भए तापनि उसले अरूको ओठमा मुस्कान देख्न चाहेको छ । विक्रमको मनोविज्ञानले आफ्नी श्रीमती मरेर गए पनि उसले फोटो हेरेर यथार्थ बताएको छ । शारदा मेरो आँखा यति धमिलिसक्यो कि तिमीलाई म स्पष्टसँग देख्न पनि सक्दिंन । म आफ्नो सम्झनाको भरमा तिम्रो चित्र उतारेर तिमीलाई हेरिरहेछु । भर्खर डाक्टरले भनेको सुनिहाल्यौ, मेरो आँसु अब

कतिको छोटो छ - कतिको छोटो । आजै सम्मन बाँचुला या भोलिसम्म ……… । (मल्ल, २०६८: ११०)

मुटु भरि चोट व्यथा र आँसु लिएर पनि आफ्नी मरेर गएकी पत्निलाई सबै कुरा बताएर मन हल्का बनाएको सामाजिक संरचना प्रस्तुत गरिएको छ भने उता जिउदा र बाँचेका परिवारलाई भने विक्रमले आफू सन्चो भएको विश्वास दिलाउन कोसिस गरेको छ ।

विक्रम - कस्तो लाटो रहेछ ! भर्खर डाक्टर आएको थियो थाहा छैन, उल्ले के भन्यो म ठीक भइसकेँ रे, थाहा पायौ ? (मल्ल २०६८: ११२)

यहाँको समाजमा रहेका पात्रहरू एक अर्काका विचार सँग अन्जान छन् । समाजमा मानिस बाँच्छ र बाँचुञ्जेल उसले खुसी देख्न चाहन्छ । मानिसको जीवनको केही भर छैन जतिबेला पनि कालले लैजान सक्छ । तसर्थ बाँचुन्जेल सबैलाई खुसी बनाउनुपर्छ भन्ने रहेको छ । मानिस सामाजिक प्राणी भएकाले समाजविना उसको जीवन सम्भव छैन । त्यसैले यस एकाङ्कीमा समाजको खुसीमा आफू खुसी हुनुपर्छ भन्ने समाजको परिकल्पना गरिएको छ ।

### २.२.६ 'शिलाको बङ्गला' एकाङ्कीमा सामाजिक संरचना

'शीलाको बङ्गला' एकाङ्कीमा राणा खानदानको परिवेश देखाइएको छ । यहाँ २००७ सालमा प्रजातन्त्र आउनुभन्दा पहिले कस्तो सामाजिक संरचना थियो र अहिले कस्तो छ भन्ने कुरा यस एकाङ्कीमा भएका पात्रहरूको माध्यमबाट पाउन सकिन्छ । यहाँका पात्रहरू समाजमा बसेर के कस्ता समाजको संरचना बताएका छन् भन्ने कुरा यस एकाङ्कीमा भएका पात्र पात्रहरूको अन्तर्क्रिया र उनीहरूको क्रियाकलापले बताएको छ ।

'शीलाको बङ्गला' एकाङ्कीमा शीला राज परिवाकी छोरी हुन् । यहाँको २००७ साल भन्दा पहिलाको सामाजिक संरचना सयौं नोकर चाकर राख्ने, सर्वसाधारण मानिसलाई मन नपराउने, आफ्नो भोग-विलासीको लागि भारतबाट मानिस मगाएर रमाइलो गर्ने, सामान्य जनताका कुरा नसुन्ने, देशको पैसा जति आफ्नै स्वार्थका लागि खर्च गर्ने जस्ता प्रवृत्ति रहेको पाइन्छ भने २००७ सालमा प्रजातन्त्र आएपछि पनि शीलाको मुमा र दाजुले आफ्नो यश आराम बिर्सन सकेका छैनन् । उनीहरूको अवस्थालाई जनताले घुँडा टेकाए

पनि फेरि त्यही आरामको जिन्दगी बाँच्न बाहिर निस्कन चाहेका छैनन् । शीलाः अँ हो भुइँचालो जस्तैमा तर ९० सालको भुइँचालोमा हैन कि सात सालको भुइचालोमा । तपाईले त यो पटङ्गिनीमा भत्केको घर मात्रै देख्नुभयो । (मल्ल २०३४: ६६) यसरी प्रजातन्त्र आउँदा त्यहाँको समाजमा भुइँचालो आएजस्तै मानसिक, सामाजिक रूपमा क्षत विक्षत भएका छन् ।

शीलाको दाइ विनोद शमशेर राणा आफ्नो जीवन भोग विलासी जीवन बिताउन चाहन्छ । ऊ सँग पैसा नभए पनि घर बेचेर पनि रक्सी पिउन छाडेको छैन भने शीलाको मुमालाई पहिले गरिने आदर सत्कार चाहिएको छ । शीला : तपाई अदब सँग उठेर हजुर भनेर बोल्नुस् है । बातै पिच्छे के मर्जी भो ? बुझे हजुर भनेर कुरा गर्नुहोला है (मल्ल, २०३४:७०) । यसरी यस नाटकमा रहेको सामाजिक संरचना आफू तल्लो स्तरमा आएपनि ठूला बडाहरू झुक्न नचाहेका कुरा देखाइएजस्तो छ । शीला सर्वसाधारण मानिसले जस्तो, त्यो वङ्गला छाडेर सानो घरमा बस्न चाहेकी छिन् तर उनको त्यो सपना पनि पुरा हुन सकेको छैन ।

## २.२.७ 'पत्थरको कथा' एकाङ्कीमा सामाजिक संरचना

'पत्थरको कथा' एकाङ्की सामाजिक विषय वस्तुमा आधारित एकाङ्की हो । यस एकाङ्कीमा भएका पात्रहरूको अर्न्तक्रियाबाट त्यहाँको समाज एवम् सामाजिक संरचनाको स्थिति बुझ्न सकिन्छ । यस एकाङ्कीमा एउटा यस्तो समाजको परिकल्पना गरिएका छ जहाँ धनी र सम्पन्नशाली मानिसले समाजमा रहेर सामाजिक कार्यमा बाधा पुऱ्याइएको छ । त्यहाँ विपिन, ज्वाला, कृष्ण, श्रीकान्त, रघुविर, शत्रुध्वन जस्ता पात्र खडा गराएर समाजको चित्रण गरिएको छ । यस आराम र भोग विलासमा जीवन बिताउन चाहन्छ । उसले पहिलो, दोस्रो गरी तेस्रो सम्म विवाह गरेको छ । गाउँमा असल काम गर्ने श्रीकान्तलाई नराम्रो काम गरेको आरोप लगाएर मारिन्छ । श्रीकान्तः मैले न किसानहरूलाई उचालेको थिएँ न बिपिन बाबुसँग मेरो कुनै सम्बन्ध थियो । (मल्ल २०६८: ८)

यहाँ समाजमा व्यक्ति सामाजिक कार्य गर्दा कोही असल र कोही खराव उनीहरूको मनोविज्ञान अनुसारको कार्य गर्दछ । मानिसले काम जहिलेसम्म जिवित रहन्छ तबसम्म मात्र गर्न सक्छ मानिसले समाजमा बाँचुन्जेल मात्रै सामाजिक कार्य गर्न सक्छ तसर्थ मानिस असल कार्यमा सरिक हुनुपर्छ । मालिकले भनेको नोकरले आर्दश मान्ने र एउटा युवतीको

लागि घरपरिवार पनि पार्न सक्ने सामाजिक संरचना गरिएको छ । मानिस नै समाजमा असल कार्य र मानिस लेनै दुष्ट कार्य गर्दछ । यो पृथ्वीको संरक्षण गर्ने र विनास गर्न सबै मानिस हो भन्ने कुरा पनि छलङ्ग पारिएको छ । मानिस असन्तुष्टि प्राणी हो । उसले समाजमा रहेर आफ्नो स्वार्थका लागि फुल जस्ता बच्चाको पनि हत्या गर्न पछि पर्दैन । ज्वालाः रघुवीर, मेरा ती फुल जस्ता कलिला बच्चाहरू कल्पेर मरे होलान्,, उफ ! (मल्ल, २०६८: ८)

यस एकाङ्कीमा आइमाईलाई भोग्या वस्तु, सम्फिने, घरमा नोकर राख्ने, समाजमा असल काम गर्नेलाई फँसाएर गलत बनाउने जस्ता समाजको रचना गरिएको छ ।

## २.२.८ **'सत्ताको खोज' एकाङ्कीमा सामाजिक संरचना**

'सत्ताको खोज' एकाङ्कीमा पात्रहरूको परस्पर अन्तरक्रियाको माध्यमबाट यहाँको सामाजिक संरचना थाहा पाउन सकिन्छ । यस एकाङ्कीमा दुईओटा युवती मोना र शिला गाउँबाट पढ्न भनेर शहर काठमाडौं छिरेका छन् । यिनीहरू आफ्नो पढाइको सिलसिलामा काठमाडौंमा कोठा नपाइने समस्या, भए पनि राम्रो र आफूले भने जस्ता साना साना समाजमा घट्ने गरेका पनि घट्ना देखाइएको छ । समाजमा जब एउटी छोरीको जन्म हुन्छ, पछि जवान हुँदा कस्तो महसुस हन्छ समाजले कुन नजरमा हेर्छ धन्ने कुरा पनि देखाइएको छ । मीना : तिमी पनि कहिलेकाहीँ कस्तो केटाकेटी कुरा गर्छ्यौ त्यसरी अक्षता छरेर होइन बुझ्यौ बरू मायाको स्वाङ रचेर प्वान्ट सुटमा कसिएर सुकुल गुन्डाहरूले लैजालान नानी ! (मल्ल, २०६८: ९५)

यस एकाङ्कीमा साना साना कुरादेखि लिएर नारी जीवनको महत्वपूर्ण कुरा नारी अस्मिताको कुरा समेत उठाएको छ । यहाँको समाज स्थिर र गतिशील दुवै किसिमको छ । जीवनका क्षणमा आइपर्ने सामनासँग नडराउने मिना जस्ता पात्र र साना कुरामा डराउने शीला दुवैको संगोजन गरेर सामाजिक विषवस्तु प्रस्तुत गरिएको छ । छोरा छोरीलाई घरदेखि बाहिर पढ्न पढाउने एउटा सभ्य समाजको परिकल्पना पनि गरिएको छ । त्यस्तै गरेर पहिले पहिले समाज जस्तो जो नोकर चाकर कजाएर हरूवा चरूवा राख्ने चलनको समाज पनि निर्माण गरिएको छ ।

शीला : यहाँको भरियाहारू पनि गजबका छन् । कस्तो फूर्ति लाउँछन् हेर न । हाम्रो गाउँ तिर भए त्यस्तो भन्न सक्थे ?

त्यति वेलाको समाजमा मालिक भनाउँदाहरूले नोकरलाई कजाएर खाने र मालिकले बसी बसी खाने गरेको सङ्केत पाउन सकिन्छ । यस एकाङ्कीको समाज एवम् सामाजिक संरचना छोरी मान्छे भएर निहुँ खोज्ने काम गर्नु हुँदैन कसैसँग झगडा गर्नु हुँदैन, इज्जतमा धकका पुग्छ भन्ने रहेको छ। यसमा एउटा छुट्टै समाजको परिकल्पना गरिएको छ । नारी अस्मिता र नारी अस्तित्वको लागि नारीले आफ्नो ज्यान मारेकी छिन् ।

तिलक : किन तिमीले मलाई अपराधी ठहऱ्यौं ? जवाफ देऊ प्रमिला ! आज तिमी स्पष्ट रूपमा मेरो अगाडि खडा भएकी छौं । तिमीले किन आत्म हत्या गऱ्यौं ?

यस एकाङ्कीमा तिलकमान आफ्नो श्रीमतीको आत्महत्या प्रति पश्चतापमा परेको छ । यहाँ नारी बाँचुन्जेल नारीलाई भोग्या वस्तु ठान्नु, नारीलाई खान लाउन दिने ठूलो कुरा सम्झनु, नारीको इच्छा र चाहनालाई वेवास्ता गर्नु, पुर्खाले नारी भोग्या वस्तु मान्नु, त्यही परम्परा लितकमानले स्वीकार्नु जस्ता घट्ना, शृङखला देखाइएको छ । यस्तै कार्य व्यवहारले गर्दा उर्मिलाले आत्महत्या गरेकी छ ।

उर्मिला : म स्वास्नी मानिस हुन पाएकी छैन, मेरो घाँटी अठ्याइएको छ, कानुनले व्यवस्थाले । (मल्ल २०६८: १०६)

### २.२.९ 'मृत्युको छायामुन्तिर खोज' एकाङ्कीमा सामाजिक संरचना

'मृत्युको छायामुन्तिर खोज' एकाङ्कीमा पात्रहरूले आफ्नो अन्तरक्रियाबाट समाजको संरचना प्रस्तुत गरेका छन् । यहाँ सुँशिला, प्रदिप, नरेश, मथुरा, सुरेश जस्ता पात्रहरू रहेका छन् । प्रदिप सुरेश डाक्टरलाई भेट्न आउँदा सुशिला रेडियो ट्यून गर्नु ध्यानले आदर सत्कार भुल्न गएकी, प्रदिपले सुशिलालाई सत्कार नगरेकोमा गुनासो व्यक्त गरेको छ । यहाँ पाहुना आउँदा आदर गर्ने समाजको संरचना गराइएको छ । प्रदिप : नेपाली गीत सुन्न लग्यौ ? यो के कम उन्नति हो ? तर अर्को कुरामा चाहिँ अपमानित गरिछौ नि ! आचार र शिष्टाचारको ! (मल्ल २०६८: १२५) मथुराको श्रीमती बिरामी हुनु, अस्पताल भर्ना गर्नु, सुरेश डाक्टरले आफ्नो सेवा नै धर्म हो भन्नु, प्रदिप साहित्यकार हो भने मथुरा चित्रकार हो,

उसले आफ्नी श्रीमती बिरामी भएदेखि राम्रा खालका चित्रको कल्पना पनि गर्न सकेको छैन । उसले आफ्नी श्रीमती बिरामी भएदेखि आफ्नो चित्रकला उतार्न खोज्दा मात्र श्रीमतीको भय नै भयले भरिपूर्ण आँखा देख्न पुग्छ । मथुरा : मलाई त्यही स्मृतिले लखेट्छ, त्यही वातावरण त्यही रङ्ग त्यही आकाश अनि अभिसामा त्यही उतार्न वस्छु तर उत्रदैन किन, त्यो नीलो आकाशको रङ्ग अनि तिनको आँखाको भाव भङ्गिमा त्यो सुकुमार छाला जसलाई त्यतिका पल्ट मुसारिसकेँ (मल्ल, २०६८: १२९) । यस एकाङ्कीमा एक इमानदार डाक्टरको कल्पना गरिएको छ । जहाँ उसको गल्तीले मथुरो पत्नी मरेकी छैन । रोगै पत्ता नलागेर मरेकी छ तर आफूले मैले मारेँ भन्दे पश्चतापमा जलेको छ ।

सुरेश : मैले जुन डाइगनोसिस गरेको थिएँ, जे रोगको अप्रेशन गरेको थिएँ, बुझ्यौ त्यो रोग सहित अर्कै भिन्नै रोगको उपस्थिति पाइयो (मल्ल, २०६८: १३६) ।

यहाँ नरेश सिभिल इन्जिनियर पढेर समाजको हित हुने काम गरेको छ । सामाजिक सेवामा समर्पित हुनुपर्छ भन्ने समाजको संरचना पनि यहाँ गरिएको छ । यस एकाङ्कीमा मानिस मरिसकेपछि पनि इमानदार डाक्टरले रोग पत्ता लगाउने कोसिस गरेको छ । समाजमा डाक्टरले विरामीको उपचार गर्दा गर्दै पनि रोग पत्ता नलागेर कति मानिस मृत्युको मुखमा पर्न बाध्य भएका रोगी प्रति गतिलो प्रहार गरेको छ । डाक्टर सामाजिक सेवामा समर्पित हुन्छन् । उनीहरू आफ्नो कार्यमा सफल हुन निरन्तर प्रयास गर्छन् । यस्ता देवतामाथि मानिसले नराम्रो दृष्टि राख्न सक्छ भन्ने खालका समाज एवम् सामाजिक संरचनाको कल्पना गरिएको छ ।

### २.२.१० 'पुराणको हराएको पाना' एकाङ्कीमा सामाजिक संरचना

'पुराणको हराएको पाना' एकाङ्कीमा भएका पात्रहरूको परस्पर अन्तर्क्रियाबाट त्यहाँको सामाजिक संरचना के कस्तो छ चिन्न सकिन्छ । यस एकाङ्कीमा पहिलो, दोस्रो आइमाई, कोमल, चेतना, सूर्य, मन, राशी, पाले, गङ्गा, जस्ता पात्रहरू रहेका छन् । यिनीहरूको एक आपसको अर्न्तक्रियाबाट यहाँको समाज प्रस्तुत गरेको छ ।

यहाँ पहिले धनी र सम्पन्नशाली परिवारले नोकर चाकर राख्ने समाज रहेको छ । यस्ता व्यक्ति पढेलेखेका र सभ्य नभएकाले हाम्रा पुरातात्विक सामानहरू लोप हुँदै गएको

कुरा पनि व्यक्त गरिएको छ । पहिलेका मानिसका घरहरूमा भनौं वा सङ्ग्रहालयमा पुराना तर महत्त्वपूर्ण सामाग्री प्रशस्तै भएको तर कोही बढार्ने मानिस आएर फालेको कुरा यसरी व्यक्त गरिएको छ ।

पहिले : कति पढार्नु ? जति मिल्काए पनि शताब्दी शताब्दीको फोहोर (मल्ल, २०२८: ८३) ?

यस एकाङ्कीमा यस्तो समाजको परिपकल्पना गरिएको छ, जहाँ नबुझेका, नपढेका, अनपढ पात्र खडा गराएर हाम्रो देशमा पुराना तर अति महत्त्वपूर्ण वस्तु हराएको आरोप पनि लगाइएको छ । आइमाई : फोहोर थाहा छ तपाईहरूलाई के माटोको ट्याबलेट जसमा सहस्र वर्ष अगाडिको इतिहास लेखेर कोरिएका छन् के त्यो फोहोर हो (मल्ल, २०२८:८५) ? यसमा पुरा कथालाई नाटकीय रूप दिँदै शताब्दी शताब्दी देखिको महत्त्वपूर्ण वस्तु खोजी गरिएको पाइन्छ । यहाँ कोमल, चेतना, सूर्य जस्ता पात्रका माध्यमबाट इतिहासमा भएका कुरा सम्हालेर राख्नुपर्ने कुरा व्यक्त गरिएको छ, भने गङ्गा र शान्तको संवादबाट गंगालाई आफ्नो बच्चा फाल्नुपर्ने श्राप दिएका प्रसङ्ग ल्याएर पुरातात्विक सामग्री खेर फालेको सङ्केत गरिएको छ ।

यस एकाङ्कीमा एउटा यस्तो समाजको परिकल्पना गरिएको छ यहाँ इतिहासको संरक्षण गर्न खोज्ने शान्तलाई बौलाहाको सङ्केत दिइएको छ । हाम्रो देशमा भएका पुरातात्विक सामाग्रीको संरक्षण नहुनुको कारण यस्तै लापरवाहीले हो । त्यतिबेला यश आरामको जिन्दगी बिताउने मानिसहरूले थाहै नपाई सामान मिल्काउँदा पुरातात्विक सामग्री हराएको समाजको चित्रण गरिएको छ ।

## २.२.११ 'पाहुना' एकाङ्कीमा सामाजिक संरचना

'पाहुना' एकाङ्कीमा रहेका पात्रहरूको परस्पर अर्न्तक्रियाले त्यहाँको समाजको चित्रण बताउने गर्दछ । पात्रहरू बिचको संवादबाट समाज र सामाजिक संरचना पत्ता लगाउन सकिन्छ । 'पाहुना' एकाङ्कीमा दिलमाया र सान्नानी कसैको घरमा कार्य गर्ने नोकर हुन्छन् । उनीहरूको मालिक र मालिक्नीले पाहुना आउँछन् घर सफा गर्ने क्रममा घरका कुना काप्चा सफा गर्दै छन् । कृष्ण फलफुल लिन गएको छ । घरमा पाहुना आउने

तरखरमा लागि परेका छन् । दु:साः लौ यो दिलमाया, सिगरेट केस ! यसमा सिगरेठ टम्म भरेर राख (मल्ल, २०३४: २२) । मानिसको क्रियाकलापबाट थाहा पाइन्छ कि त्यहाँको समाजमा रक्सी पिउने, सिगरेट खानो पाहुनालाई भगवानको रूप सम्झने गरेका छन् । हाम्रो समाजमा विभिन्न किसिमका मनोविज्ञान भएका मानिसहरू बसोबास गर्छन् । उनीहरू समाजमा बसेर सामाजिक कार्य गरे तापनि समाजको व्यक्तिसँग विचार मिल्न गएको पाइदैन ।

प्रस्तुत एकाङ्कीमा पाहुनाको प्रतिक्षा गर्दा गर्दै एउटा बौलाहा बनेर पाहुनाको प्रवेश गराइएको छ । पाहुनालई मृत्यु, सपना र भविष्यको सङ्केत पनि गरिएको छ । हाम्रो समाजमा जस्ता खालका पनि पाहुना आउने गर्छन । हामीले आँखा चिम्लेर तिनीहरूको विश्वास गर्नु हुदैन । उनीहरू जस्तो सोच र मनासाय लिएर पनि आएका हुन्छन् । उनीहरूलाई चिन्न सक्नुपर्छ भन्ने कुरा पनि प्रष्ट पार्न खोजिएको छ । एउटा सम्पन्नशाली परिवारमा नोकर चाकरलाई घर सजाउन लगाएको, मालिक सुरेन्द्र एक्कासी सञ्चो नभएको, बाहिर बौलाह र मृत्यु बेच्न आएको कुरा व्यक्त गरेको, मृत्यु नबेची नजाने कुरा पनि गरेको प्रसङ्ग एकाङ्कीमा प्रस्तुत गरिएको छ । यसबाट कस्तो समाजको परिवेश बुझ्न सकिन्छ भने मानिस एक सामाजिक प्राणी हो । जीवनभर उसले सम्पति कमाउँछ । धेरैसँग झैं झगडा गर्छ तर जाने बेलामा एक्लै र केही नलिएर जानुपर्छ । हामीकहाँ मृत्यु पनि पाहुना बनेर आउने गर्छ र हामीलाई लिएर जान्छ । मृत्युले कसैलाई भेदभाव गर्दैन । मृत्यु कसैले पैसाले किन्न बेच्न सक्दैन भन्ने कुरा तलको संबादले प्रस्ट पारेको छ ।

सुरेन्द्र : त्यसो भए तँलाई सपना बेच्न आएको त्यो, शम्भु ! मलाई मृत्यु (मल्ल २०३४: १६) ।

यसरी यसमा पाहुनाको स्वागत गर्ने तयारीमा बसेका परिवारले मृत्यु सामना गर्नु परेको देखाइएको छ ।

### २.२.१२ **'अन्धाको पनि आँखा खुलेको हुन्छ' एकाङ्कीमा सामाजिक संरचना**

'अन्धाको पनि आँखा खुलेको हुन्छ' एकाङ्कीमा एकाङ्कीकार मल्लले पात्रहरूको अन्तर्क्रियाबाट थाहा पाउन सकिन्छ कि यहाँको समाज एवम् सामाजिक संरचना कस्तो छ ?

यहाँ कल्पना, नरेन्द्र, शुष्मा, गम्भिर, शिला जस्ता पात्र उपस्थित गराएर त्यहाँको समाज एवम् सामाजिक संरचना प्रस्तुत गरेका छन् । यहाँको घट्ना शृङखलाले गर्दा २००७ सालको क्रान्तिबाट मानिस कति दुःखी र पिडित थिए भन्ने कुरा पनि प्रष्ट गरेको छ । एकाङ्कीमा देशमा भएको क्रान्तिले नेपालमा बाँच्न नसकेर विदेशिन बाध्य भएका नेपालीहरूको मर्माहत घटना प्रस्तुत गरिएको छ ।

यहाँ पात्र नरेन्द्र इन्जिनियर पढेर शान्तिको देश लुम्बिनीमा काममा जाने भएको छ । कल्पना र नरेन्द्रको प्रेम रहेको तर दिदी शुष्मा आँखा नदेख्ने भएर अप्रेशन नगर्दासम्म कल्पना र नरेन्द्र एक हुन नसक्ने बताइएको छ । नेपालको क्रान्तिले श्रीमती शीला पनि छोरा छोरीको उज्वल भविष्य र आफ्नो आर्थिक उन्नतिको लागि अमेरिका जाने निर्णयमा खुसी भएको कुरा यसरी व्यक्त गरिएको छ :

शीला : एकजनाले भन्थ्यो – त्यो हाडे मुलुक हो, यहाँ हाड चुसेर के पाइन्छ । मासु खाने हो भने विदेश अमेरिका (मल्ल, २०३४: ५४) ।

यस अर्थमा त्याहाँको २००७ सालको समाजमा मानिसले राम्रो प्रगति गर्न विदेश जानु पर्ने । नेपालमा बसेर नेपालीको भविष्य उज्वल नरहेको बताइएको छ । यतिबेला समाजमा मानिस रहे तापनि एउटै समाजका मानिसमा पनि फरक सोच र धारणा पाउने कुरा पनि व्यक्त गरिएको छ । कल्पना अन्धी दिदीको साहारा बन्नु र नरेन्द्रले पनि कल्पनाको दिदीको अप्रेशन नहुदा सम्म कल्पनाको प्रतीक्षामा वस्ने, एक अर्कामा माया र सद्भावको समाज सिर्जना गराइएको छ । उज्ज्वल दाइ जो आफ्नो देशको निम्ति बलिदान दिएर गएका छन् भने आँखा नदेख्ने शुस्मा पनि आफ्नो देशको प्रगतिमा उज्वल दाइको अनुहार देख्ने कुरा स्पष्ट पारेका छन् ।

शुष्मा : विश्वको विकासमा उहाँ भन्नुहुन्थ्यो आफ्नो देशको सेवा मरिमेट्नु नै मानव धर्म हो । देशका प्रत्येक उन्नतिमा उहाँहरू बाँचिरहेका होइनन् र (मल्ल, २०३४: ५२) ?

यस एकाङ्कीमा अन्धाले पनि देशको उन्नति, प्रगति पर्खिरहेका छ तर गम्भिर दाइजस्ता पात्रले देश छाड्ने कुरा गरेर देशको निम्ति चिन्ता गर्ने मानिस मर्न पुग्छ , अन्धो हुन्छ तर सद्धे र साङ्ग व्यक्ति विदेश पलायन हुने समाजको चित्रण पनि गरिएको छ ।

देशको सद्दे मानिस पलायन हुने समाजको पनि चित्रण गरेको छ । देशका सद्दे मानिस भए शुष्माको जवाफ यस्तो छ (मल्ल, २०३४: ५२) ।

यस्ता अन्धाको महान विचारले गम्भिर दाइ जस्ता व्यक्ति विदेश पलायन हुनबाट रोकिएका छन् र फेरि सम्पन्न र प्रगतिशील समाजको जन्म हुने आशा राखिएको छ ।

### २.२.१३ 'श्री ५ बडामहाराधिराज पृथ्वी नारायण शाह' एकाङ्कीमा सामाजिक संरचना

'श्री ५ बडामहाराज पृथ्वीनारायण शाह' एकाङ्कीमा नाटकमा रहेका पात्रहरूको पारस्परिक सामाजिक अन्तर्सम्बन्धबाट यहाँको समाज एवम् सामाजिक संरचनना के कस्तो छ थाहा पाउन सकिन्छ । यो एकाङ्की पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने सम्बन्धमा रचना गरिएको छ । एकाङ्कीमा रहेका पात्रहरूले त्यहा विभिन्न क्रियाकलाप गरेका छन् । यही क्रियाकलाप नै सामाजिक संरचना हो ।

यस एकाङ्कीमा पृथवीनारायण शाह मुख्य पात्र रहेका छ भने त्यहा रहेका दिग्बन्धन, कालु, खड्का रणजित मल्ल, जय प्रकाश जस्ता पात्रहरूले समाजको संरचना प्रष्ट पारेका छन् । यहाँको समाजमा एउटा राष्ट्र भाव बोकेको व्यक्तिको चर्चा गरिएको छ । तत्कालीन समयमा नेपाल विभिन्न खण्डहरूमा विभाजित थियो । त्यही समाजका विभिन्न राम्रा नराम्रा व्यक्तिको आचरणसँग जुध्नु परेको कुरा उल्लेख गरिएको छ । पृथ्वीनारायणले राजा दिग्बन्धन लाई हतकडीमा राखेर आफ्नो जालमा पारेका छन् । त्यहाँको समाजमा राजा विष्णुका अवतार भएकाले हत्या गर्न नहुने धोका दिने धोके वाजहरूलाई सजाय दिने, कसैको बोली वचन सहन नसक्ने, क्षमा माग्नेलाई माफ गरिदिने, बिवाह गर्ने बिवाहमा अपमान गरेकोमा दुलही नलिई फर्किने, देशको रक्षाको लागि विदेशी व्यक्ति ल्याएर होइन आफ्नै देशका व्यक्ति मिल्नु पर्छ भन्ने समाजको संरचना गरिएको छ ।

पृथ्वी : दिम्बन्धन सेन यस्तो चोट पुऱ्यानु भाछ तपाईले यस छातीमा, म जीवन भर विर्सन सक्दिन त्यसालाई (मल्ल २०३४: ८६) ।

यहाँको समाजमा समाजका कोही व्यक्तिले केही कुरा भन्यो, नराम्रो वचन लगायो भने त्यसलाई बिर्सन गाह्रो हुने कुरा बचाइएको छ । यहाँ विवाह गर्न जाँदा ज्वाइँलाई नराम्रो

आरोप लगाएर निकाला गरिएको छ । तर ज्वाइँले सभ्य व्यवहार गरेर केही नबोली दिनै नसक्ने दाइजो मागेर दुलही नलिई घर फर्किएका छन् ।

## २.३ निष्कर्ष

व्यक्तिले समाजमा बसेर सामाजिक क्रियाकलाप गर्ने गर्छ । मानिस समाजमा रहेर सामाजिक क्रियाकलाप गर्ने क्रममा त्यहाँका समाज र सामाजिक संरचना थाहा पाउन सकिन्छ । विजय मल्लका दोस्रो चरणका १३ वटै एकाङ्कीमा त्यहाँको समाजको संरचना देखाइएको छ । एाकङ्कीमा रहेका पात्रहरूको अर्न्तक्रियाले समाजको चित्रण गरेको छ । यस चरणमा रहेका एकाङ्कीहरूमा विभिन्न खालको समाजको परिकल्पना गरिएको छ । कोही समाजको डरले बाँच्न भन्दा मर्न वेश ठान्नेहरू छन् भने कोही मर्न भन्दा बाँच्नका लागि सङ्घर्ष गरेका छन् भने कोही बाँच्न नपाएर तड्पिएका छन् ।

समाजमा रहेरे सामाजिक कार्य गर्ने क्रममा कसैले समाजको हित चाहेका छन् भने कसैले समाजको दुर्दशा गराएका छन् । समाजमा रहेर सामाजिक कार्य गर्दा पात्रहरूका क्रियाकलापबाट विभिन्न विभेद पनि देखा परेका छन् । विजय मल्लका दोस्रो चरणमा रहेका एकाङ्कीमा विशेष गरी *कंकाल, जीवन विमा को सँग जुधौँ, सत्ताको खोज, पुराणको हराएको पाना* जस्ता एकाङ्कीमा समाजको चित्रण प्रस्ट रूपमा पाउन सकिन्छ । *जीवन विमा* एकाङ्कीमा रामप्रसाद जस्ता पात्रले समाजमा रहेर समाजमा रहेका व्यक्तिको जीवन बिमा गराएर सामाजिक हितको काम गर्न खोज्नु, *कंकाल* मा एउटी युवती विधवा भएपछि समाजले अर्को विवाह स्वीकार नगरेको कारणले गर्दा मृत्युको मुखमा पर्नु, *सत्ताको खोजमा* नारीको हक अधिकारका लागि प्रमिलाले आत्म हत्या गर्नु जस्ता घटना क्रमले त्यहाँको समाजको चित्रण गरेका छन् ।

# तेस्रो परिच्छेद

# विजय मल्लका दास्रो चरणका एकाङ्कीहरूमा सामाजिकीकरण

## ३.१ विषय प्रवेश

समाज जस्तो छ, व्यक्तिको विकास पनि त्यही अनुसार हुन्छ र समाजको नियमअनुसार व्यक्ति चल्नु नै सामाजिकीकरण हो । सामाजिकीकरण प्रक्रियाले व्यक्तिलाई समाजको सदस्य बनाउनुका साथै समायोजित पनि गर्दछ । विजय मल्लका दोस्रो चरणको एकाङ्कीहरूमा पात्रहरू सामाजिकीकरण प्रक्रियाद्वारा नाटकीय समाजमा समायोजित हुनुका साथै त्यही समाजका सदस्य भएका छन् । सामाजिकीकरण प्रक्रियामा व्यक्ति सामाजिक समूहको सदस्य हुँदा उसलाई सामाजिक नियमले प्रभावित पार्नुका साथै व्यक्तिमा समाजमा घुलमिल हुने विकास पनि गराएको हुन्छ । विजय मल्लको दोस्रो चरणका एकाङ्कीहरूमा पात्रहरूको अन्तर्क्रियाबाट उनीहरू कसरी समाजमा समायोजित हुन सकेका छन् भन्ने कुरा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

व्यक्तिलाई सामाजिक प्राणी बनाउन सिकाउने प्रक्रियालाई सामाजिकीकरण भनिन्छ । व्यक्तिको सामाजिकीकरण मुख्य तथा सामाजिक सिकाइमा निर्भर रहन्छ । सामाजिक सिकाइबाट नै व्यक्ति समाजको सम्पर्कमा आउँछ र विभिन्न सामाजिक रीतिरिवाज, प्रचलन, नियम, आदिको ज्ञान प्राप्त गरी सामाजिक प्राणी बन्दछ (त्रिपाठी र सिंह, १९८०: १५६) । मानव संसारमा जिवीत अवयवको रूपमा मानिस पशु सरह जन्म लिई आउँछ । ऊ विस्तारै भाषा सिक्दै समाजमा घुलमिल हुँदै आफ्ना इच्छा, चाहना र आवश्यकतालाई अभिव्यक्ति गर्दै जान्छ । समाजका अन्य सदस्यसँग सम्बन्ध गर्दै सामाजिक रूपमा काम गर्न र सोच विचार गर्न पनि सिक्दै जान्छ । व्यक्तिको सामाजिकीकरण मुख्य तथा सामाजिक अधिगम या समाजमा सम्पर्कमा आउने र विभिन्न सामाजिक रीतिरिवाज, प्रचलन नियम इत्यादिको अधिगमद्वारा सामाजिक प्राणी बन्दछ (त्रिपाठी र सिंह, १९८०: १५७) ।सामाजिकीकरण भनेको व्यक्ति समाजमा जन्म लिन्छ, समाजमा हुर्कन्छ, बढ्छ र समाजका संलग्न रहदै एक अर्का प्रति सामाजिक भावना प्रकट गर्नु हो ।

### ३.२ सामाजिकीकरणका आधारमा विजय मल्लका दोस्रो चरणका एकाङ्कीहरूको विश्लेषण

विजय मल्लले आफ्नो दोस्रो चरणको एकाङ्की यात्रामा रहेका १५ वटा एकाङ्कीहरूमध्ये प्राप्य १३ वटा एकाङ्कीको यहाँ सामाजिकीकरणको आधारमा विश्लेषण गरिएको छ ।

#### ३.२.१ 'कंकाल' एकाङ्कीमा सामाजिकीकरण

'कंकाल' एकाङ्कीमा रहेका पात्रहरूको अन्तर्क्रियाबाट उनीहरूको सामाजिकीकरण प्रक्रियालाई देखाउँछ । सामाजिकीकरण प्रक्रिया अन्तर्गत समाज जस्तो छ, व्यक्तिको विकास पनि त्यसै अनुसार हुन्छ । यस एकाङ्कीमा रहेका पात्रहरू पनि नाटकीय समाज अनुसार सामाजिकीकरण भएका छन् । परम्परा अनुसार बाल विवाह हुनु, छोरी भएर जन्म लिई सकेपछि पति घरलाई आफ्नो घर सम्झन पर्नु, विधवा हुनु, विधवा भएपछि सेतो कपडा लगाउनु पर्ने, चुरा फोर्नुपर्ने, अर्को विवाह गर्नु पाप लाग्ने जस्ता कुराहरू एकाङ्कीमा आएका छन् । एकाङ्कीमा समाजमा बसेका सामाजिक प्राणी मानिसले आफ्नो मान्यता भन्दा समाजको मान्यतालाई बढी स्वीकार गरेका छन् । समाजकै मान्यता वहन गर्ने क्रममा विधवा युवतीलाई डाक्टरले मन परायता पनि आफ्नो बनाउन नसकेको कुरा यसरि प्रस्तुत गरिएको छ ।

युवती : सुन्नुभयो उसलाई समाजको कानुनले रोक्यो रे, मेरो विधवा पनले रोक्यो रे (उपाध्याय, र अन्य, २०४९: ६८) ।

सामाजिकीकरणले गर्दा समाजको रहन सहन अनुसार चलेर मानिसलाई सामाजिक प्राणीबाट सामाजिकीकरण बनाइदिन्छ । सामाजिकीकरणको प्रभावले डाक्टरले विधवा युवतीलाई आफ्नो बनाउन सकेको छैन र विधवा युवतीलाई विवाह गरिदिन हुन्न भन्ने कुरा युवतीको दाइमा पनि रहेको छ। जवान युवती विधवा बहिनी घरमा हुँदा हुँदै पनि डाक्टरको अन्तै केटी खोज्ने र विवाह गरिदिन थाल्नु यही सामाजिकीकरणको प्रभाव मानिन्छ । मानिस समाजमा रहन्छ तर समाजका हरेक व्यक्तिका चाहना फरक हुँदा हुँदै पनि समाजकै नियम अँगाल्ने काम गरेको पाइन्छ ।

डाक्टर : एक दिन मैले निश्चय गरेको थिएँ, म तिमीलाई भन्दछु र दूर देशमा तिमीलाई लैजानेछु (उपाध्याय, र अन्य, २०४९: ७०) ।

यहाँ डाक्टरले युवतीलाई गहिरो प्रेम गरे तापनि उसले भन्न नसकेर असफल भएको प्रेमप्रति पश्चताप व्यक्त गरेको छ ।

### ३.२.२ **'यो किताब नच्यातियोस्' एकाङ्कीमा सामाजिकीकरण**

'यो किताब नच्यातियोस' एकाङ्कीमा रहेका पात्रहरूको अर्न्तक्रियाबाट यसमा भएको सामाजिकीकरण थाहा पाउन सकिन्छ । यस प्रक्रियामा एकाङ्कीका पात्रहरूले समाज जस्तो छ त्यस्तै अनुरूप कार्य व्यवहार गर्दछन् । सामाजिकीकरणका आधारमा यस एकाङ्कीमा शङ्करले आफ्नी/श्रीमती बिरामी हुँदा ख्याल नगरेर भाषाको माया गरेर शब्दकोश निर्माण गर्न लाग्नु, नेपाली जनताको जिब्रोमा लसपसिएको अङ्ग्रेजी भाषा देखेर समाजको चाहना अनुरूप सरल नेपाली शब्दकोश निर्माणमा तल्लीन रहनु, उसकी श्रीमतीले शब्दकोशलाई आफ्नो सौताको रूप मान्नु, साथी ध्रुवले जे जस्तो समस्या आए पनि शब्दकोश निर्माण गर्न नछाड्न आग्रह गर्नु, उर्मिला बहिनीले पनि आफ्नो प्रेम त्यागेर दाइको शब्दकोश तयार पार्नेमा साथ दिनु र शङ्करकी श्रीमतीले पनि पछि आएर शब्दकोश निर्माण गर्नु प्रेरित गर्नु जस्ता घटना क्रमले सामाजिकीकरणको भाव बोकेका पाइन्छ ।

जस्तो किसिमको समाज छ व्यक्ति त्यस्तै अनुरूप ढाल्नु नै सामाजिकीकरण हो । यहाँ विदेशी भाषाको मोहले मानिस तानिएपछि समाजकै चाहना अनुरुप शङ्कर नेपाली भाषा सरल र सहज बनाउन लागेको छ ।

शङकर : कला र विज्ञान सम्बन्धी सब शब्द, सबले पाऊन, नेपाली राष्ट्रिय भाष मात्र होइन, विचारको माध्यम पनि हुन सक्छ भन्ने दिग्गज, मेधावी, विद्वानहरूलाई पनि लागोस् (मल्ल, २०२८: ५५) ।

यहाँ समाजको चाहना अनुसार पात्रहरू परिवर्तित हुँदै गएका छन् । मन र उर्मिलाको प्रेम सम्बन्ध आफ्नै दाजुको कारणले त्याग्न पुगेकी छे । दाइको अपमान गर्ने सँग प्रेम गर्न सक्दिन भन्ने उर्मिलाको दाइको शब्दकोश तयारीमा साथ दिन्छे, शङकरको साथी

ध्रुवले पनि शब्दकोशमा निरन्तर लाग्नुपर्ने सल्लाह दिएको छ र अन्त्यमा शङकरकी श्रीमती पनि समाजकै चाहना अनुरूप शब्दकोश लेख्न आग्रह गरेकी छ ।

प्रभा : तपाई कापी नच्यात्नोस्, नच्यात्नोस्। मेरो मगज (मल्ल, २०२८: ६४) ।

### ३.२.३ 'बहुला कहिँका' एकाङ्कीमा सामाजिकीकरण

'बहुला कहिँका' एकाङ्कीमा रहेका पात्रहरूको अन्तर्कियाबाट यसमा भएको सामाजिकीकरण पत्ता लगाउन र बुझ्न सकिन्छ । सामाजिकीकरणद्वारा कुनै पनि व्यक्ति सामाजिक समूहको सदस्य बन्दछ । यस एकाङ्कीमा रहेको पात्रहरू उमा, श्यामा, विनय, उषा आदि पनि नाटकीय समाजका सदस्य बन्दछन् र उनीहरूले नचाहाँदै नचाहाँदै पनि सामाजिक कार्य गरेर समाजमा घुलमिल हुन पुग्दछन् । श्यामा पुरानो पुस्ताकी विनयकी आमा हुन् । उनले समाजको नियम विपरीत आफूले काम पनि गरेकी छैनन् र छोरा छोरीलाई पनि गर्न दिन चाहान्नीन् । उनको आफ्ना पढेलेखेका छोरा विनय र छोरी उमाले जति सुकै सत्य कुरा गरे पनि सामाजिकीकरणको कारणले त्यसबाट बाहिरिन सकेकी । श्यामा : यसरी लुगा लगाएर ठाँटिएर (कङ्केर) मैले तिमीलाई भन्या हैन, मलाई नसोधी बाहिर ननिस्कनू (मल्ल, २०६८: ७२) । श्यामाले आफ्ना बाबु बाजेले जे गरे त्यही गर्ने टन्न सम्पत्ति छ बसी बसी खाने भन्छिन् तर विनयले अरूलाई कजाएर होइन आफैँ मिहिनेत गर्नुपर्छ भन्ने सोच राखेका छन् ।

मानिस समाजमा जन्मन्छ, हुर्कन्छ । यदि त्यो व्यक्ति समाजको चाहना अनुरूप चल्न सकेन भने समाजले त्यसलाई बौलाहा बनाउँछ । उसको नजिक जान डराइन्छ । उसको क्रियाकलाप अनौठो लाग्छ । विनय – मलाई त्यसैले हाँसो उठ्छ, त्यसैले त हाँस्छु, म बहुला रे, किनभने थाहा छ तिमीलाई मैले आमाको कुरा मानिन रे, कति सजिलो हगि ? आफ्नो आज्ञा पालन नगर्नेलाई बहुला सम्झनु (मल्ल, २०६८: ८७) ।

यस एकाङ्कीमा सामाजिकीकरण प्रक्रिया समाजको नियमअनुसार व्यक्ति चल्नै पर्छ र यदि उसले समाजको नियम उल्लङ्घन गऱ्यो भने बौलाहा ठहरिन्छ र उसलाई कसैले साथ दिँदैन भन्ने कुरा पनि बताउन खोजिएको छ ।

### ३.२.४ 'जीवन बिमा' एकाङ्कीमा सामाजिकीकरण

'जीवन बिमा' एकाङ्कीमा रहेका पात्रहरूको अन्तर्क्रियाबाट सामाजिकीकरण प्रकृयालाई देखाउँछ । सामाजिकीकरण द्वारा कुनै पनि व्यक्ति सामाजिक समूहको सदस्य बन्छ । यस एकाङ्कीमा समाजमा रहेर मानिसले कस्ता काम गरेर समाजमा घुलमिल हुन सक्छ भन्ने कुरा देखाइएको छ । यहाँ रामप्रसाद, जगतलाल, कान्ता, सुप्रभा कृष्ण जस्ता पात्रहरू उपस्थित गराएर प्रत्येक मानिस सामाजिक कार्य गरेर सामाजिकीकरण प्रक्रियामा समावेश हुन्छन् भन्ने कुरा प्रष्ट पार्न खोजिएको छ । रामप्रसाद समाजमा जीवन बिमा सम्बन्धी कार्य (सामाजिक कार्य) गरेर समाजमा घुलमिल हुन पुगेको छ । समाजमा यस्ता सामाजिक कार्य गर्ने व्यक्तिलाई कान्ता जस्ता पात्रले गाली गरेर दलालको उपमा दिइएको छ । यहाँ रामप्रसाद जस्ता सामाजिक कार्य गर्ने व्यक्तिको साथ दिने बिमा गराएर जीवन रक्षा हुने वीर जस्ता पात्र पनि रहेका छन् र पृथ्वीमा हुनै नसक्ने कुरा गर्ने कृष्ण जस्ता पात्र उपस्थित गराइएको छ । एउटै समाजका सदस्य भए पनि विचारसँग मेल खाएको पाइन्न यस्तो मेल भए पनि मानिस समाजमा घुलमिल भएर बाँच्छ । कृष्ण जस्ता पात्रले रामप्रसादले गरेको जीवन विमा सम्बन्धी काममा अझै सुधार ल्याएर पृथ्वीको ग्यारेन्टी गर्ने कुरा व्यक्त गरेको छ । यहाँका सबै पात्रहरूले सामाजिकता वहन गरेका कुरा तलको प्रसङ्गबाट प्रस्ट हुन्छ :

वीर : सपना त मेरो ठूलो छ । दस हजार कामदारलाई रोजगारी दिऊँ भन्ने करौडौंको प्रडक्सन बढाउ भन्ने (मल्ल, २०६८: १५८) । समाजमा हुने गरेका र भय र त्रासले भरिएका समाजमा जीवन बिमा गरेर राहत पाउने कुरा रामप्रसादले गरेको छ ।

राम : इन्सोरेन्समा तपाईको यसमा रूचि उत्पन्न गर्न सके तपाई इन्सुरेन्स गराउनुहोला । व्यक्तित्वमा के आइपर्छ के दुर्घटना घटिरहन्छ, के यी सबका निमित्त समयमा नै सुरक्षा गरि राख्नु बुद्धिमानी हो । होइन त भन्नोस (मल्ल, २०६८: १४५) ।

यहाँ प्रत्येक पात्रहरूले समाजमा रहेर घुलमिल हुन चाहेका छन् । एक अर्कामा मानसिक सोच नमिले पनि एक अर्कासँग रहेर बाँच्ने प्रयास गरेका छन् ।

### ३.२.५ 'कोसँग जुधौँ' एकाङ्कीमा सामाजिकीकरण

'कोसँग जुधौँ' एकाङकीमा रहेका पात्रहरूको अन्तर्क्रियाबाट यहाँको सामाजिकीकरण बुझ्न सकिन्छ । यहाँका पात्रहरू समाजमा रहेर समाजको चाहाना अनुरूप सामाजिक उत्तरदायित्व बहन गरेर आफू स्वयम् सामाजिक वस्तु बनेका छन् । यस एकाङ्कीमा विक्रम मुख्य पात्र रहेको छ । स्वयम् सामाजिकीकरणको भूमिका निर्वाह गरेको छ । आफू जस्तो समाजमा जन्म लियो उस्तै समाजमा घुलमिल भएर सामाजिक कार्य गर्नको निम्ति आफ्नो मनोविज्ञानको प्रयोग गरेको छ । ऊ आफू मृत्युको मुखमा पुग्न लागेको अवस्थामा पनि आफन्तहरू खुसी देख्न चाहान्छ । समाजमा समायोजन भएर समाजको इच्छा अनुरूप अर्को विवाह गरेर छोराछोरीलाई खुसी दिन सहमत भएको छ । उता आमा, छोरा, छोरी उसलाई ब्रेनट्यूमर छ भन्ने थाहा पाएर चिन्तामा हुँदा पनि आफ्नो झुठो आस्वासनमा राखेर खुसी राख्न चाहेको छ । यहाँ डाक्टरले भनेको कुरा स्वीकार गर्दै आफ्नो नियतिलाई अँगाल्न पुगेको छ । उसकी स्वास्नी मरेको धेरै समय विति सक्दा पनि फोटो हेरेर आफ्नो मनोविज्ञान खोतल्न पुगेको छ । झुट बोलेरै भएपनि उसले परिवारमा खुसी सामेल गराउन चाहेको कुरा तलको संवादमा प्रस्तुत गरिएको छ ।

प्रतिभा : के भुवनले भनेको कुरा साँचो हो ? के तपाईले राम्ररी आँखाले देख्न थाल्नु भो?

विक्रम : कस्तो प्रश्न गर्छ्यौ ? देख्न नथालेको भए भुवनलाई किन त्यसो भनी पढाउँथ्यो ? राम्ररी देख्न थालिसकें मैले (मल्ल, २०६८: ११४) ।

'कोसँग जुधौँ' एकाङ्कीमा समाजमा समायोजन हुनका निम्ति र समाजको चाहना अनुरूप रहन आफ्नै घरपरिवारमा क्षणिक खुसी दिलाउनु पर्ने व्यक्त गरिएको छ ।

### ३.२.६ शीलाको बङ्गला' एकाङ्कीमा सामाजिकीकरण

'शीलाको बङ्गला' एकाङ्कीमा रहेको पात्रहरूले उनीहरूको पारस्परिक अन्तर्क्रिया र क्रियाकलापले त्यहाँको सामाजिकीकरण बताएको छ । यस एकाङ्कीमा रहेका पात्रहरू त्यहाँको समाजमा बसेर सामाजिकीकरण गरेका छन् । यस एकाङ्कीमा शीला, मोहन, विनोदशमशेर, सुसारे, जमुना रानीसाहेव जस्ता पात्रहरू उपस्थित छन् । एकाङ्कीमा रहेका पात्रहरूले समाजमा रहेर सामाजिकीकरण गर्ने प्रयास गरेका छन् ।

शीला राणा खानदानकी छोरी हुन् । उनी २००७ साल पछिको राणा परिवारकी छोरी हुन् । उनले सर्वसाधारण परिवार जस्तै आफूलाई पनि समाजमा समायोजन गराउन चाहेकी छन् । रानी साहेव भने २००७ सालअघि नै समाजमा समायोजन हुन चाहेको कुरा व्यक्त गरिएको छ । रानी साहेव : म यहाँबाट जाँदा के, पटाङ्गिनीमा कसैलाई देखेजस्तो पो लाग्यो । सेतो लुगा लाएको त्यही सेतो भूत त्यस्तो देखे भने सधैँ घरलाई फापेको हुन्छ ( मल्ल २०३४: ७४) ।

रानी साहेवलाई आफ्नो पुरानो वङ्गलामा भएको आनन्द जिन्दगीबाट उम्केर जान गाह्रो भएको छ भने उता विनोद शमशेर प्रजातन्त्र आएपछि पनि विलासी जीवन बिताउने वहाना खोजी रहेको छ ।

विनोदशमशेर : आज  अखबारमा छापिएको छ, लडाईँ सुरू हुन्छ, विश्व युद्ध हुन्छ संसार ध्वस्त हुन्छ, पृथ्वी फुटेर चकनाचुर हुन्छ (मल्ल, २०३४: ७९) ।

उसले समाजमा समाजयोजनका लागि विभिन्न वहाना खोजेको छ भने कृष्ण जस्ता पात्रले खानको लोभमा उक्साएर समाजमा मिल्न पुगेको देखिन्छ । मोहन सर्वसाधारण हो, उसले पनि पृथ्वी ध्वस्त हुने भए म विवाह गर्छु भनेर समायोजन हुन खोजेको कुरा व्यक्त गरिएको छ । यसरी यस काङ्कीमा रहेका पात्रहरू समाजमा सामाजिकीकरणका लागि एक अर्कामा द्वन्द पनि भएको देखाइएको छ ।

### ३.२.७ 'पत्थरको कथा' एकाङ्कीमा सामाजिकीकरण

'पत्थरको कथा' एकाङ्कीमा जिउँदा मानिस मरेपछि पत्थर बन्नु आगाडि समाजमा रहदा समाजमा समायोजन हुनका लागि के कस्ता कार्य गरेका थिए,  तिनै विषयवस्तुलाई प्रष्ट पार्न खोजिएको छ । यस एकाङ्कीमा रहेका पात्रहरूले समाजमा बसेर कस्ता कस्ता सामाजिक कार्य गरेर समाजमा समायोजित हुने कार्य गरे भन्ने कुरा उल्लेख गरिएको छ ।

एकाङ्कीमा रहेका पात्रहरू विपिन, ज्वाला, कृष्णा, रघुवीर आदिले समाजमा समायोजन हुने कार्य गर्दागर्दै पनि मृत्युको मुखमा पर्न बाध्य छन् ।

ज्वाला : विपिन जसले मलाई फकाईफुलाई घर लगेथ्यो, एक दुई छोराछोरीको आमा हुने विक्तिकै अहो (मल्ल, २०६८: ४) !

विपिन एउटा सम्पन्न परिवारको मानिस हो उसले समाजमा आइमाईलाई भोग्या सम्झने र नोकर चाकरलाई नराम्रो नराम्रो कार्य गर्न लगाएर नयाँ केटीसँग लाग्ने गरेको छ । श्रीकान्त एउटा मास्टर उसले समाजमा समायोजन हुनका लागि असल शिक्षा प्रदान गरेको छ  तर उसलाई फँसाएर मार्न लगाइएको छ । ज्वाला विपिनकी जेठी श्रीमती हुन । उनी बच्चा र लोग्नेको मायामा रमाउँदा रमाउँदै थाहै नदिई हत्या गराइएको छ । यहाँ समाजमा मानिस समायोजन हुने र समाजको चाहना अनुरूप कार्य गर्दै जाने कुरा व्यक्त गरिएको छ ।

रघुवीर सिंह : यी हातले अरू कस्ता कस्ता अपराध गरेका छन् । मालिकका कुरा नमाने वापत गाउँ जलाइदिएको छु  (मल्ल, २०६८: ५) ।

मानिस सामाजिक वस्तु हो तर समाजमा रहेर पनि समाजको बर्बादीको लागि अनेक कार्य गर्दै आएको कुरा पनि व्यक्त गरिएको छ । मानिस सामाजिक वस्तु भएकाले बाँचुन्जेल समाजमा रहे तापनि मरे पछि एउटै समाजमा समायोजन हुन पुगेको छन् ।

रघुवीर सिंह : विपिन बावु सुन्नोस ! तपाई आरामसँग बस्न सक्नु हुन्छ । बरू के भने, पृथ्वीमा जस्तो ठूलो घर पाउनु हुन्न । न शासन गर्नलाई यहाँ रैती दुनिया नै पाउनु हुन्न (मल्ल, २०६८: १५) ।

### ३.२.८ 'सत्ताको खोजमा' एकाङ्कीमा सामाजिकीकरण

'सत्ताको खोजमा' एकाङ्की सामाजिक विषयवस्तुमा आधारित एकाङ्की हो । यस एकाङ्कीमा भएका पात्रहरूले यहाँको सामाजिकीकरण प्रष्ट पार्दछन् । यस एकाङ्कीमा भएको पात्रहरूको अन्तर्क्रिया र परस्पर सम्बन्धले सामाजिकीकरण छर्लङग पार्ने काम गर्दछ ।

'सत्ताको खोजमा' एकाङ्कीमा भएका पात्रहरू तिलकमान, शीला, मीना रहेका छन् । यहाँका पात्रहरू सामाजिक विषयवस्तुमा आधारित छन् । यिनीहरू समाजमा समायोजन

हुनका लागि सामाजिक कार्य गर्दछन् । तिलकमान श्रीमती मरेको लोग्ने मानिस हो । उसले गरेका सामाजिक कार्यबाट आफू पश्चातापमा परेको छ ।

तिलक : के म मात्र अपराधी थिएँ ? के हजारौँ मनुष्यहरू थिएनन् , जसले कानुन र व्यवस्था बनाए ! आइमाइको अपमान उनीहरूले गरे कि मैले ? (मल्ल, २०६८: १०७)

यस एकाङ्कीमा पात्रहरूको समाजसँग समायोजन हुने अर्थात् सामाजिकीकरण गर्ने सोच फरक रहेको छ । मीना शीला जवान युवती हुन् । उनीहरू समाजमा छोरी पनि पढेर आफ्नो सत्ता खोज गर्न सक्छन् भन्ने विचारमा अडिग छन् । उता प्रमिला समाजमा आफूलाई समायोजन गर्न नसकेर आत्म हत्या गर्न विवश भएकी छन् । तिलकमान आफू जस्तो समाजमा हुर्क्यो बढ्यो र सिक्यो उस्तै व्यवहार आफ्नी पत्नीलाई गरेको छ । तिलकमानको सामाजिक समायोजनबाट प्रमिलाको हत्या हुन पुगेको छ । मानिस सामाजिक प्राणी हो तर ऊ समाजमा घुलमिल हुन सकेन भने बाँच्न सक्दैन । प्रमिलालाई स्त्री भोग्य वस्तु हुन भन्ने ठानिएको छ । तसर्थ यस्तो स्त्री भोग्या समाजमा बाँच्न नसकेर प्रमिलाले आत्म हत्या गरेकी छन् ।

प्रमिला : म स्वास्नी मानिस हुन पाएकी छैन, मेरो घाँटी अठ्याइएको छ कानुनले, व्यवस्थाले (मल्ल, २०६८: १०६) ।

उता तिलकमान आफ्नै समाजको चाल चलनले समायोजित भएको छ । उसको सामाजिकीकरणले गर्दा आफ्नी स्वास्नी टाढा टाढा भएकी छ । यसमा भएका पात्र मीना र शीलाले समाजको चाहना अनुरूप घरदेखि टाढा काठमाडौँ गएर कोठा खोजेर पढ्न बसेका छन् । उनीहरूले सामाजिक समायोजनको लागि सङ्घर्ष गरेका छन् ।

### ३.२.९ 'मृत्युको छायामुन्तिर खोज' एकाङ्कीमा सामाजिकीकरण

'मृत्युको छायामुन्तिर खोज' एकाङ्की सामाजिक एवम् मनोविज्ञानमा आधारित एकाङ्की हो । यसमा भएका पात्रहरूको परस्पर अन्तक्रियाबाट त्यहाँको समाज र सामाजिकीकरण बुझ्न सकिन्छ । यस एकाङ्कीमा रहेका पात्रहरू सुशिला, प्रदीप, मथुरा, नरेश, डाक्टर, सुरेश सबैले सामाजिक कार्य गरेर सामाजिकीकरण  बहन गरेका छन् ।

प्रस्तुत एकाङ्कीमा मुख्य रूपमा नेपाली संस्कार, नेपाली जनताको नेपाल प्रतिको देशभक्ति प्राविधिक क्षेत्रमा नेपालको स्थितिलाई देखाउन खोजिएको छ । सुशिलाले रेडियो ट्रयुनिङ घुमाएर बस्नु, प्रदिपले आफ्नो संस्कारलाई विर्सन हुँदैन भनी सुशीलालाई जानकारी गराउनु , नरेशले न्युक्लिएर फिजिक्स पढ्ने इच्छा हुँदाहुँदै विभिन्न परिस्थितिका कारण इन्जिनियरिङ पढ्नु, नरेश जाने बेलामा उसकी भाउजुले सगुन दिनु, जस्ता क्रियाकलापहरू समाजमा समायोजन हुने खालका छन् । यस एकाङ्कीमा चित्रकारले चित्र कोरेर सात्यिकारले साहित्य रचना गरेर र इन्जिनियरले मुल वाटो निर्माण गरेर समाजमा समायोजन भएका छन् ।

प्रदीप : अविरल खोज र परिश्रमले मानिसहरू गुलावाका फूलभन्दा अझ राम्रा शक्ति पत्ता लगाउँदै जान्छन् (मल्ल, २०६८: १३) ।

यस एकाङ्कीमा भएका पात्रहरूले समाजमा समायोजन हुनुका निम्ति सामाजिक कार्य गरेका छन् । सुशिलाले प्रदीपको आदर सत्कार गरेकी छ, प्रदीपले साहित्य जगत्मा योगदान दिएको छ भने नरेशले समाज सेवाको कार्य गरेको छ र डाक्टरले बिरामीको उपचार गरेर समाजमा समायोजित हुने काम गरेको छ । डाक्टर सुरेश एक असल र योग्य डाक्टर भए तापनि मथुराका स्वास्नी बिरामी पर्दा अप्रेशन गरेर पनि बचाउन सकेको छैन । त्यसैले ऊ मथुराकी स्वास्नी मरेर गएपनि उनको मृत्यु पछि पनि को पत्ता लगाउने काम जारी राखेको छ ।

सुरेश : हो, म मान्दछु त्यो रोग नै नयाँ हो, जसको ज्ञान मेडिकल साइन्सलाई भर्खर भइरहेछ  (मल्ल, २०६८: १२७) ।

यहाँ समाजको सामाजिकीकरणका लागि मानिस निरन्तर काममा लागि पर्छ भन्ने कुरा पनि प्रष्ट पार्न खोजिएको छ ।

### ३.२.१० 'पुराणको हराएको पाना' एकाङ्कीमा सामाजिकीकरण

'पुराणको हराएको पाना' एकाङ्कीमा पुरा कथामा आधारित एकाङ्की हो । यस एकाङ्कीमा भएका पात्रहरूको माध्यमबाट यहाँको समाज र समाजका व्यक्तिले समाजमा रहेर गरेका क्रियाकलाप थाहा पाउन सकिन्छ । यसमा रहेका पात्रहरू पहिलो, दोस्रो,

आइमाइ, कोमल, चेतना, सूर्य, शशी, मन, शान्त गङ्गा आदि मार्फत त्यहाँको समाज र समाजमा समायोजन हुनका लागि गरेका सङ्घर्ष थाहा पाउन सकिन्छ ।

पहिलेका समाजका व्यक्तिहरू पढेलेखेका नभएका अनि आफ्ना पुरातात्विक सामान प्रति बेवास्ता गरेको देखाइएको छ । त्यहाँका समाजका व्यक्तिहरू समाजमा रहनको लागि आफ्नो काम पनि गर्दै आएका छन् ।

दोस्रो : फोहोर मिल्काउने हाम्रो काम, फोहोर हैन भन्ने साबित गर्ने तपाईको काम (मल्ल, २०२८: ८५) । यस एकाङ्कीमा भएका पात्रहरू समाजमा समायोजन हुने क्रममा कसैले पुरातात्विक सामग्री फोहोर ठानेर मिल्काएका छन् भने कोही संरक्षण गर्ने चाहना पनि राखेका छन् ।

चेतना : तपाइहरू जस्ताले जमाना जमानाका ममीहरूलाई पनि मिल्काईदिनु भयो (मल्ल, २०२८: ८६) ।

यस एकाङ्कीमा पुरा कथाको प्रयोग गर्दै पौराणिक समय र आजलाई एकै ठाउँमा राखेर एकै ठाउँमा एक आपसमा उभ्याएर सामाजिकीकरण प्रस्तुत गरेका छन् ।

समाजमा बसेर सामाजिक समायोजनका लागि यस एकाङ्कीमा विभिन्न किसिमका विभेद पाउन सकिन्छ । एउटै समाजको व्यक्तिले हामी कहाँ भएका पुरातात्विक वस्तु जन्माउँदै मार्दै गर्ने र समाजलाई आरोप लगाएको छ । यहाँ गङगादेवी पात्रको माध्यमबाट पुरातात्विक सामग्री मिल्काइएको छ । पुरातात्विक सामग्री मिल्काउने संरक्षण गर्ने जिम्मा समाजको हो । तसर्थ समाजले यसको हिफाजत गर्नु जरूरी छ भन्ने कुरा प्रष्ट पार्न खोजिएको छ ।

### ३.२.११ 'पाहुना' एकाङ्कीमा सामाजिकीकरण

'पाहुना' एकाङ्कीमा रहेका पात्रहरूको अन्तर्क्रिया सामाजिक व्यवहार र मनोविज्ञानबाट सामाजिकीकरण प्रक्रियालाई देखाउँछ । सामाजिकीकरण प्रक्रिया समाज जस्तो छ व्यक्तिको विकास पनि त्यसै अनुसार हुन्छ । यस एकाङ्कीका पात्रहरू पनि नाटकीय समाज अनुसार समाजमा सामाजिकीकरण भएका छन् । यस एकाङ्कीमा रहेका

पात्रहरू दिलमाया नोकर भएर काम गर्नु, सान्नानी पनि रात दिन मालिक मालिक्नीको खटन सहेर काम गर्नु मालिकको घरमा पाहुना आउने तयारी गर्नु, कृष्ण नोकर फलफुल ल्याउन जानु जस्ता घटनाले त्यहाँको समाजको सामाजिकीकरण वहन गर्दछन् । त्यहाँको समाजमा पाहुना आउँदा आदर सत्कार गर्नुपर्ने पनि चलन रहेको पाउन सकिन्छ ।

दुलही साहेव : अझै सिद्ध्याएका छैनौ तिमीहरूले ? (मल्ल, २०३४: २२)

यहाँ पाहुनाको आदर र सत्कार गर्ने क्रममा पाहुनाको प्रतिक्षा गरिरहेका छन् । नोकर चाकरको जति सुकै उमेर ढल्के पनि कसैलाई चिन्ता छैन उनीहरू मालिकको काम गरेर समाजमा समायोजन भएका छन् ।

दिलमाया : जवानीको के महत्त्व छ र हामीलाई बाहिर जतिसुकै सिङ्गारिए पनि यही खोक्रोभित्र मक्किएको हाम्रो जिन्दगानी (मल्ल, २०३४: २०) !

यस एकाङ्कीमा एउटा यस्तो समाजको उद्घाटन गरिएको छ जहाँ पात्रहरूले मालिकको नियम कानुन अनुसार काम गरेका छन । मालिकले आफ्नो जीवन सरल बनाएर सामाजिक समायोजनको लक्षण देखाइएको छ ।

यहाँ पाहुना एउटा सपना, मृत्यु र भविष्य लिएर उपस्थित भएको छ । समाजको नियम अनुसार बालकलाई भविष्य, भुपेन्द्रलाई सपना र सुरेन्द्रलाई मृत्यु बेच्न आएको कुरा व्यक्त गरेको छ । समयको पावन्दी अनुसार त्यो पाहुनाले सबैलाई आफ्नो चिज बेचेर समाजमा समायोजन भएको छ । यहाँ भएका घटना शृङ्खला अनुसार सबै पात्रले सामाजिक नियमलाई स्वीकारेका छन् ।

### ३.२.१२ 'अन्धाको पनि आँखा खुलेको हुन्छ' एकाङ्कीमा सामाजिकीकरण

एकाङ्कीमा रहेका पात्रहरूको मूल्य मान्यता र पात्रहरूको अन्तर्क्रियाबाट र पात्रहरूको पारस्परिक सम्पर्कबाट सामाजिकीकरण प्रक्रिया पाउन सकिन्छ । सामाजिकीकरण प्रक्रियामा समाज जस्तो छ, व्यक्तिको विकास पनि त्यसै अनुसार हुन्छ । यस एकाङ्कीका पात्रहरू पनि नाटकीय समाज अनुसार समाजमा सामाजिकरण भएका छन् । नरेन्द्र इन्जिनियर पढेर सकेका र कल्पनालाई विवाहको प्रस्ताव राख्नु। कल्पनाले दिदी सुष्माको

आँखा सन्चो नहुँदा सम्म विवाह गर्न नसक्ने कुरा गर्नु, उज्वल दाइ जस्तो असल र कर्मठ नेपालीको मृत्यु हुनु, देशको आर्थिक स्थिति नराम्रो भएकोले आफ्नो परिवारको भविष्यको सुनिश्चितका लागि विदेश जाने निर्णय गर्नु, अन्धाले बरू देशको हालत बुझेर देशमा बस्नुपर्ने सल्लाह दिनु तर देशका आँखा देख्ने र सभ्य मानिस अमेरिका जाने निर्णय गर्नुले एकाङ्कीमा रहेका पात्रहरूको सामाजिकीकरण प्रक्रियालाई प्रभावित पारेको छ । यहाँ नरेन्द्रले विवाहको प्रस्ताव राख्दा शुष्मा दिदीको आँखा ठिक नहोउन्जेल विवाह नगर्ने कुरामा नरेन्द्रले स्वीकार गर्दा सामाजिकीकरण वहन गरेको छ ।

नरेन्द्र : तिमी सक्छ्यौ, त्यसैले त तिम्रो मुट्ठीमा म छु । भो छाड, म पर्खन सक्छु, म पर्खन सक्छु तिमीलाई भएन (मल्ल, २०३४: ४६) ?

यहाँ भएका पात्रहरूले सामाजिकीकरण वहन गरेका छन् । नरेन्द्र, कल्पना र शुष्मा जस्ता पात्रको माध्यमबाट देशको रक्षाको लागि चिन्तित रहेका छन् भने गम्भीर शीला जस्ता पात्रले आफ्नो परिवारको सुरक्षा र राम्रो भविष्यका लागि नेपाल छोडेर जाने निर्णय गरेता पनि सुष्माले नेपालमा भएका रोगीहरूलाई मारेर र अस्पताललाई मसाल बनाइदिएर जानुहोस ? देशलाई उजाड मरूभूमि तुल्यादिनुहोस् भनेपछि सामाजिकीकरणको नियम अनुसार गम्भीर सुष्माको पनि विचारमा सहमत भएर विदेश नजाने निर्णय गरेको छ ।

गम्भीर : ठिक भन्यौ बैनी, यो लौ (चिठी च्यात्छ), लौ लौ च्यातेँ (मल्ल, २०३४: ६४) ।

### ३.२.१३ 'श्री ५ बडामहाराज पृथ्वीनारायण शाह' एकाङ्कीमा सामाजिकीकरण

'श्री ५ पृथ्वीनारायण शाह' एकाङ्कीमा रहेका पात्रहरूको परस्पर अन्तर्क्रियाबाट यहाँको सामाजिकीकरण कस्तो छ त्यहाँ कस्तो सामाजिक समायोजन छ भन्ने कुरा बुझ्न सकिन्छ । एकाङ्कीमा रहेका पात्रहरूको चरित्रबाट र उनीहरूले गरेका सामाजिक कार्यबाट पनि सामाजिकीकरण थाहा हुन्छ ।

यस एकाङ्कीमा रहेका पात्रहरूले आफ्नै किसिमको सामाजिक समायोज गरेका छन् । पृथ्वी नारायण शाह राष्ट्रप्रेमी, देश प्रमी योग्य निर्भिक नागरिक हुन । उनले समाजमा समायोजन हुनका लागि निकै उपयोगी काम गरेका छन् । टुक्रा टुक्रामा छुट्टिएको देश

नेपाललाई एउटै ढिक्कमा बनाउन उनले समाजमा रहेर काम गरेका छन् । समाजमा समायोजन हुने क्रममा पृथ्वीनारायणले भनेका छन् ।

पृथ्वी : कैदमा परेपछि मात्र थाहा पाउनु भो तपाईले म कैदमा नराखी तपाईलाई कटाइ पनि दिन सक्थेँ (मल्ल, २०३४: ८५) ।

व्यक्ति समाजमा रहेर सामाजिक कार्य गर्ने सन्दर्भमा यहाँका पात्रहरूले विभिन्न सामाजिकीकरणको कार्य गरेका छन् । दिग्बन्धनले समाजमा रहेर आफूले गल्ति गरेपछि माफी माग्नु पर्छ भन्ने, वंशजको समाजमा लगाएको आगो निभ्याउने कार्य गरेर, समाजमा अपराध गरेका व्यक्तिलाई सजाय दिएर सामाजिकीकरण गरेका छन् । व्यक्लिे समाजमा समायोजन हुनका लागि समाजमा बसेर विभिन्न किसिमका कार्यहरू गरिरहेको हुन्छ । यहाँ पनि पात्रहरूले यस्तो सामाजिक कार्य गरेर सामाजिकीकरण गरेका छन् । जयप्रकाश : हो हामीले फिरङ्गीहरूसँग फौजको गुहार मागेका थियौं महाराज (मल्ल, २०३४: १०१) ।

समाजमा समायोजन हुनका लागि पात्रहरूले यस्ता धेरै कार्य गरेको पाइन्छ । दिग्बन्धन सेन र जय प्रकाशले आफूले जस्तोसुकै गल्ती गरे पनि समाजमा समायोजन हुनका लगि माफी मागेका छन् ।

## ३.३ निष्कर्ष

मानिस समाज अनुकुल समायोजन हुनु सामाजिकीकरण हो । सामाजिकीकरण प्रक्रियामा मानिस समाजमा जन्मन्छ, बढ्छ र योग्य मानिस बन्नुका साथै समाजबाट मूल्य, मान्यता, आचरण, आदर्श आदि पनि सिक्ने गर्दछ । व्यक्तिले समाजको चाहना अनुरूप कार्य गर्दै जान्छ । विजय मल्लका दोस्रो चरणका एकाङ्कीहरूमा सामाजिकीकरण प्रक्रिया समाजमा समायेजित हुनुको साथै यही समाजका सदस्य भएर सामाजिक कार्य गरेका छन् ।

यस्को कार्य गर्दा उनीहरूले चाहेर या नचाहेर पनि समाजकै मान्यता अनुसार चल्ने गर्दछन् । 'कंकाल' एकाङ्कीमा विधवा युवतीले डाक्टरलाई मन पराए तापनि समाजको नियम अनुसार विवाह गर्ने सकेकी छैन र त्यस्तै गरेर 'बहुला कहिँका' एकाङकीमा पनि व्यक्तिले सामाजिक नियम अनुसार चल्न नसक्दा बहुला ठहराइएको छ । 'कोसँग जुधौं' एकाङकीमा पनि आफू मृत्युको मुखमा पर्ने थाहा हुँदाहुँदै पनि समाजलाई खुसी पार्न र

सामाजिक समायोजन हुनका लागि विक्रमले आफ्ना परिवारलाई झुठो बोलेको छ । यस चरणमा परेका सम्पूर्ण एकाङ्कीहरूका चरित्रले सामाजिकरकिरण बहन गरेर जस्तो सुकै परिस्थितिमा पनि आफूलाई समाजमा समायोजन गराएका छन् ।

# चौथो परिच्छेद

# विजय मल्लका एकाङ्कीहरूमा सामाजिक परिवर्तन

## ४.१ विषय प्रवेश

सामाजिक परिवर्तन भन्नाले एकाङकीका पात्रहरूले गर्ने कार्य व्यवहारमा आएको परिवर्तन भन्ने बुझिन्छ । एकाङकीमा रहेको पात्रहरू यहाँको समाज जस्तो छ त्यसैमा सन्तुष्ट नरहेर परिवर्तनको चाहना राख्नु सामाजिक परिवर्तन हो । विजय मल्लका दोस्रो चरणका सम्पूर्ण एकाङकीहरूमा सामाजिक परिवर्तनको चाहना पनि राखिएको छ । यी एकाङ्कीहरूमा पात्रहरूले समाजमा रहेको गतिविधि जस्तो छ त्यस्तै रहन नदिएर त्यसमा नयाँ मोड र नया शक्ति ल्याउन परिवर्तनको चाहना व्यक्त गरेको पाइन्छ ।

'कंकाल' एकाङकीमा विधवा युवतीले सामाजिक परिवर्तन गर्ने चाहनाले मृत्युको मुखमा पुग्न बाध्य भएकी छ । यस्तै गरेर विजय मल्लका दोस्रो चरणमा रहेका एकाङ्कीमा धेरै भन्दा धेरै सामाजिक परिवर्तनको चाहना राखिएको छ । एकाङ्कीमा रहेका पात्रहरूले आफ्ना मान्यता परिवर्तन गर्ने चाहना राखेको पाइन्छ । सामाजिक परिवतनबाट मानिसको कार्य पद्वतिमा परिवर्तन हुने गर्दछ । व्यक्ति सामाजिक प्राणी हो । उसले समाजमा रहेर सामाजिक कार्य गर्ने क्रममा विभिन्न किसिमका सम्बन्ध र संरचनाको परिवर्तन गर्न खोजेको हुन्छ । एकाङकीमा रहेका पात्रहरूले अन्तर्क्रिया गर्दा एक अर्कोसँग विरोध र विभेद जनाएका पाइन्छन् । यस्ता विभेदले सामाजिक परिवर्तन खडा गर्छन् ।

सामाजिक परिवर्तन मानिस समाजमा घुलमिल हुँदै सहकार्य गर्दै जाने क्रममा उसमा परिवर्तने आउने गर्दछ । यसैलाई सामाजिक परिवर्तन भनिन्छ । संसार परिवर्तनशिल छ । यहाँका हरेक वस्तु पदार्थमा परिवर्तन भैरहेको हुन्छ । यसैले समाज तथा समाजको प्रणालीमा पनि निरन्तर परिवर्तनहरू भइरहने हुन्छ । मानिस तथा मानिसद्वारा निर्मित वस्तु र मान्यता पनि परिवर्तन भइरहेको हुन्छ । मानिसको आचार विचार मूल्य, मान्यता, आदर्श, सोच विचार, बानी व्यवहार रूचि आदि पनि परिवर्तन भइरहेको हुन्छ । सामान्य अर्थमा सामाजिक परिवर्तनको तात्पर्य सामाजिक परिस्थिति, जीवनमूल्य अथवा सामाजिक प्रतिमानको विचलन हो (त्रिपाठी र सिंह, १९८०: २९१) । समाज तथा समाजको प्रक्रिया

पछिसम्म निरन्तर परिवर्तन भइरहन्छ । परिवर्तको गति अनेक कारणले तिव्र वा मन्द पनि हुन सक्छ । मानव तथा उसद्वारा निर्मित मुल्य मान्यतामा निरन्तर परिवर्तन भैरहन्छ । यसको परिणाम स्वरूप व्यक्तिको आचार, विचार, मूल्य, आदर्श, आदत, फेशन, अभिवृद्धि एवम् सदस्यता परिवर्तन भैरहन्छ । परिवर्तन गतिशील हुन्छ । यसलाई रोक्न सकिँदैन । अनेक परिवर्तनका बारेमा भविष्यवाणी गर्न पनि कठिन हुन्छ । सामाजिक व्यवस्था गतिशील बनाई राख्नका लागि सामाजिक परिवर्तनको आवश्यक रहन्छ (त्रिपाठी र सिंह, १९८०: २९१) । समाज सामाजिक सम्बन्धको जालो हो । यसमा उत्पन्न हुने कुनै पनि प्रकारका परवर्तन या परिमार्जनलाई सामाजिक परिवर्तन भनिन्छ । गिलिन एव् गिलिन १९९० भन्दछन् “जीवनको विधी, भौगोलिक अवस्था सास्कृतिक उपकरण, जनसंख्या या विचारा धारको रचना हुने विचलन विगलन वा अस्वीकार बाट उत्पन्न परिवर्तनलाई सामाजिक परिवर्तन भनिन्छ” (त्रिपाठी र सिंह, १९८०: १९२) ।

सामाजिक परिवर्तनबाट मानिसको कार्यव्यवहारमा परिवर्तन हुने गर्दछ । यसको सोच, व्यवहार, इच्छा चाहनाहरूमा समेत चालचलन र व्यवस्था नै परिवर्तन हुने हुँदा समाजका सबै सदस्यको मनोविज्ञान समाज मनाविज्ञानमा समेत परिवर्तन हुन जान्छ । समाज परिवर्तनलाई स्पष्ट पार्न जोनसेनले मानिसको सोच्ने तथा काम गने तरिका परिमार्जन नै सामाजिक परिवर्तन हो भनेका छन् । मेरिले “समाज प्रतिमानित सम्बन्धहरूको एक जटिल जालो हो जसमा सबै सदस्यहरू विभिन्न अङ्गको रूपमा भाग लिन्छन् र यो सम्बन्धमा पनि परिवर्त हुने गर्दछ  (त्रिपाठी र सिंह, १९८०: २९२) । भन्ने धारणा व्यक्त गर्दै समाज परिवर्तनबाट व्यक्ति व्यवहारमा परिवर्तन हुने कुरालाई विशेष रूपमा उठाएका छन् । निष्कर्षमा भन्नुपर्दा सामाजिक परिवर्तन सामाजिक सम्बन्ध र समूह संरचनाको परिवर्तन हो । साथै सामाजिक प्रक्रिया सामाजिक अन्तर्क्रिया र सामाजिक सङ्गठनको परिवर्तन एवम् मानिसको कार्यप्रणाली सोच र जीवनको मुल्य मान्यता समेतको विचलन हो । यही भएर सामाजिक परिवर्तनले समाज मोविज्ञानमा प्रभाव पारिरहेको हुन्छ ।

## ४.२ सामाजिक परिवर्तनका आधारमा विजय मल्लका दोस्रो चरणका एकाङ्कीहरूको विश्लेषण

विजय मल्लका दोस्रो चरणमा रहेका १५ वटा एकाङ्कीहरूमध्ये प्राप्य १३ वटा एकाङ्कीहरूको यहाँ सामाजिक परिवर्तनका आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.१ 'कंकाल' एकाङ्कीमा सामाजिक परिवर्तन

'कंकाल' एकाङकी सामाजिक कथावस्तुमा आधारित एकाङ्की हो । यस एकाङ्कीमा रहेका पात्रहरूको व्यवहार बाट सामाजिक परिर्वतन पाउन सकिन्छ । एकाङ्कीमा रहेका पात्रले एक अर्कालाई परिवर्तन ल्याउनुलाई परिवर्तनको आधार मानिन्छ ।

'कंकाल' एकाङ्की एउटा यस्तो एकाङ्की हो जसमा एउटा विद्यार्थी पढ्न बसेको बेला एउटी युवतीको कंकाल आएर कुराकानी गरेको छ । हुनै नसक्ने कुरालाई विषयवस्तु बनाएर युवतीको माध्यमबाट परिवर्तनको स्वर दिइएको छ । कंकाललाई विधवा युवतीको रूपमा खडा गराएर युवतीले भोग्नु परेका दर्दनाक स्थितिलाई देखाइएको छ ।

युवती : मेरो कथा छोटो छ मेरो आयु छोटा भए जत्तिकै म जवानीमा नै मरेकी थिएँ ( उपाध्याय, र अन्य (२०४९: ६४) ।

आफू जिउँदो छँदा प्रेम प्रकट गर्न नसकेको डाक्टरले मृत्युलोकमा पुगेपछि युवतीलाई माया गर्थे भन्ने कुरा डाक्टरको कंकालबाट बोल्न लगाइएको छ । बाँचुन्जेल विधवा युवतीलाई माया प्रेम गरे तापनि मनमनै स्वीकार गरे पनि समाजको डरले अपनाउन नसकेको तर मृत्युलोकमा कंकालको माध्यमबाट दुबैले एक अर्कालाई माया प्रेम गर्ने कुरा देखाइएको छ तर मृत्युलोकमा पनि यी दुबैको मिलन गराइएको पाइँदैन ।

डाक्टर : प्रेम असम्भव, असम्भव यो जीवन हैन यो जीवनको प्रतीक मात्र हो, छाया मात्र हो, कल्पना मात्र हो (उपाध्याय, र अन्य (२०४९: ७२) ।

यस एकाङकीमा सामाजिक रहनसहन, चालचलन र बानी व्यवहार भएको छ । पछि मृत्यु लोकमा गएर सामाजिक सोचमा परिवर्तन आएको पाइन्छ तर पूर्ण रूपमा सफल देखिँदैन । बाँचुन्जेल आफ्ना इच्छा र आकाङ्क्षा व्यक्त गर्न नसकेका युवती र डाक्टरले आफ्नो इच्छा व्यक्त गरे तापनि सामाजिक परिवर्तन भएको छैन तर विधवा युवतीले विवाह गर्नुपर्छ भन्ने स्वर घन्काउन चाहेको पाइन्छ ।

युवती : तर डाक्टर म ज्यूदो हुँदा खेरि तिमीले यी कुराहरू मलाई किन भनेनौ ? (उपाध्याय र अन्य, २०४९: ६९) ?

डाक्टर : म आफैसँग युद्व गर्थे समाजलाई नाघ्ने कोसिस गर्थे तर तिम्रो विधवापनले मलाई हताश तुल्याइदिन्थ्यो (उपाध्याय र अन्य, २०४९: ७०) ।

यसरी यस एकाङ्कीमा पात्रहरू मरेर गए पनि सामाजिक परिर्वतनको चाहना व्यक्त गरेका छन् ।

### ४.२.२ 'यो किताब नच्यातियोस्' एकाङ्कीमा सामाजिक परिवर्तन

'यो किताब नच्यातियोस्' एकाङ्कीमा रहेका पात्रहरूको पारस्परिक अन्तर्क्रियाबाट यसमा भएका सामाजिक परिवर्तन थाहा पाउन सकिन्छ । मानिस सामाजिक प्राणी भएकाले उसले समाजमा सङ्घर्ष गर्दै बाँच्छ र समाजमा नयाँ परिवर्तन चाहन्छ । यसै क्रममा यस एकाङ्कीका पात्रहरू प्रभा, शङ्कर, ध्रुव, मनोरञ्जन र उर्मिला यसमा सामाजिक परिवर्तन चाहेका छन् । मुख्य पात्र शङ्करले नेपाली भाषाप्रति अटल माया र नेपाली भाषा लोप हुन लागेकामा यसको संरक्षणका लागि एकाङ्कीको सुरू देखि चिन्तित छ ।

शङ्कर : केही दिनको असजिलोपनलाई पचाएर नेपाली भाषामा नै परिश्रम गरेको खण्डमा हाम्रो विचारको प्रगति चाँडै हुन सक्दछ (मल्ल, २०२८: ६४) ।

यसमा प्रभा पनि गतिशील पात्र हुन उनले पनि परिवर्तनको चाहना व्यक्त गरेकी छिन् । सुरू सुरूमा शब्दकोशलाई आफ्नो सौताको रूपमा लिएकी शब्दाकोशका पाना पाना देख्दा टाउको दुख्ने र पागल बनेकी प्रभा एकाङ्कीको अन्तिममा आएर परिवर्तनको चाहना व्यक्त गरेकी छिन् ।

प्रभा : च्यात्नुभयो, हो सव मिल्काइदिनुहोस् । मेरो सिरानामा आएर बस्नोस तपाई ।

प्रभाः कापी नच्यात्नोस् नच्यात्नोस् लेख्नोस् तपाई लेख्नोस लौं (मल्ल, २०२८: ६४) ।

यहाँ उर्मिला र मनोरञ्जनको पहिला गाढा र अटुट माया रहेको छ । उनीहरू एक अर्कालाई धेरै माया गर्छन् । तर शब्दकोश तयार गर्न लाग्दा मनोरञ्जनको भिनाजुले शब्दकोश तयारीमा लाग्दा दिदीको हेरचाह गर्न नसकेकाले उर्मिला र मनोरञ्जनको सम्बन्धमा पनि खटपट भएको छ । दाइको यस्तो काममा साथ दिने र यसो गर्दा उनीहरूको प्रेममा बाधा आएको छ । समाजमा शब्दकोश लेखेर नेपाली भाषाप्रति नयाँ सोच देखा पर्छ

भने उर्मिला आफ्नो प्रेम त्याग्न पनि पछि परेकी छैन । यसरी यहाँ नेपाली भाषालाई जोगाइराख्नु पर्ने लोप हुन नदिने सामाजिक परिर्वतनको चाहना व्यक्त गरिएको छ ।

### ४.२.३ 'बहुला कहिँका' एकाङ्कीमा सामाजिक परिवर्तन

'बहुला कहिँका' एकाङ्की सामाजिक परिवर्तनको चाहना व्यक्त गरिएको एकाङ्की हो । सामाजिक परिवर्तन एकाङ्कीमा पात्रहरूको मनस्थिति, चालचलन र बानी व्यवहारबाट थाहा पाउन सकिन्छ । एकाङकीमा यस्तो परिवर्तन ल्याउँदा पात्रहरूबिच द्वन्द्व पनि भएको छ ।

सामाजिक परिवर्तनको आधारमा यस एकाङ्कीलाई केलाउँदा यसमा विनय, श्यामा, उषा आदि जस्ता पात्रहरू रहेका छन् । उनीहरू मध्ये परिवर्तनको चाहना विनयले गरेको छ । ऊ नव युवा मध्ये पर्छ । उसको परिवार सम्पन्न छ । गाउँघरमा प्रशस्त सम्पति भएको र उनीहरूले शहरमा बसेर आनन्दको जीवन विताएका छन् । विनयको आमाले छोरालाई सम्पति छ भनेर केही गर्न नदिने तर विनय गरिब निमुखालाई कजाएर आफूले खाएकोमा सन्तुष्ट हुँदैनन् । शताब्दी शताब्दीदेखि समाजमा परिवर्तन ल्याउने चाहना विनयका बाजे र पुर्खाले पनि गरेको पाउन सकिन्छ ।

विनय : आमा मात्र भन्नु हुन्थ्यो, सुन्यौ धैर्य ? तँ एकदिन बहुलाउँछस् । तेरो बाजे बहुला, तेरो पुर्खा बहुला तँ पनि बहुला । (मल्ल, २०६८: ८९)

यस एकाङकीमा एउटा यस्तो समाजको परिकल्पना गरिएको छ जहाँ धनी मानिस आरामको जिन्दगी बिताउने गरिब र निमुखा जनता सधै गाउँमा बसेर मजदुरी गर्छन् । यस्तो शोषित र पिडित जनताको पक्षमा आवाज उठाएर परिवर्तनको किरण देखिएको पाउन सकिन्छ ।

विनय : घामले डढेका कस्ता फुस्रो शरीरका पसिनाहरू नाङ्गा बच्चाहरू, अर्धनङ्गा आइमाईहरू खप्टिएका प्रभावहीन आँखाहरू, कालो निलो छातीबाट निस्किएको पसिनाको गन्ध भातको सिताबाट उठिरहेछ । (मल्ल, २०२८: ८९)

यस एकाङकीमा विसौं शताब्दीमा चलेको शोषण प्रवृत्ति हटाउने सामाजिक परिवर्तनको चाहना व्यक्त गरिएको छ ।

असभ्य र अनपढ समाजमा छोरीलाई घरबाट निस्कन दिनु हुँदैन भन्ने मानसिक विचार पनि परिवर्तन गर्न खोजिएको छ । पुरानो पुस्ताकी र अनपढ समाजकी प्रतिक श्यामा आफ्नी छोरीलाई छोरा मान्छेसँग बोल्न नदिने, उसको विवाह कोही धनाढ्य र कुलीन मूर्ख पुत्रलाई गरिदिने सोच राख्छिन् तर नयाँ पुस्ताको प्रतीक विनय पढेलेखेको र सभ्य व्यक्तिलाई आफ्नो बहिनीको विवाह गराउन चाहेको बाट प्रष्ट हुन आउँछ कि पुरानो र नयाँ पुस्ता बिच द्वन्द्व उत्पन्न गराएर नयाँ समाजको संरचना गर्ने सामाजिक परिवर्तनको सोच देखाइएको छ ।

### ४.२.४ 'जीवन बिमा' एकाङ्कीमा सामाजिक परिवर्तन

'जीवन बिमा' एकङ्कीमा रहेका पात्रहरूको अन्तर्क्रिया र व्यवहारबीच सामाजिक परिवर्तन गर्न चाहेको कुरा प्रष्ट हुन आउँछ । मानिस समाजमा रहन्छ र समाजको हितका लागि समाजमा केही राम्रा पक्ष ल्याउनको लागि सामाजिक परिवर्तनको सोच राखिन्छ । यस एकाङ्कीमा पनि त्यहाँका पात्रहरूले सामाजिक परिवर्तन चाहेका छन् ।

यस एकाङ्कीमा रामप्रसाद, कान्ता, कृष्णा, जगतलाल, वीर जस्ता पात्रहरू रहेका छन् । कुनै पनि समाजमा एकै सोच भएका मानिसहरू बसोबास गर्दैनन् । त्यसैले यहाँ पनि सबैको सोचमा फरक आएको छ । प्रत्येक देशका मानिसले जीवन बिमा गरेर प्रत्येक मानिसको जीवन सुखमय हुने सामाजिक परिवर्तन रामप्रसाद जस्ता पात्रको विचार छ भने यसरी जीवन विमा गर्दै हिँडेर धेरै मानिस ठगिएकाले कान्ताले दलालको संज्ञा दिएकी छन् ।

राम : अनिश्चितता छ , भय छ, दुर्घटनाहरू छन् – त्यसैको संरक्षण त मानिसलाई चाहिन्छ (मल्ल, २०६८: १५६) ।

समाजमा भएका यस्ता भय र दुर्घटनालाई रोक्न नसके पनि यस्ता भय र दुर्घटनाबाट मानिसको जिन्दगीमा हुने खर्च केही कम गरेर मानिसलाई मलम लगाउने काम गरेको छ । कान्ता जस्ता पात्रले यस्ता कुरामा विश्वासै गर्न चाहन्नीन भने कृष्णा जस्ता पात्रले हुनै नसक्ने कुराको सामाजिक परिवर्तन चाहेको छ । विज्ञानले विभिन्न किसिमका

उपकरण र बम बारूद तयार पारेको छ भने समाजमा कति वेला के घटना घटन सक्छ कसैलाई थाहा छैन । कृष्णले भने यो पृथ्वीको नै ग्यारेन्टी गर्नुपर्ने कुरा व्यक्त गरेको छ ।

कृष्ण : मानिसको इन्सुरेन्स हैन । यस पृथ्वीको यस धर्तीको पहिले ग्यारेन्टी दिनोस् यति वर्षसम्म रहन्छ भन्ने, अनि जीवन बिमा गराउनुहोस् (मल्ल, २०६८: १५७) ।

यस एकाङकीमा कान्ता जस्ता जीवन बिमालाई खेलवाड सम्झिने र समाजका लागि जीवन बिमाको फाइदा बताएर समाजका सम्पूर्ण नागरिकले आफ्नो जीवन रक्षा गर्नुपर्ने सामाजिक परिवर्तन पाउन सकिन्छ भने कृष्णले पनि समाजको र यो सम्पूर्ण पृथ्वीको ग्यारेन्टी हुनुपर्ने सामाजिक परिवर्तनको सोच पाउन सकिन्छ । यो धर्तीमा हुने गरेका लडाई झगडा, बम, बारूद, बन्दुकहरूबाट मानिस लगायत सम्पूर्ण विश्व नै त्रसित छ । जीवन बिमा गराएर मानिसको रक्षा हुने छैन बरू धर्तीको जीवन बिमा गराउन सके बल्ल सम्पूर्ण प्राणीको रक्षा हुने कुराको सामाजिक परिवर्तन व्यक्त गरिएको छ ।

### ४.२.५ **'कोसँग जुधौँ' एकाङ्कीमा सामाजिक परिवर्तन**

'कोसँग जुधौँ' एकाङ्कीमा रहेका पात्रहरूको अर्न्तक्रियाबाट त्यहाँको सामाजिक परिवर्तन थाहा पाउन सकिन्छ । पात्रहरूले एकाङ्कीमा केही नयाँ सोच विचार र चाहना राखेका हुन्छन्, त्यही नै सामाजिक परिवर्तन हो । यस एकाङ्कीमा विक्रम भन्ने मुख्य पात्र खडा गरेर सामाजिक परिवर्तनको स्वर घन्काइएको छ। यहाँ विक्रमलाई ब्रेन ट्यूमर रोग लागेको छ । उसले पहिला नै आफ्नी श्रीमती त्यागी सकेको छ भने आफ्ना दुई सन्तान टुहुरा हुने चोटले पिरोलिएको छ । डाक्टरले बिरामी बिक्रमलाई औषधि गरेको तर उसको स्वास्थ्य झन् झन् कमजोर भएको छ । छोराछोरीको असल र उज्वल भविष्यको कामना र आफू मरेर गए पनि परिवार र समाजलाई खुसी देख्न चाहेको छ । यस एकाङ्कीमा मुख्य पात्र सुरूदेखि अन्तिमसम्म उस्तै स्थिर रहेको छ भने आमा लक्ष्मीले छोराको दास्रो विहे गराउने सामाजिक परिवर्तन चाहेकी छन् ।

लक्ष्मी : अब बाबु तिम्रो बिरामी निको भएपछि कति दिन कसरी टर्छ ? बिहे नगरी तिम्रो घरसम्म चल्न सक्दैन (मल्ल, २०६८: ११७) ।

यसबाट थाहा हुन्छ समाजमा मानिस एक्लै बस्न सक्दैन । जीवनमा हाँसो खुसी र दु:खमा साथ दिनका लागि कसैको साथको आवश्यकता पर्छ । स्वास्नी मरेर गए पनि छोराको अर्को विवाह गराउने कुराले दोस्रो विवाह आवश्यकता अनुसार गर्नुपर्ने सामाजिक परिवर्तनको विचार अगाडि सारिएको छ ।

### ४.२.६ 'शीलाको बङ्गला' एकाङ्कीमा सामाजिक परिवर्तन

'शीलाको बङ्गला' एकाङ्की २००७ सालको राणा परिवारमा आधारित एकाङ्की हो । यसमा त्यतिबेलाको समाज, समाजिक परिवर्तन देखाउन खोजिएको छ । यस एकाङ्कीमा रहेका पात्रहरूको परस्पर अन्तर्क्रिया र उनीहरूको क्रियाकलापहरूले त्यहाँको सामाजिक परिवर्तन देखाइएको छ ।

शीला एक राणा खानदानलाई परिवर्तन गर्न चाहने पात्र हुन । उनी राणा परिवारको छोरी भए तापनि उनलाई त्यस परिवारको आनन्दको जीवन भन्दा सर्वसाधारण मानिसको जीवन राम्रो लाग्छ । २००७ सालको जनक्रान्ति पनि त्यहाँको समाजमा निकै परिवर्तन भएको पाइन्छ । शीलाको घरमा धेरै नोकर भएका ठूलो वङ्गला र नाचगान गर्ने घरमा अहिले भुत बनेर आउने र सपनामा देख्ने कुरा व्यक्त गरिएको छ ।

शीला : कहिलेकाहीँ कुनै अगति परेकाहरू बङ्गलामा नाँच्न आउँछन्, हाँस्छन्, दौडन्छन्, कहिले कुन झ्यालबाट हाम फालेर मरेका सुसारेहरू सिँगारिएर बुर्जाबाट चियाउन आउँछन् (मल्ल, २०३४: ६७) ।

यस एकाङ्कीमा सामाजिक परिवर्तन निकै ठूलो भएको पाइन्छ । यहाँको समाजका पात्रहरूले महङ्गा महङ्गा गहना, कपडा लगाउने व्यक्तिगत स्वार्थका लागि लाखौ रूपियाँ पानी बगाएसरि बगाउने, मोज मस्ती गर्ने गर्थे तर पछि उनीहरू घरमा भएका सामान बेच्ने, घर बेच्ने अवस्थामा पुगेर राजतन्त्रबाट प्रजातन्त्रमा परिवर्तन भएको पाइन्छ । शीलाले यस राजतन्त्रबाट मुक्ति चाहेकी छन् । उनी सानै घर भए पनि आनन्दले जीवन विताउन खोजेकी छिन् र उनले पुरै राजतन्त्र मुक्ति होस् भन्ने सङ्केत गरेकी छन् ।

शीला : मलाई यो घर छाडेर जानुपरेको किन खुसी लागेको छ ? थाहा छ तपाईलाई मलाई चाडैं यहाँबाट निस्कुँ जस्तै लाग्छ, आजै अहिल्यै (मल्ल, २०३४: ७१) यस एकाङ्कीमा २००७

सालको जनक्रान्ति पछि ठूलो सामाजिक परिवर्तन आएको छ तर उक्त परिवर्तनलाई शीलाको मुमा र दाजु विक्रमले स्वीकार गर्न नसकेको देखाइएको छ। उनीहरू अझै पनि पहिलाको चाहना व्यक्त गरेका छन तर समाज यति परिवर्तित भैसक्यो कि सर्वसाधारण जनतालाई भेट्दै नभेट्ने राज खान्दानले त्यही राज खानदानमा आएर सँगै रक्सी पिएको छ । यस एकाङ्कीमा यस प्रकारको सामाजिक परिवर्तन भएको छ ।

### ४.२.७ 'पत्थरको कथा' एकाङ्कीमा सामाजिक परिवर्तन

'पत्थरको कथा' एकाङ्कीभित्र रहेका पात्रहरूको व्यवहार र अन्तर्कियाबाट सामाजिक परिवर्तन देख्न सकिन्छ । यस एकाङ्कीमा ज्वाला, विपिन, श्रीकान्त, रघुविर, कृष्णा, शत्रुध्वन जस्ता पात्रहरू रहेका छन् । यसमा मानिस मरिसकेपछि सबैजना केही समयका लागि चलबलाएर ब्युँझेका छन् ।

यस एकाङ्कीमा भएका कोही पात्र जिवित रहन पाएका छैनन् र सामाजिक परिवर्तनको चाहना प्रकट गरेका छन् तर उनीहरू धर्ती लोकमा बाँच्न पाएका छैनन् । यस एकाङ्कीको मुख्य पात्र विपिन एक निर्दयी पात्र हो । उसले समाजमा परिवर्तन गर्न सक्ने कोही मानिसलाई बाँच्न दिएको छैन । श्रीकान्त एक असल शिक्षक र समाजलाई सही मार्ग दर्शनमा लैजान चाहाने व्यक्ति हो । उसले गाउँका किसानहरूलई असल शिक्षा दिने र बेला बेलामा औषधि बाँड्ने काम गर्छ । यसरी समाजलाई सभ्य समाज परिवर्तन गर्ने चाहना राख्दै उसको मृत्यु हुन पुगेको छ ।

रघुवीर सिंह : के उहाँलाई गाउँमा स्कुल भएको मन परेको थियो ? थिएन । कसैले पढेको मन परेको थियो थिएन । यही अपराध तपाईको थियो उहाँको निमित्त (मल्ल, २०६८: ८) ।

यहाँ सबै पात्रहरू समाजमा परिवर्तन चाहे पनि उनीहरू मृत्युलोकमा पुगिसकेका छन् । उनीहरूले चाहेर पनि पुरा गर्न सक्दैनन् । यहाँ अरूलाई शोषण र दमन गर्ने समाजको अन्त्य भएको देखाएर फेरी आउने नयाँ पुस्ता नयाँ सोच र जाँगरका साथ समाजलाई परिवर्तन गर्नेछन् भन्ने आशा पनि राख्न सकिन्छ ।

### ४.२.८ 'सत्ताको खोज' एकाङ्कीमा सामाजिक परिवर्तन

'सत्ताको खोज' एकाङ्कीमा रहेका पात्रहरूको मूल्य मान्यता र परस्पर अन्तर्क्रियाबाट त्यहाँको सामाजिक परिवर्तन थाहा पाउन सकिन्छ । यस एकाङ्कीमा रहेका पात्रहरूले समाजमा केही गर्ने नयाँ सोच विचार राखेका छन् । सामाजिक परिवर्तनको चाहना व्यक्त गरेका छन् । यहाँ प्रर्मिला सामाजिक परिवर्तनकै कारण आत्महत्या गरेकी छन् । परिवर्तित समाजमा समायोजन गर्न नपाएर आत्महत्याको बाटो रोजेकी छन् ।

तिलक : खै मेरो आत्मसम्मान ! मैले तिम्रो कुरा त्यस बखत बुझ्न सकिँन (मल्ल, २०६८: १०६) ।

यस कारण बुझ्न सकिन्छ कि समाजमा परिवर्तन चाहने प्रर्मिला आफूलाई परिवर्तन गर्न खोज्दा मृत्युको मुखमा परेकी छिन् । पहिलेका छोरी चेली नपढेको पनि घर व्यवहार चल्ने, छोराछोरी पालेकै हुने, लोग्ने पनि पाएकै हुने तर नया पिँढी भने धेरै खर्च गरेर भए पनि केही गर्ने सोच राख्नु पनि सामाजिक परिवर्तन हो ।

मीना : सती सावित्री हुन नपढे पनि त हुन्थ्यो । बिहे हुन्थ्यो, लोग्नेको स्याहार गर्थ्यौं, जिन्दगी चल्यो (मल्ल, २०६८: ९८) ।

समाजमा सामाजिक गतिविधि फरक हुनु, छोरा छोरीमा फरक मान्यता कायम राख्नु र छोरी पनि केही गर्न सक्छन् भन्ने सोच राख्नु पनि सामाजिक परिवर्तन हो । तिलकमान साहुले पुर्खाको बिँडो थामेर आइमाईलाई भोग्य सम्झन्छ तर पछि पश्चतापमा परेर पटक पटक आफ्नी स्वास्नी मरेको ठाउँमा आउनु पनि सामाजिक परिवर्तन हो । तिलकमानका पुर्खाहरूले दोस्रो, तेस्रो विवाह गरेका तर उसले विवाह गरेको छैन । यहाँ तिलकमानको मनोविज्ञानले पनि सामाजिक परिवर्तन चाहेको छ ।

### ४.२.९ 'मृत्युको छायामुन्तिर खोज' एकाङ्कीमा सामाजिक परिवर्तन

'मृत्युको छायामुन्तिर खोज' एकाङ्की सामाजिक क्रियाकलापमा आधारित एकाङ्की हो । यसमा भएका पात्रहरूको माध्यमबाट समाजको परिवर्तन गर्न चाहना कुरा व्यक्त गरिएको छ । यस एकाङ्कीमा शुसिला आफ्नो गीत सङ्गीततर्फ लाग्नु, प्रदीपले शुसिलालाई

गीत संङ्गीत माया गरेकोमा गर्व गर्नु, नरेशले इन्जिनियर पढेर देशमा बाटो घाटो बनाउने कुरा गर्नु, डाक्टर शुरश डाक्टर पेशामा लागेर नयाँ नयाँ रोग पत्ता लगाउनु सबै सामाजिक परिवर्तन मान्न सकिन्छ । यहाँका हरेक पात्रले समाजका नयाँ किरण बोकेका छन् ।

शुशीला : तपाईलाई गीत लेखाउन लगाएर म त्यही गीत गाउँछु । हुन्न र ? मैले अरू विदेशी भाषाका गीत गाउन छाडिसकेँ, काका (मल्ल, २०६८: १२६) ।

यहाँबाट पनि हामी प्रत्येक नेपालीले आफ्नो नेपालको गीत सङ्गीतलाई माया गर्नुपर्छ भन्ने कुराबाट समाजको परिवर्तन गर्न खोजिएको छ । यस एकाङ्कीको पात्र प्रदीपले पनि मथुराको चित्रकलामा नयाँ आयाम थप्ने काम गरेको छ । समाजका नराम्रा पक्ष हटाएर राम्रा पक्ष परिवर्तन गर्न खोजिएको छ । प्रदीप : तपाई किन यसो गर्नुहुन्छ ? भविष्यको सुखमय चित्रलाई कल्पना गर्नोस तपाईकी श्रीमती निको भएर हस्पिटलबाट निस्कन्छिन् । अर्को पात्र नरेशले पनि नेपालका भएका बाटो र पुलको अवस्था कमजोर देखेर बाटो पुल बनाएर समाज परिवर्तन गर्न चाहेको छ । उता डाक्टर सुरेश समाजमा योग्य डाक्टर बनेर समाजको रोग फालेर नयाँ समाज परिवर्तन चाहेको छ ।

सुरेश : त्यो भीषण नयाँ रोगको उपचार हुनैपर्छ । खोजी हुनैपर्छ (मल्ल, २०६८: १३६) ।

यसरी यस एकाङ्कीका सबै पात्रले कुनै न कुनै माध्यमबाट सामाजिक परिवर्तन गरेका छन् ।

### ४.२.१० 'पुराणको हराएको पाना' एकाङ्कीमा सामाजिक परिवर्तन

'पुराणको हराएको पाना' एकाङ्की पुरा कथामा आधारित एकाङ्की हो । यसमा अहिलेको समाज र पुरानो बिसौं शताब्दीको समाज एकै ठाउँमा देखाउने प्रयास गरिएको छ । एकाङ्कीका पात्रहरूले समाजमा रहेर कसरी परिवर्तन चाहेका छन् भन्ने कुरा देखाउन खोजिएको छ । एकाङ्कीको सुरूवातमा पहिलो र दोस्रो व्यक्तिको प्रवेश गराएर बढार्नका लागि तयार परेका छन् ।

पहिलो : सबैले आफ्नो कर्तव्य सम्भ्हेर सफा गरिदिएको भए वा भनौं हरेकले आफ्ना समयमा यो त फोहोर भनेर सम्भ्हेको भए के हुन्थ्यो (मल्ल, २०२८: ३८) ?

हाम्रो समाजमा यश आरामको जिन्दगी बिताउने र घर सफा गर्न वा सङ्ग्रहालय सफा गर्न नजानेको जो कोहीलाई गर्न लगाएर पुरातात्तिक सामग्री लोप भएको व्यक्त गरिएका र अबको समाजलाई यस्ते नगर्न गर्दै समाज परिवर्तन गर्ने चाहाना व्यक्त गरिएको छ । पहिलेको समाजमा पनि चेतना जस्ता चेतना भएका पात्र समाजमा उपस्थित गराएको भए समाजमा पुरा तात्विक सामग्री यसरी हाम्रो देशमा कम हुने थिएन् ।

चेतना : त्यो कङ्काल जसमा नीला राता मणिहरूको माला कण्ठनिर भए त्यसलाई कहाँ मिल्काइ दिनु भयो (मल्ल २०२८: ८६) ?

यसमा भएका पात्रहरू शान्ता र गङ्गादेवीको माध्यमबाट पनि समाजमा भएका घटना रहस्यात्मक रूपमा प्रस्तुत गरिएको छ । गङ्गा देवी एक श्रापित नारी बनेर र शान्ताले गङ्गादेवीले गरेका कार्य गलत भन्दै दुबैको संवादबाट सामाजिक परिवर्तनको चाहना राखिएको छ । गङ्गाले बच्चा जन्माउँदै फाल्दै गरे झैँ हाम्रो समाजमा पनि भएका महत्त्वपूर्ण सामग्री हुर्कन नपाउँदै लोप भएको छ र यस्ता पुरातात्तिक सामग्री फाल्ने गङ्गा देवी र फाल्नबाट रोक्न नसक्ने शान्त दुवैलाई पुराणकै युगमा फर्कन आदेश दिनु र नयाँ पिँडीले आफ्ना देशमा भएका महत्त्वपूर्ण वस्तुहरू सम्हालेर राखोस् भन्ने सामाजिक परिवर्तन चाहेका छन् ।

### ४.२.११ 'पाहुना' एकाङ्कीमा सामाजिक परिवर्तन

'पाहुना' एकाङ्की सामाजिक व्यवहारमा आधारित एकाङ्की हो । यसमा भएका पात्रहरूको अन्तर्कियाबाट सामाजिक परिवर्तन थाहा पाउन सकिन्छ । एकाङ्कीमा हरेक पात्रले सामाजिक परिवर्तन चाहेको पाइन्छ । 'पाहुना' एकाङ्कीमा एउटा धनाढ्य परिवारको चालचलन दिइएको छ । जहाँ दिलमाया, सान्नानी, कृष्ण र ड्राइभर जस्ता पात्र नोकरको रूपमा रहेका छन् । उनीहरूले सामाजिक परिवर्तन चाहेका छन् ।

सान्नानी : किन अब ? किन किन मलाई यस्तो लाग्छ । एक दिन ठूलो हुरी आउँछ, तिमीलाई बत्ताएर उडाएर लान्छ (मल्ल, २०३४: २१) ।

यहाँ नोकरको चाहना अनुरूप नोकर भनेको सधैँभरि दासी मात्रै भएर बस्न नपरोस् । उनीहरूको पनि सुनौलो बिहानी आउनुपर्छ । उनीहरूले पनि धनीले जस्तै सुखमय जीवन बिताउन पाउन् भन्ने सामाजिक परिवर्तनको चाहना व्यक्त गरेका छन् ।

सान्नानी : हैन दिलमाया त्यो आउँछ आउँछ । हेर यो जवानी टिप्न जरूर त्यो आउँछ (मल्ल, २०३४: २२) ।

यस एकाङ्कीमा पाहुनालाई सपना भविष्य र मृत्यु तिनै किसिमको सङ्केत गर्दै हाम्रो समाजमा जुन पाहुना आउँदा देवता मान्ने परम्परा छ त्यसलाई विचार गर्नुपर्ने कुरा देखाउन खोजिएको छ । आजभोलिके समाजमा पाहुनालाई आँखा चिम्लेर विश्वास गर्न नसकिने, जस्तो किसिमको समाजको परिकल्पना गरिएको यस्तो समाजमा विभिन्न किसिमका घटनाहरू पनि घट्न सक्छन् । जस्तै सुरेन्द्रको जीवनमा मृत्यु लिएर आएको पाहुनाले राम्रो कुरा लिएर पनि पाहुनाहरू आउन सक्दछन् । तसर्थ सावधानी रहनुपर्ने सामाजिक परिवर्तन देखाइएको छ ।

### ४.२.१२ **'अन्धाको पनि आँखा खुलेको' एकाङ्कीमा सामाजिक परिवर्तन**

'अन्धाको पनि आँखा खुलेको हुन्छ' एकाङ्की सामाजिक परिवर्तनको चाहना राखिएको एकाङ्की हो । यहाँका पात्रहरूले सामाजिक परिवर्तनको चाहाना व्यक्त गरेका छन् । यस एकाङ्कीमा रहेका पात्रहरूको अन्तर्क्रियाले सामाजिक परिवर्तन थाहा पाउन सकिन्छ । यस एकाङ्कीमा रहेका पात्र कल्पना, नरेन्द्र, शुष्मा, उज्वल, गम्भीर र शीलाका माध्यबाट समाजमा नयाँ आयाम थप्ने काम गरिएको छ ।

यहाँ नरेन्द्र इन्जिनियर पढेर कामको सिलसिलामा लुम्बिनी जाने भएको छ । कल्पना आफ्नी दिदी शुष्माको आँखा उपचार नगर्दा सम्म विवाह नगर्ने सोचमा पुगेकी छिन् ।

नरेन्द्र : (टोप टाउकोबाट झिक्दै) भोलि जाने पक्कै यसैले पहिले पत्तै पसेर अनि अफिस जाउँला भनेर ....... (मल्ल, २०३४: ४२) ।

नरेन्द्रले शुष्मा दिदीको आँखा ठिक नहुन्जेल कल्पनालाई पर्खन निधो गरेकोबाट के थाह हुन्छ भने प्रत्येक नेपालीले आफ्नो देशको हालत बिगारेर कही भाग्नु हुँदैन देशलाई

दुःख बाट बचाउनु पर्छ भन्ने सामाजिक परिवर्तन पाउन सकिन्छ । उता गम्भीर दाइ आफ्नो परिवारको भविष्य बनाउन अमेरिका पलायन हुने कुरा गरेको छ । यस्तो अवस्थामा आँखा नदेख्ने शुष्मालाई देशको चिन्ता छ तर देशमा भएका भलादमी पढेलेखेका भनौदाहरू देश छाडेर जाने कुरा गरेको छ । गम्भीर यसलाई अवसर नभने के भन्ने त बहिनी । एउटा ठूलो चान्स पाएको हुँ मैले । मेरो एयः अरि सी पी डिग्रीको कदर पनि गरेका हुन् (मल्ल, २०३४: ५७) ।

यसबाट हामीलाई थाहा हुन्छ । नेपालमा पढेकालाई कसैले कदर गर्दैनन् । विदेशमा कदर गर्छन भनेर सम्पुर्ण नेपाली विदेश पलायन हुन खोजेको अवस्था छ । यहाँको अर्को पात्र देशप्रेमी उज्वल जहाँ आफ्नो देशको सेवा गर्ने मरि मेट्नु पर्छ भन्ने भावना राख्दा बलिदान दिन पुगेको छ । आँखाले देख्न नसक्ने सुष्माले देशको स्थिति देखिसकेकी छ । देशका माया गर्नुपर्छ देशको उन्नतिमा सम्पूर्ण नेपाली जुट्नुपर्छ भन्ने आदर्श राखेकी छिन् । आँखाले देख्न सक्ने युवाहरू विदेश पलायन भएको कुराले यस्तो सामाजिक परिवर्तन देखाउन खोजेको छ जहाँ अपाङ्ग र केही गर्न नसक्ने मात्र होइन सम्पूर्ण नेपाली आफ्नो् देशको उन्नति प्रगतिमा जुट्नुपर्छ भने सामाीजक परिवर्तन पाउन सकिन्छ ।

### ४.२.१३ 'श्री ५ बडामहाराज पृथ्वीनारायण शाह' एकाङ्कीमा सामाजिक परिवर्तन

'श्री ५ पृथ्वीनारायण शाह' एकाङ्की राष्ट्रप्रेममा आधारित एकाङ्की हो । यहाँका पात्रहरूको अन्तर्क्रिया र उनीहरूको एकाङ्कीमा रहेका पात्रहरूले समाजमा बसेर समाजको के कस्तो चाहना व्यक्त गरेका छन् भन्ने कुरा थाहा पाउन सकिन्छ ।

यस एकाङ्कीमा पृथ्वीनारायण शाह एक कर्मठ  र निर्भिक योग्य व्यक्ति हुन् । उनले हाम्रो भागमा टुक्रिएका नेपालका भूभागलाई एक ठाउँमा एकत्रित गरेका छन् । पृथ्वीनारायण शाहले मकवानपुर, पाटन, भक्तपुर, काठमाडौंका राज्य जितेर विजय हासिल गरेका छन् । यिनले विजयका साथ साथै सामाजिक परिवर्तनको चाहना पनि राखेका छन् । नेपाली भएर देशका लागि मरि मेट्नु पर्छ । आफ्नो देश बचाउनका लागि मर्न र मार्न तयार हुनुपर्छ, भन्ने जस्ता सामाजिक परिवर्तनका स्वर घन्काइएको छ । आफ्नो आफन्तसँग रिस राग राख्नु हुदैन आफ्नो देशमा उत्पादन भएका वस्तु प्रयोग गर्दा कसैले पाखे भन्नु हँदैन भन्ने जस्ता सामाजिक परिवर्तन इच्छा राखिएको छ ।

पृथ्वी : घरबुनाका लुगा लगाउने, गोरखाका खान नपाउने टपरे बाहुन भनेर दुर्बचन बोल्नु भा थियो (मल्ल, २०३४: ८६) ।

यहाँ शत्रुले बोलेका दुर्वचनको इखले पनि समाज परिवर्तन भएको छ । पृथ्वी नारायण शाहले राणाकालिन समाजमा स्त्री लम्पट, भोग विलासी जीवन बिताउने गरेका हुन्छन् तर पृथ्वीनारायण शाहले त्यहाँको त्यो भोग विलासी जीवन परिवर्तन गरिदिएका छन् । देशमा भएका अन्याय र अत्याचार हटाए देशका रोहरूलाई जरैबाट उखालेर समाज परिवर्त गर्न लक्ष्य पृथ्वीनारायणले राखेका छन् ।

पृथ्वी : त्यस्ता धोका दिने अझै छ् भने मिजु निर्मुला गर्ने मेरो बाहुनमा शक्ति छ (मल्ल, २०३४: १००) ।

## ४.३ निष्कर्ष

व्यक्तिले समाजमा बसेर गर्ने सामाजिक क्रियाकलापबाट सामाजिक परिवर्तन आउने गर्दछ । सामाजिक परिवर्तनले समाजलाई परिवर्तन गराउँछ । मानिस विवेकशील प्राणी भएकाले उसले आफ्नो अस्तित्त्वको लागि विभिन्न सङ्घर्ष गर्ने गर्दछ । यस्तो सङ्घर्षले गर्दा समाजमा सामाजिक परिवर्तन आउने गर्दछ । एकाङ्कीमा भएका पात्रहरूले गरेका अर्न्तक्रियाबाट उनीहरूको विचारमा परिवर्तन आउने र समाज नै परिवर्तन हुने गर्दछ ।

विजय मल्लका दोस्रो चरणका १३ वटै एकाङ्कीमा सामाजिक परिवर्तन पाउन सकिन्छ । उनका दोस्रो चरणका कंकालदेखि लिएर ‘श्री ५ बडामहाराज पृथ्वीनारायण शाह’ सम्मका एकाङ्कीहरूका पात्रहरू कोही बाचुञ्जेल सामाजिक परिवर्तन पाउन नसकेकाले मरेपछि पनि सामाजिक परिवर्तनको चाहना राखेका छन् ।

‘पत्थरको कथा’ एकाङ्कीमा पनि मानिसहरू मरेर पत्थर बन्ने अवस्थामा पुगेपछि मृत्यु लोकमा बदला लिने कुरा गरेर सामाजिक परिवर्तन गर्ने चाहना व्यक्त गरिएको छ । ‘जीवन बिमा’ एकाङ्कीमा सम्पूर्ण मानिसले आफ्नो र धर्तीको रक्षा गर्नुपर्ने कुरा उठाएर सामाजिक परिवर्तनको चाहना उठाइएको छ । यसरी विजय मल्लको दोस्रो चरणका एकाङ्कीका पात्रहरूले समाजमा कुनै न कुनै प्रकारको परिवर्तन गर्न चाहेका छन ।

# पाँचौं परिच्छेद

# विजय मल्लका एकाङ्कीहरूमा संस्कार, संस्कृति र प्रथा

## ५.१ विषय प्रवेश

संस्कार, संस्कृति र प्रथा जस्ता कुराले समाज मनोविज्ञानमा धेरै प्रभाव पारिरहेको हुन्छ । मानिस सामाजिक प्राणी हो उसले समाजमा रहेर के कस्ता कार्य गर्दछ तिनीहरूमा उनीहरूको संस्कार संस्कृति र प्रथाको निकै प्रभाव पाइन्छ । यस्ता संस्कार, सस्कृति र प्रथा जस्ता कुराहरू समाजमा व्यक्तिका मनोविज्ञानमा कोरा कागजको रूपमा रहेजस्ते रहेका हुन्छन् । समाजमा बसोबास गर्ने व्यक्ति विभिन्न जातजाति, भाषा, धर्म, संस्कृतिका हुन्छन् उनीहरूका मूल्य मान्यता रहन सहन पनि हुन्छन् । उनीहरूले आफ्ना मान्यताअनुसार चल्ने क्रममा विभिन्न संस्कार, संस्कृति र प्रथालाई मान्ने गरेको पाइन्छन् ।

विजय मल्लका दोस्रो चरणका एकाङ्कीहरूका पात्रहरूले पनि आफ्नै मूल्य, मान्यता र रहनसहनमा रहेर सामाजिक कार्य गरेको पाइन्छ । यस चरणमा रहेका कंकाल देखि लिएर श्री ५ बडामहाराज पृथ्वीनारायण शाह सम्मका एकाङ्कीका पात्रहरू बाजे बराजुले कस्तो संस्कार मान्दै आएका छन् । त्यही अनुरूप आफ्ना मान्यता मान्ने परम्परा रहेको पाइन्छ । कुनै पनि समाजको व्यक्तिले आफ्ना जस्तोसुकै परम्परा भए पनि आँखा चिम्लेर विश्वास गरिहेको हुन्छ । आफ्नो मूल्य, मान्यता अनुरूप भल्नु नै प्रथा हो । यस्ता कुराले मानिसलाई आफ से आफ नियममा राखेका हुन्छन् । आफै आफ्ना संस्कारप्रति मानिस सचेत रहने गर्दछ । समाजमा यी तिन कुराले यसरी प्रभाव पारेको हुन्छ कि कसैले आफ्ना संस्कार, संस्कृति र प्रथा माथि आँच आउने किसिमका क्रियाकलाप गऱ्यो भने द्वन्द्व पनि हुन सक्दछ ।

समाज मनोविज्ञानमा संस्कार, संस्कृति र प्रथा जस्ता कुराले पनि ठूलो प्रभाव गरेको पाइन्छ । संस्कार, संस्कृति र प्रथाद्वारा नै समाजको निर्धारण भएको हुन्छ । आ आफ्नो संस्कार, संस्कृति र प्रथाले समाजमा रहने हरेक व्यक्तिलाई त्यही संस्कार, संस्कृति, प्रथा अनुसारको मनोविज्ञान निर्माण हुन्छ । संस्कारले मानिसलाई परिष्कार गर्ने र मानिसको आन्तरिक शक्तिलाई सही दिशामा मार्ग निर्देशन गर्दछ (त्रिपाठी र सिंह, १९८०: ३१५) । माथिको यस भनाइ अनुसार संस्कारले नीति नियम बनाएको हुन्छ र हरेक समाजको आफ्नै

संस्कार, संस्कृति र प्रथा रहेको पाइन्छ । जन्म, मृत्यु र विवाह जस्ता संस्कार पद्वति रहेको पाइन्छ । हरेक समाजको संस्काार एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै जान्छ । आफ्नो आफ्नो संस्कार र पद्वतिमा समाजका सबै सदस्यहरू एकीकृत भएका र आफ्ना संस्काका अनुरूपका मनोविज्ञान साथ समाज मनोविज्ञानका सङ्केतहरू प्रस्तुत गरेको हुन्छ । संस्कृति भनेको समाजका सदस्यहरूले सामाजिक कुल परम्पराबाट निर्मित पद्वति हो । संस्कृतिलाई मूल्य, मान्यता र बानी व्यवहारको सङ्गठित रूप मान्न सकिन्छ । क्रचफिल्ड र बेलङ्की संस्कृतिलाई भौतिक र अभौतिक व्यवस्थाको रूप मान्छन् । संस्कृति समाजद्वारा आफ्नो समस्या समाधानको परम्परागत मार्गको रूपमा अङ्गिकृत हुँदै आएको छ । संस्कृतिमा सबै संस्थागत मार्ग तथा अव्यक्त विश्वास प्रतिमान मूल्य तथा आस्था निहीत हुन्छ र आचरणलाई अनुशासित बनाउँछ (त्रिपाठी र सिंह, १९८०: ३०२) ।

संस्कृति पनि संस्कार जस्तै एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको मानिन्छ र संस्कृतिले मानिसहरूमा सांस्कृतिक एक्ता कायम गरी सम्पूर्ण सदस्यको समाज मनोविज्ञानले पनि सङ्केत पारेको हुन्छ । संस्कार, संस्कृति र प्रथाले समाज मनोविज्ञानलाई निकै नै प्रभाव पारेको पाइन्छ । कसैले आफ्नो संस्कार, संस्कृति र प्रथामाथि आँच आउने किसिमको आचरण र व्यवहार गर्‍यो भने त्यसको प्रतिकार स्वरूप समूह मनोबलको विकास भई युद्वसम्म हुन सक्छ । मानिसले चाहे जस्तो संस्कार संस्कृति होस् आफ्नो संस्कार र संस्कृति र प्रथामाथि आँखा चिम्लेर विश्वास र गर्व गरिरहेका हुन्छन् । अरूको संस्कार, संस्कृतिभन्दा विशिष्ट ठानिरहेको व्यक्ति व्यवहारमा प्रभाव पार्ने हुँदा समाज मनोविज्ञानको निर्माण हुन्छ । मानिसहरूले किन आफ्नो संस्कार संस्कृतिलाई माथि ठान्छन् किन निरन्तरता दिन चाहन्छन् । आफ्नो पहिचानको रूपमा संस्कृति, संस्कार र प्रथालाई किन लिन चाहन्छन् आदि कुरालाई समाज मनोविज्ञानको कोणबाट विश्लेषण गर्न सकिन्छ र यसैलाई समाज मनोविज्ञानको निर्धारक आधार मान्न सकिन्छ । १५ वटा एकाङ्कीहरूमध्ये प्राप्य १३

## ५.२ संस्कार, संस्कृति र प्रथाका आधारमा विजय मल्लका दोस्रो चरणका एकाङ्कीहरू

विजय मल्लले एकाङ्की यात्राको दोस्रो चरणमा लेखिएका १५ वटा एकाङ्कीहरूमध्ये प्राप्य १३ वटा एकाङ्कीहरूका संस्कार, संस्कृति र प्रथाका आधारमा विश्लेषण गरिएको छ ।

### ५.२.१ 'कंकाल' एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा

'कंकाल' एकाङ्कीमा रहेका पात्रहरूको परस्पर अर्न्तर्कियाबाट त्यहाको संस्कार, संस्कृति र प्रथा थाहा पाउन सकिन्छ । संस्कार, संस्कृति र प्रथाले मानिसमा मनोविज्ञान उत्पन्न गराउँछ । यस एकाङ्कीमा बालबिवाह हुनु, शृङ्गार गर्नु, कोसेली पठाउने चलन, लोग्ने मरेपछि सेता लगाउने, चुरा फोर्ने, सिन्दुर पुछिदिने, बिधवाले बिवाह गर्न हुँदैन भन्ने मान्यता रहनु, लगन हेरेर बिवाह गर्नु, केटी माग्ने चलन रहनु आदि रहेका छन् ।

युवती : बिहेका केही दिनमा नै मेरो हातको चुरा फोडियो, सिन्दुर पुछिदियो म बिधवा भए (उपाध्याय र अन्य, २०४९: ६५) ।

संस्कार, संस्कृति र प्रथाले मानिसको मनोविज्ञानमा धेरै प्रभाव पार्दछ । यसमा रहेका पात्रहरूले आफ्नो संस्कार अनुरूप व्यवहार गरेका छन् । आफ्नो संस्कार, सस्कृति र प्रथालाई नाघेर अघि बढन सकेका छैनन । बिधवाले बिवाह गर्न नहुने संस्कारले गर्दा युवतीले मृत्यु रोजेकी छ ।

युवती : मेरो प्रेमको वस्तु कसैलाई मसँग खोसोस् त्यो म कहाँ सहन सक्थे ? मैले निश्चय गरैं तिमीलाई समेत मार्छु (उपाध्याय र अन्य, २०४९: ७१) ।

व्यक्ति समाजमा रहन्छ र समाजको नियमअनुसार चल्छ । यस्ता समाजका नियमअनुसार चल्ने क्रममा विभिन्न किसिमका मान्यता संस्कार पनि आँखा चिम्लेर विश्वास गर्न पुग्छ । व्यक्ति चाहे आफ्नो प्राण त्याग्न किन नपरोस् तर मान्यता उलङ्घन गर्न सक्दैन । यस्तै 'कंकाल' मा पनि आफ्ना संस्कार, संस्कृति र प्रथा अनुसार कानुन र नीति नियम छन् । डाक्टर र युवतीको प्रेमको बाधा संस्कार, संस्कृति र प्रथा बनेका छन् । यिनीहरूले गर्दा डाक्टर र युवती एक हुन सकेका छैन । समाजका व्यक्तिका मनमा संस्कार, सस्कृति र प्रथाले विभिन्न किसिमको मनोविज्ञान खडा गरेको छ ।

### ५.२.२ 'यो किताब नच्यातियोस' एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा

'यो किताब नच्यातियोस' एकाङ्कीमा रहेका पात्रहरूको मनस्थितिबाट त्यहाँको संस्कार, संस्कृति र प्रथा थाहा पाइन्छ । संस्कृति एकाङ्कीमा रहेका चालचलन, रीतिरिवाज र नीति नियम पर्दछन् ।

यस एकाङ्कीमा रहेका पात्रहरूले समाजमा आफ्ना क्रियाकलाप गर्ने र समाजको नियम अनुसार कार्यव्यवहार गर्दा विभिन्न किसिमको मनोविज्ञान उत्पन्न भएको छ । यस एकाङ्कीमा ध्रुव, प्रभा, शङ्कर, उर्मिला यिनीहरू सामाजिक रीतिरिवाज र मान्यता आँखा चिम्लेर विश्वास गर्दछन् ।

प्रभा : तै पनि म आमाको मुख एक चोटी हेर्छु मन । आमाको अरू त सब मेरा लागि मरि नै सके मन (मल्ल, २०२८: ५२) !

यस एकाङ्कीमा छोरी चेली मागेर बिवाह गरेपछि उसलाई मरे समान व्यवहार गर्ने, छोरी पनि पढेर शिक्षित भएर जागिर खाने, युवा युवतीहरू, माया जालमा पर्ने  आफ्नो संस्कार र प्रथा रहेका छन् । नारी मनोविज्ञानमा आधारित यस एकाङ्कीमा किताबका पानालई सौताको रूपमा खडा गरेर त्यहाको चालचलन, रीतिरिवाज र संस्कार र प्रथा चिन्न सकिन्छ । यो एकाङ्की नारी मनोविज्ञानमा आधारित भएकाले समाजको चालचलन  र रीतिरिवाजलाई कम प्राथमिकता दिएर शब्दकोश लेख्ने र नेपाली भाषालई सरल बनाएर प्रत्येक नेपालीको जिब्रोमा नेपाली भाषा झुन्डियोस् भन्ने रहेको छ ।

### ५.२.३ 'बहुला कहिका' एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा

'बहुला कहिका' एकाङ्कीमा रहेका पात्रहरूको परस्पर अन्तर्क्रियाबाट त्यहाँको संस्कार, संस्कृति र प्रथा थाहा पाउन सकिन्छ । यस एकाङ्कीमा रहेका पात्रहरूले आफ्नो नीति नियम र संस्कारको पालना गर्ने कोहीले नराम्रा संस्कारको उपहेलना गर्न खोजिएको छ । श्यामा, उमा र विनय एक सम्पन्न परिवारका सदस्य हुन् । उनीहरूको संस्कार, मूल्य, मान्यताअनुसार मधेशमा जग्गा जमिनमा गरिब किसान कार्य गर्छन र धनाढ्य परिवार शहरमा बसेर आरामको जिन्दगी बिताउछन् । श्यामले छोरा पनि बसेर आरामको जिन्दगी बिताओस् पुग्ने समपत्ति छदैंछ भन्ने मान्यताले भरिएकी आमाको सोच अनुसार छोरी ठूली

भएपछि घरबाट निस्कनु हुँदैन । धनी र सम्पन्नशाली केटा खोजेर विवाह गरिदिए सबै पुग्ने बताएकी छन् । छोराछोरीको चाहना विपरीत श्यामाको चाहना पुरानो मान्यता संस्कार र संस्कृतिमा आधारित छ । परम्परादेखि चल्दै आएको मान्यताअनुसार उनका बाजे बराजुले कमाएको सम्पत्ति टन्न छ । यही संस्कार पुर्खौ सम्म चलिरहोस भन्ने मान्यता श्यामाको रहेको छ ।  छोरीलाई परपुरूषसँग हिड्न नदिने, छोरालाई पनि आफ्नो संस्कृति अनुसार विवाह गरोस् र घरजम गरेर बसोस् भन्ने रहेको छ । श्यामा छोरीलाई परपुरूष सँग हिँडेको रूचाउँदिनन् ।

श्यामा : मैले बुझ्या छु के गर्नु अब पढ्न निस्कन्न । थाहा पाउनु भो तपाईले (मल्ल, २०६८: ७४) ।

संस्कृतिको आधारमा ‘बहुला कहिँका’ एकाङ्कीको आकलन गर्दा आमाले छोराछोरीलाई आफ्नो अधिनमा राख्न खोज्नु छोरीको विवाह गरिदिने र छोराको घर समाल्नु पर्ने चाहाना राख्नु कुरा त भएका छन् नै साथीभाई दुःख बिरामी परेको छ भन्दा भेट्न आउने हाम्रो परम्परा रहेको छ । मानिस भनेका जिउँदाको जन्ती र मुर्दाका मलामी हुन भन्ने भावना पनि धैर्य भन्ने पात्रमा रहेको छ । यस परिवारमा खान्दानी र नोकर चाकर राख्ने पुरानो मान्यता रहेका छन् ।

धैर्य : अचेल मानिस मन परेन की त्यो मानिस बहुलायो भन्ने चलन चलेको छ (मल्ल, २०६८: ८९) ।

यस एकाङ्कीमा सस्कार, संस्कृति र प्रथाहरूले पात्रहरू ओतप्रोत भएका छन् ।

### ५.२.४ ‘जीवन बिमा’ एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा

‘जीवन बिमा’ एकाङ्कीमा रहेका पात्रहरूको अन्तर्किया र उनीहरूको संवादबाट त्यहाँको संस्कार, संस्कृति र प्रथा थाहा पाउन सकिन्छ । यस एकाङ्कीमा रामप्रसादले कान्तालाई टाइपिस्ट हो भन्नु, कान्ता काम छिन्नु, रामप्रसाद र कान्ताको आवेशमय आगमन पछि रामप्रसादको परिचय सबैले पाउनु र त्यसै बखत वीर बहादुरको आगमन हुनु सम्मको घटना घटेका छन् । यस्ता घटनालाई विभिन्न सोच र संस्कार खडा गरेका छन् ।

यस एकाङ्कीमा नारी टाइपिस्ट बाहेक अरू केही काम गर्न सक्दैन भन्ने मान्यता राखिएको छ भने रामप्रसाद जस्ता पात्रकै माध्यमबाट गर्नुपर्छ भन्ने पनि रहेको छ । छोरी क्याम्पस पढ्न गएको घटना सुनाएर छोरी पनि पढ्ने संस्कार रहेको देखाइएको छ । यस एकाङ्कीमा शिक्षित र सभ्य समाजका कृष्ण जस्ता पात्रको माध्यमबाट संस्कार, संस्कृति र प्रथाको झल्को पाउन सकिन्छ । यहाँ छोरीको विवाह भएर पराई घर जानुपर्ने, श्रीमान् मरेपछि विधवा हुने, बालवच्चा टुहुरा हुने संस्कार, संस्कृति र प्रथा रहेको पाइन्छ । यस एकाङ्की सामाजिक विषयवस्तुमा आधारित छ तर संस्कार र संस्कृति भन्दा धेरै सामाजिक परिवर्तनको चाहना व्यक्त गरिएको छ ।

### ५.२.५ 'कोसँग जुधौँ' एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा

'कोसँग जुधौँ' एकाङ्कीमा रहेका पात्रहरूको अन्तर्क्रियाबाट त्यहाँको समाजको संस्कार, संस्कृति र प्रथा थाहा पाउन सकिन्छ । यहाँ भएका घटना शृङ्खलाहरूले क्रमशः त्यहाँको चालचलन र रीतिरिवाज बुझ्न सकिन्छ र यसैका आधारमा हामीले संस्कृति बुझ्न सक्छौँ । डाक्टरले बिरामी निको पार्न गएको तर रोग धेरै बल्झिरहेकोले बचाउन नसकिने कुरा व्यक्त गरेको छ । डाक्टर केवल डाक्टर हो, उसले बाँच्ने र बचाउने काम भगवानको हातमा रहेका विश्वास पनि दिलाएको छ । ब्रेन ट्यूमरको अप्रेशन भएपछि डाक्टरले आफ्नो नीति नियम पूरा गरेको छ  तर बिरामीलाई जेमा  विश्वास छ त्यसैमा भर पर्न आग्रह पनि गरेको छ ।

डाक्टर : म यस रोगको विषयमा तपाईलाई के उल्लेख गरूँ, रोगै यस्तो हामी डाक्टरको पनि यसमा के लागोस् (मल्ल, २०६८: १०९) ।

हाम्रो परम्परा र नियम अनुसार भगवानलाई विश्वास गरे जस्तै यसमा पनि यहाँको संसार अनुसार भगवानलाई विश्वास र आस्था गरेका छन् । यसरी यहाँ आफ्नै परम्परा र संस्कृति अनुसार छोराछोरी पढाउने काम गर्नु, आफु शिक्षक पेशामा रहेको तर बिरामी परेर अहिले त्यो पेशा पनि गर्न नसकेको, आफ्नी पत्नीलाई असाध्यै माया गर्ने, छोराछोरी र आमा प्रति स्नेह अथाहा स्नेह रहनु, दोस्रो विवाह गर्ने प्रथा पनि रहेको छ । परिवारमा एक अर्कामा मिलेर बस्नु सबैमा माया ममता रहनु संस्कृति रहेको छ । यहाँ विवाह छोराछोरी आमा

सबैलाई खुसी राख्ने र छोरा विक्रमको भविष्यदेखि चिन्तित भएर छोरालाई दोस्रो विवाह गर्ने सल्लाह दिइएको पाइएको छ ।

### ५.२.६ 'शीलाको बङ्गला' एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा

'शीलाको बङ्गला' एकाङ्कीमा भएका पात्रहरूको अन्तर्क्रिया र क्रियाकलापको माध्यमबाट हामीले संस्कार, संस्कृति र प्रथा छुट्याउन सक्छौं । शीलाको बङ्गला एकाङ्की २००७ सालमा भएको जनक्रान्तीमा आधारित एकाङ्की हो । यसमा भएका पात्रहरूको माध्यमबाट त्यहाँको संस्कार, संस्कृति र प्रथा कस्तो छ छुट्याउन सकिन्छ ।

यस एकाङ्कीमा सयौ नोकर चाकर राख्ने भोग विलासीको जीवन विताउने, नाचगान गर्ने, तास खेल्ने रक्सी पिउने, आफ्नो स्वार्थको लागि जस्ता सुकै बिच काम पनि गर्न सक्ने जस्ता कुराहरू देखाइएको छ ।

शीला : हजारौं सुसारेहरू थिए रयहाँ लाखौं रूपैया पानी सरि बग्थ्यो र हीरा मोति जुवहारातको चमक बाहेक कसैका कानमा, गलामा, अरू केही थिएन रे, सथै चाड जस्तो रमझम नाचगान र लिलाहरू भैरहन्थे रे (मल्ल, २०३४: ७१) ।

यहाँ चाडपर्व मनाउने सर्वसाधारण व्यक्तिसँग भेट्न नदिने, यदि सामान्य परिवारसँग घुलमिल भएमा इज्जतमा धक्का लागेको सम्झिने, विवाह गर्ने जस्ता संस्कारका कुराहरू आएका छन् । त्यहाँको संस्कारमा सुसारेहरूले जे भन्यो त्यही मान्ने मस्तीमा बिताउन संस्कार रहेको पाइन्छ ।

यहाँको समाजमा हुनै नसक्ने कुरालाई बहाना बनाएर आफ्नो आनन्द लिने चलन पनि देखाइएको छ । राज परिवारमा पर्व मनाउनका लागि कुनै पर्व आउनु पर्दैनथ्यो । एउटा एउटा बहाना बनाएर हरेक दिन पर्व जस्तै मनाउँथे । यस एकाङ्कीमा यस्तै खालको समाजको संस्कार, संस्कृति र प्रथाहरू पाउन सकिन्छ ।

### ५.२.७ 'पत्थरको कथा' एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा

'पत्थरको कथा' एकाङ्कीमा पात्रहरूले आफ्नै समाजको नीति, नियम र चालचलन अनुसार कार्य गरिरहेका हुन्छन् । उनीहरू यही संस्कारको चिनारी दिन मरिसकेका मानिस पत्थर भएर चल्मलाउँदै उठेर त्यहाँका समाज बताएका छन् ।

एउटा धनाढ्य परिवार त्यस घरमा नोकर, चाकर रहेका र त्यही घरको मालिक विपिन शामन्त र शोषक हुनु, परिवारको माया नगरेर बाहिर आइमाइसँग लाग्ने, समाजमा केही राम्रो काम गर्न लागे मार्ने, गाउँका सोझा र भलाद्मी मानिसलाई फँसाउने कार्य गर्दछ । मानिस समाजमा जस्तो सुकै सामाजिक कार्य गरे तापनि उसले एक दिन मृत्युको मुखमा पुग्ने गर्छ । परिवारको बेहाल भएको गलत मानिसहरू गलत कामले मर्न सक्छन् । यस्ता मानिसहरू धर्तीका मात्रै बोझ नभएर मृत्युलोकमा पनि गलत साबित भएका छन् ।

रघुवीर : हो तिमी पत्थर भयौ । हामी तिम्रो मुखमा थुक्न सक्छौं (मल्ल, २०६८: १६) ।

यहाँको सामाजिक संस्कार राम्रो काम गर्ने सराहनीय हुने तर काम गर्नेलाई नराम्रो दृष्टिले हेर्ने, धनीले गरिबको शोषण गर्ने, नोकरले मालिकले जे भन्यो त्यही मान्ने संस्कार, संस्कृति र प्रथा रहेको छ ।

### ५.२.८ 'सत्ताको खोजमा' एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा

'सत्ताको खोज' एकाङ्कीमा रहेका पात्रहरूको पारस्परिक अन्तर्क्रियाबाट त्यहाँको संस्कार, संस्कृति र प्रथा पत्ता लगाउन सकिन्छ । यस एकाङ्कीमा तिलकमान मुख्य पात्र रहेको छ । उसले आफ्नो संस्कार संस्कृति र प्रथाको जगेर्ना गर्न खोज्दा श्रीमतीको मृत्यु भएको छ ।

यहाँ समाजमा रहेर पात्रहरूको विभिन्न प्रकारका क्रियाकलापबाट संस्कार थाहा पाइन्छ । यहाँको घटनाक्रम मीना र शीला घरदेखि टाढा काठमाडौँ कोठा भाडामा लिएर बस्नु, छोरी पनि छोरा सरह पढ्ने लेख्ने काममा अगाडि बढ्न तिलकको घरको संस्कार स्वास्नीलाई टन्न खान, लाउन र सम्पत्ति दिएर खुसी राख्न सकिन्छ भन्ने संस्कार रहनु, यस्ता संस्कृतिले गर्दा प्रर्मिलाले सहन नसकेर आत्म हत्या गर्न पुगेकी छिन् ।

तिलकमान : मैले तिमीलाई आफ्नो माया र चम्बनले ढाक्न खोजेके थिएँ, यस चुम्बनलाई समेत तिमीले के ठान्यौ के अपराध गराएको सम्झ्यौ (मल्ल, २०६८: १०७) ।

मानिस समाजमा रहेर पनि उसले समाजका नियम र मान्यता संस्कार र प्रथालाई अँगाल्न नसकेर मृत्युको मुखमा पुगेका छन् । समाजका आफ्नै किसिमका नीति नियम र शासन हुने गर्दछन् । यही क्रममा नोकर राख्ने, नोकरलाई दासी सम्झने प्रवृत्ति पनि पाइन्छ । यस एकाङ्कीमा बिहे गर्ने, माया गर्ने, आइमाईलाई भोग्य सम्झने र गल्तीको पश्चताप गर्ने संस्कार पनि पाइन्छ ।

तीलक : जब म मृत्युको नजिकै पुगुँला र अर्धजलया लम्पसार परूँला, तिमी आउनु र सुटुक्क भन्नु कुन स्वतन्त्र सत्ताको खोजमा तिमीले गर्ने अधिकार उपयोग गरेकी थियौ (मल्ल, २०६८: १०७)

संस्कार र संस्कृतिको आधारमा यस एकाङ्कीलाई हेर्दा यिनै माथिका प्रसङ्गहरू आएका छन् ।

### ५.२.९ 'मृत्युको छायामुन्तिर खोज' एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा

'मृत्युको छायामुन्तिर खोज' एकाङ्कीमा एउटा यस्तो समाजको परिकल्पना गरिएको एकाङ्की हो  जसमा विभिन्न प्रकारका आधारहरूका साथमा संस्कारका आधार पनि प्रस्तुत गरिएको छ । यहाँ संस्कार समाजमा रहेको पात्रहरूको अन्तर्क्रियाबाट विभिन्न संस्कार, प्रथा प्रस्तुत गरिएको छ। यस एकाङ्कीमा आफूभन्दा ठूलाको सम्मान र सानालाई आदर भाव व्यक्त गरिएको छ । यहाँको समाज प्रदीपले शुसिलालाई नेपाली लोकगीत प्रति चासो दिएकोमा खुसी व्यक्त गरेको छ । नरेश आफ्नो काममा जानै लाग्दा भाउनु सुशिलाकी आमाले उसलाई पान सुपारी खुवाएर बिदा गरेकी छन् ।

नरेश : लौ हेर्नोस्  न, म कहीँ विदेश झर्न लागेको छु र भाउजुको जिद्दी । पानसुपारी लिनै पर्ने । (मल्ल, २०६८: १३४)

यहाँका हरेक पात्रका मनमा सामाजिक संस्कार पाउन सकिन्छ । डाक्टर पनि आफ्नो जिउ ज्यान लगाएर सेवा गर्नुपर्छ भन्ने मान्यता र संस्कार भएको छ र उसको

संस्कारअनुसार समाज एक आपसमा मिलेर बसोस मानिस बाचुञ्जेल मिलेर बसोस भन्ने चाहना व्यक्त गरेको छ । यहा डाक्टरले पनि विरामी निको पार्ने काममा समाजको हितको पक्षको संस्कारमा रहेको छ ।

### ५.२.१० 'पुराणको हराएको पाना' एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा

'पुराणको हराएको पाना' एकाङ्की एउटा पुराण कथामा आधारित हो । यसमा रहेका पात्रहरूको अन्तर्क्रिया र त्यहाँको घटना थाहा पाउन सकिन्छ । यहाँ विभिन्न किसिमका पात्रहरूको उपस्थित गराएर तिनीहरूको चालचलन र व्यवहार पनि देखाउने प्रयास गरिएको छ ।

यस एकाङ्कीमा पहिलो पात्र र दोस्रो पात्र कुचो लिएर घर सफा गर्न छिरेका छन् । उनीहरू केही नजानेका अनपढ कस्तो वस्तु चाहिने कस्तो वस्तु नचाहिने केही थाहा छैन । यसबाट थाहा हुन्छ की त्यहाँको समाजमा पढ्ने सभ्य हुने संस्कार छैन भन्ने कुरा । प्रत्येक तिन घरको उस्तै दृश्य देखाएर पछि गङ्गादेवी र शान्त जस्ता पात्र लाई ल्याइएको छ । उनीहरूको यस भनाइबाट पनि बुझ्न सकिन्छ कि उनीहरूको संस्कार, संस्कृति र प्रथामा अन्धविश्वासलाई आँखा चिम्लेर विश्वास गर्छन ।

गङ्गा : त्यो पनि कसैले भन्नुपर्छ र ! सरापले मेरो यस्तो दुर्दशा छ, नत्र मलाई यस पृथ्वीमा ओर्लेर यी सबै कष्ट किन भोग्नुपर्थ्यो (मल्ल, २०२८: ९३) ?

यहाँका चालचन संस्कार प्रथा भन्नाले यस एकाङ्कीमा कस्तो चालचलन र मान्यतालाई स्वीकार गरेका छन् भन्ने कुरा बुझिन्छ । यहाँ गल्ती गरेकालाई सजाय दिने, पुरातात्विक संरक्षण गर्नुपर्ने, अरूको घरमा नसोधी यस्ता आरोप लगाउने जस्ता चालचलन पनि भेट्न पाइन्छ ।

### ५.२.११ 'पाहुना' एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा

'पाहुना' एकाङ्कीमा भएका पात्रहरूको परस्पर अन्तर्क्रिया र उनीहरूको मनोविज्ञानबाट त्यहाँको संस्कार कस्तो छ, संस्कृति कस्तो छ भन्ने बुझ्न सकिन्छ । यस एकाङ्कीमा रहेका पात्रहरू सान्नानी, दिलमाया, कृष्ण, ड्राइभर जस्ता नोकरले मालिकको

घरमा काम गर्छन । उनीहरू बिहानै देखि 'पाहुना' आउने भएकाले घर सजाउने र खानेकुरा तयार पार्ने काममा व्यस्त छन् ।

दु: साहेव : तेरो खप्पर ब्रेकफास्ट पनि लिएर आन क्या बाहुनीलाई तयार पारिसकेकी होली फलफुल रेफ्रिजेरेटरबाट झिकेर लैजानु (मल्ल, २०३४: २३) ।

यसरी यहाँ एकाङ्की भरि पाहुनाको स्वागतमा लागि परेका छन् । हाम्रो समाजमा जुन पाहुनालाई देवता मानेर स्वागत गर्छौं उनीहरूलाई घरमा नभए पनि किनेर ल्याएर कुनै कुराको कमी महसुस हुन दिन्नौ त्यस्तै छ ।

'पाहुना' भनेका हाम्रा लागि भगवान हुन् । यिनीहरूको राम्रो स्वागत गर्नुपर्छ । उनीहरूको मान सम्मामा कुनै कमी राख्नु हुदैन उनीहरूको सत्कार गर्नुपर्छ भन्ने सस्कार यस एकाङ्कीमा पाइन्छ । समाजमा पाहुनालाई देवता त मानिन्छ तर ती पाहुना कुन विचार लिएर आउँछन् भन्ने समाजमा बुझ्न सक्दैन भन्ने चालचलन पनि देखाइएको छ ।

### ५.२.१२ 'अन्धाको पनि आँखा खुलेको हुन्छ' एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा

'अन्धाको पनि आँखा खुलेका' हुन्छ एकाङ्की देश प्रेमीहरूको कथावस्तु भएको एकाङ्की हो । यसमा रहेका पात्रहरूले त्यहाँका संस्कार, संस्कृति र प्रथाको प्रस्तुति देखाउँदा यहाँ नरेन्द्र, कल्पना, उज्ज्वल, गम्भीर र शीला जस्ता पात्रहरूले त्यहाँको रहन सहन झल्काउने काम गरेका छन् ।

सुष्मिता : मैले सुनी छु । त्यो बगैंचा नै बुद्वको प्रतीक हुनेछ शान्ती र अहिंसाको (मल्ल, २०३४: ५२) ।

यहाँ २००७ सालको जनक्रान्तिमा सयौं असल मानिस मारिए देशको शान्ति हराएर गयो र फेरि देशमा शान्ति ल्याउनुपर्छ । देश भनेको हाम्रो जन्म धर्ती हो, यहाँ हामीले कार्य गरेर देशलाई उन्नति पथमा लैजानु पर्छ भन्ने रहन सहन पाउन सकिन्छ । कल्पना र नरेन्द्रको अपार माया प्रेमले नेपाली सबै एक अर्काको माझमा रमाउन चाहन्छ भन्ने हो र शुष्मा दिदी जस्ता आँखा नदेख्नेलाई माया गरेर हामी नेपाली एक अर्काको दु:खमा कहिल्यै साथ छाड्नु हुँदैन भन्ने रहन सहन संस्कार र प्रथा जस्ता कुराहरू समेटिएका छन् । विशेष

गरी यस एकाङ्कीमा व्यक्तिगत भन्दा सामुहिक रूपमा मिलेर बनौं र नेपालीले नेपालीको आदर सम्मान गरौँ भन्दै देशभक्ति संस्कार झल्काउने काम गरिएको छ ।

### ५.२.१३ 'श्री ५ बडामहाराज पृथ्वीनारायण शाह' एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा

'श्री ५ पृथ्वी नारायण शाह' एकाङ्की राष्ट्र प्रेममा आधारित एकाङ्की हो । यस एकाङ्कीमा रहेका मुख्य पात्र पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेर नेपाललाई एउटै बनाउने अभियानमा विभिन्न संस्कार, संस्कृति र प्रथा देखा परेका छन् ।

यहाँ पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेको कुराले नाटकीय ढङ्गमा प्रस्तुत गरिएको छ । पृथ्वीनारायण शाहले मकवानपुर, भक्तपुर, पाटन काठमाडौं जस्ता ठाउँका राज्यहरू जित्ने क्रममा त्यहाँको समाजमा संस्कारहरू देखा परेका छन् । मकवानपुर विजय गरेर दिग्बन्धन सेनालाई आफ्नो यथार्थ बताउने क्रममा विभिन्न किसिमका समाज मनोविज्ञान उत्पन्न भएका छन् । यस एकाङ्कीमा कसैले बोलेको वचनले इख लागेको, पृथ्वीनारायण शाहले विवाह गर्न लागेको दुलही भित्राउनका लागि गरिएको तयारी जस्ता संस्कार देखा परेका छन् ।

पृथ्वी : दया हैन दिग्बन्धन सेन यो, दया हैन, यो कुरा हैन । विधिवत राजा भएका राजालाई मार्ने शास्त्र बचन नहुँदा नत्र तपाईहरूका अपमान र दुर्वचनका बदला त (मल्ल, २०३४: ८५) ।

विधिवत राजालाई मार्न नहुने कुरा उठाइएको छ । यहाको धर्म, संस्कृति र संस्कार मा त्यहाँको रहन सहन र चालचलन भन्ने पनि बुझिन्छ । त्यहाँ नेपालमा उत्पादन भएका सामग्री उपभोग गर्नु, आफ्ना पाहुनालाई स्वागत गर्नुपर्ने, विवाहमा दाइजो प्रथा रहनु, भोग विलासी जीवन बिताउनु पनि संस्कार हो । जितेको राज्यमा जतिसुकै दुश्मन भए पनि सबैलाई आफ्नो प्रजा सम्झनु, जतिसुकै शक्तिशाली भए पनि समाजमा रहेका व्यक्तिले साथ नदिएमा कसैले विजय प्राप्त गर्न सक्दैन भन्ने पनि रहेको छ ।

## ५.३ निष्कर्ष

व्यक्तिले समाजमा बसेर गर्ने सामाजिक क्रियाकलापबाट समाजको संस्कार, संस्कृति र प्रथा जस्ता व्यवहार आउने गर्दछन् । विजय मल्लका दोस्रो चरणमा रहेका 'कंकाल' देखि 'श्री ५ पृथ्वीनारयण शाह' सम्मका १३ वटै एकाङ्कीमा रहेका पात्रहरूले समाजमा बसेर सामाजिक क्रियाकलापका साथै पात्र पात्रहरू बिचको अन्तर्क्रियामा त्यँहाको चालचलन रहन सहन देखाएका छन् । यसरि विजय मल्लका दोस्रो चरणमा रहेका एकाङ्कीहरू समाज मनोविज्ञानमा आधारित छन् ।

समाजमा रहेका व्यक्तिमा के कारणले समाज मनोवित्रान उत्पन्न हुन्छ । उनीहरू कसरी आफ्नो र अर्का बिच विभेद गर्छन । समाजका व्यक्तिहरू समाजमा रहेर पनि किन उनीहरूको विचारमा विभेद  उत्पन्न हुन्छ भन्ने कुरा विश्लेषण गरिएको छ । विजय मल्लका दोस्रो चरणको एकाङ्कीमा र विशेष गरी कंकाल, जीवन बिमा, को सँग जुधौं, पाहुना, सत्ताको खोजमा, पुराणको हराएका पाना जस्ता एकाङ्कीमा संस्कार, संस्कृतिको प्रचुरता पाउन सकिन्छ । कंकाल एकाङ्कीमा युवतीको वालविाह हुनु, लोग्ने मरेपछि विधवा बन्नु, चुरा फोर्नु, विधवाले विवाह गर्न नहुने भन्ने संस्कार संस्कृति र प्रथाको कारणले नै हो । 'जीवन विमा' एकाङ्कीमा पनि हाम्रो समाजमा आइमाइले केही ठूलो काम गर्न सक्दैनन, टाइपिस्ट जस्ता काम गरेर लोग्ने मानिसका काम खोसेका छन् भन्ने रहेको छ भने, 'को सँग जुधौं' एकाङ्कीमा बिवाह, बालबच्चा, आमाको प्रेम बिवाह गर्ने सल्लाह जस्ता रहेका छन् । 'पाहुना' एकाङ्कीमा पाहुनालाई देवता मान्ने संस्कार रहेको र 'सत्ताको खोजमा' एकाङ्कीमा आइमाईलाई भोग्या सम्झिने हाम्रो समाजको संस्कृति देखाइएको छ । 'पुराणको हराएको पाना' मा पनि यहाँको समाजले हाम्रा महत्त्वपूर्ण वस्तु सम्हालेर राख्न नसकेको परम्परा देखाइएको छ ।

# छैटौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ७.१ सारांश

'विजय मल्लका दोस्रो चरणका एकाङ्कीमा समाज मनोविज्ञान' शीर्षकको यस शोधपत्रका अघिल्ला परिच्छेदमा उल्लेख गरिएका कुराहरू साथै यसको समष्टि निष्कर्ष पनि उल्लेख्य पक्ष हुन् । त्यसैले यस परिच्छेदमा यस शोधपत्रका अघिल्ला परिच्छेदहरूको सारसङक्षेप र निष्कर्ष प्रस्तुत गरिएको छ । विजय मल्लका दोस्रो चरणका एकाङ्कीमा समाज मनोविज्ञान शोधपत्रको पहिलो परिच्छेदमा समग्र रूपमा शोधकार्यको विषय परिचय दिइएको छ र त्यसपछि क्रमश : समस्या कथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको सिमाङ्कन, शोधकार्यको औचित्य तथा महत्व, शोध विधि र शोधपत्रको रूपरेखा शीर्षकमा शोधकार्यको परिचय प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा समाज एवम् सामाजिक संरचनाको आधारमा विजय मल्लका दोस्रो चरणका एकाङ्कीहरू शीर्षक रहेको छ । यस परिच्छेदमा विजय मल्लका कङ्काल वि.सं. २०१९ देखि अन्धाको पनि आँखा खुलेको हुन्छ वि.सं. २०३२ साल सम्मका १३ वटा एकाङ्कीको सामान्य चर्चा सहित सामाजिक संरचनाको आधारमा पात्रहरूले समाजमा बसेर गरेको क्रियाकलापलाई समेटिएको छ । एकाङ्कीमा रहेका पात्रहरूले गरेको अन्तर्क्रियाबाट संरचना पत्ता लगाउन सकिन्छ । यहाँका पात्रहरूको आफ्नो नाटकीय रूपमा त्यहाँको समाजको संरचना देखाएका छ । एकाङ्कीमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा दिइएको क्रियाकलापबाट सामाजिक संरचनालाई प्रस्ट पारिएको छ ।

तेस्रो परिच्छेद विजय मल्लका एकाङ्कीमा सामाजिकीकरण शीर्षक रहेको छ । यस परिच्छेदको उपशीर्षकमा विजय मल्लका दोस्रो चरणमा पर्ने सम्पूर्ण एकाङ्कीहरूमा निहित पात्रहरूको सामाजिकीकरणमा सामाजिक नियमले पारेको प्रभाव र समाजमा सामाजिकीकरण हुँदा उनीहरूमा भएको मनोविज्ञानलाई विश्लेषण गरिएको छ ।

एकाङ्कीमा रहेका पात्रहरूको सामाजिकीकरणमा सामाजिक नियमले प्रभाव पारेको छ । सामाजिक चालचलन र व्यवहारले एकाङ्कीमा रहेका पात्रहरूको व्यवहारलाई

अनुशासित गराउनुका साथै समाजमा गर्न हुने र गर्न नहुने आदि क्रियाकलापलाई निर्देशित गरेको छ । सामाजिकीकरणमा एकाङ्कीमा रहेका पात्रहरू कसरी समाजमा समायोजन भएर रहन्छन् भन्ने कुरा प्रस्ट पारिएको छ । मानिस सामाजिक प्राणी हो ऊ समाजमा रहेर सामाजिक कार्य गरेर समाजमा समायोजन भएको हुन्छ भन्ने कुरा देख्न सकिन्छ ।

चौथो परिच्छेदमा विजय मल्लको एकाङ्कीमा सामाजिक परिवर्तन शीर्षक रहेको छ । यस परिच्छेदका उपशीर्षकहरूमा विजय मल्लका दोस्रो चरणका एकाङ्की कङ्काल वि.सं. २०१९ देखि अन्धाको पनि आँखा खुलेको हुन्छ वि.सं. २०३२ साल सम्मका १३ वटा एकाङ्कीहरूलाई सामाजिक परिवर्तनका आधारमा विश्लेषण गरिएको छ ।

एकाङ्कीमा रहेका पात्रहरू उनीहरूको अन्तर्क्रिया र परस्पर क्रियाकलापले उनीहरूले समाजमा गरेको परिवर्तन र सामाजिक परिवर्तन गर्न खोजेको कुरा प्रस्ट गर्न खोजिएको छ ।

पाँचौं परिच्छेदमा विजय मल्लका एकाङ्कीमा संस्कार, संस्कृति र प्रथा शीर्षक रहेको छ । यस परिच्छेदमा उपशीर्षकहरूमा विजय मल्लका दोस्रो चरणका एकाङ्की कङ्काल वि.सं. २०१९ देखि अन्धाको पनि आँखा खुलेको हुन्छ वि.सं. २०३२ साल सम्मका १३ वटा एकाङ्कीको संस्कार संस्कृति र प्रथका आधारमा विश्लेषण गरिएको छ ।

एकाङ्कीमा रहेका पात्रहरू उनीहरूको अन्तर्क्रिया यहाँको समाजको रहन सहनले समाजका संस्कारहरूमा मनोविज्ञान खडा गर्दछ । एकाङ्कीमा रहेका पात्रहरूको सामाजिक व्यवहारले समाजमा भएका गतिविधी पत्ता लगाउँछ । पात्रहरूले के कस्तो रितिरिवाज र के कस्तो चाल चलन मान्दै आएका र विश्वास राखेका हुन्छ यो नै संस्कार, संस्कृति र प्रथा हो भन्ने कुरा खुलस्त पारिएको छ र छैठौं परिच्छेदमा सारांश तथा निष्कर्ष राखिएको छ ।

## ७.२ निष्कर्ष

समाज मनोविज्ञान  मनोविज्ञाको एउटा प्रमुख हाँगाको रूपमा रहेको छ । व्यक्तिको सामाजिक संरचनाको अध्ययन तथा विश्लेषण सामाजिक परिवर्तन सामाजिकीकरण, संस्कार जस्ता कुराहरू मनोविज्ञान अन्तर्गत पर्दछ । समाज मनोविज्ञान व्यक्तिको सामाजिक व्यवहार अध्ययन गर्ने विज्ञान हो । यसले समाजमा रहेका व्यक्तिको सामाजिक अध्ययन गर्दछ ।

समाज मनोविज्ञानले समाजको सामाजिक संरचना, सामाजिक परिवर्तन, सामाजिकीकरण, संस्कारका साथै व्यक्तिको सक्रियतामा समाजमा देखिएका विभिन्न पक्षहरूको विश्लेषण गर्दछ । मुख्यत : समाज मनोविज्ञनमा व्यक्तिका माध्यमबाट सामाजिक रूपमा अध्ययन गरिन्छ ।

विजय मल्ल मनोवैज्ञानिक नाटककार तथा एकाङ्कीकार हुन् । मनोवैज्ञानिक रूपमा रहे तापनि मल्ले सामाजिक यथार्थतमा स्वैरकल्पनात्मक रूपमा आधारित एकाङ्की पनि रचना गरेका छन् । उनले रचना गरेका एकाङ्कीहरू यथार्थतामा आधारित हुनुको साथै, प्रयोगशील, समस्यामुलक, स्वैरकल्पना, प्रतीकको प्रयोगका साथै समाज मनोविज्ञानमा पनि आधारित छन् । मल्लको एकाङ्कीमा मुख्य प्रवृत्ति भनेको प्रयोगशील एकाङ्कीका साथै स्वैरकल्पनात्मक एकाङ्की रचना गर्नु हो । प्रयोगशील र स्वैरकल्पनात्मक एकाङ्कीको रचना गरेतापनि यस चरणका एकाङ्कीमा समाज मनोविज्ञान पाउन सकिन्छ । यस चरणका एकाङ्की *कंकाल* र *पत्थरको कथा* एकाङ्कीमा प्रेतात्माको आफ्नो विगत गुनासाको उद्घाटन देखाइएको छ । *यो किताव नच्यातियोस्* र *सत्ताको खोजमा* नारी मनोविज्ञानका असामान्य मनस्थिति देखाइएको छ । *बहुला कहिँका* एकाङ्कीमा चित्र निर्माणको समर्पण भावलाई अन्य व्यक्तिको आँखाबाट बौलाहाको रूपमा लिइएको छ । *जीवन बिमा* एकाङ्कीमा एजेन्ट रामप्रसाद र कान्ता बिचको आवेगमय संवादबाट सानो विषय पनि गम्भीर हुन पुगेको छ । *कोसँग जुधौँ ?* एकाङ्कीमा मल्ले एक रुग्ण व्यक्ति विक्रमको मरणासन्न अवस्थाको मनस्थितिलाई केलाएका छन् । *शीलाको बङ्गला* एकाङ्कीमा राणाकालिन दरबारका बहुमुल्य वस्तुहरू कसरी साहुहरूका हातमा लिलाम जस्तो गरी सस्तोमा बेचिएको कुरा देखाएका छन् । मृत्युको *छायामुन्तिर खोजमा* एकाङ्कीमा प्रत्येक मानिस मृत्युको छाया मुन्तिर आ-आफ्नो अस्तित्वलाई जोगाउन चाहिरहेको स्थिति बोध गराएका छन् । पुराणको हराएको पानामा पुरा कथाबाट नाटकीय प्रयोग गर्दै पुरातात्विक सामग्री संरक्षण नभएको कारण बताएका छन् *पाहुना* मा मृत्यु, सपना र भविष्यको सङ्केत पाहुनालाई गरिएको छ । *श्री ५ वडामहाराज पृथ्वीनारायण शाह* एकाङ्कीमा राज्य एक्ताको भाव र *अन्धाको पनि आँखा खुलेको हुन्छ* एकाङ्कीमा आँखा देख्ने व्यक्तिहरू भन्दा आँखा नदेख्ने व्यक्तिले देशको चिन्ता बढी गरेको अवस्था नाटकीय रूपमा प्रस्तुत गरिएको छ ।

## ७.३ भावी शोधकार्यका लागि सम्भाव्य शीर्षकहरू

यस शोधसँग सम्बन्धित अध्ययन गर्न सकिने अध्य शीर्षकहरू यस प्रकार छन् :

क) नारी मनोविज्ञानको आधारमा विजय मल्लका एकाङ्कीहरू

ख) विजय मल्लका एकाङ्कीमा मनोविज्ञान

ग) विजय मल्लका एकाङ्कीहरूमा स्वैर कल्पनाको प्रयोग

घ) विजय मल्लका एकाङ्कीमा अतियथार्थबाद आदि ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, नारायण (२०६९), "भुलै भूलको यथार्थ नाटकको कृतिगत विश्लेषण", अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि.कीर्तिपुर ।

अधिकारी, पूर्णप्रसाद (२०५२), 'विजय मल्लको नाट्य प्रवृत्ति र बहुलाकाजीको सपना' *समकालीन साहित्य* पूर्णङ्क १८ (पृ १३-२६) ।

अधिकारी, विनोद (२०७१), "विजय मल्लको दोस्रो चरणको नाटकमा समाज मनोविज्ञान" अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर ।

आचार्य, व्रतराज (२०६६), *आधुनिक नेपाली नाटक,* ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद र अन्य (सम्पा. २०४९), *नेपाली एकाङ्की भाग २,* ललितपुर : साझा प्रकाशन ।

क्षेत्री, उदय (२०६४), "समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन", अप्रकाशित विद्यावारिधि शोध प्रवन्ध नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर ।

खतिवडा, नित्यानन्द (२०६४), "विजय मल्लका प्रयोगशील नाट्य कृतिको विश्लेषण", अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर ।

खतिवडा, लेखराज (२०६८), "विजय मल्लका नाटकमा नारी पात्र", अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर ।

दाहाल, दुर्गा प्रसाद (२०६४), 'नाटकार विजय मल्ल र उनको स्मृतिको पर्खालभित्र नाटक : एक टिपोट' *सम्प्रेषण* ((वर्ष ४, अङ्क ४, पृ. ९२-१०५) ।

नेपाल, गोविन्द प्रसाद (२०३७), "विजय मल्लको नाट्यकारिताको विश्लेषण", अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर ।

पोखरेल, रामचन्द्र (२०६२), *नेपाली नाटक सिद्धान्त र समिक्षा,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

............. (२०४६), "एकाङ्कीकार विजय मल्ल", अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली विभाग त्रि.वि. किर्तिपुर ।

.............(२०६२), *विजय मल्लको नाटेकारितामा भूत प्रेतको प्रयोग,* काठमाडौं : रूमु प्रकाशन ।

............. (२०६६), *विजय मल्ल स्मृति ग्रन्थ,* काठमाडौं : सांग्रिला प्रिन्टिङ प्रेस ।

प्रभात, विष्णु (२०६५), 'रङ्गमञ्चीय नाटक र नाटकीय विशिष्टता', *गरिमा,* (वर्ष ९, अङ्क १, पृ ३७-४१) ।

*मधुपर्क,* (२०५३), 'नाटक विशेषाङ्क', काठमाडौँ : गोरखापत्र संस्थान, (वर्ष २९, अङ्क ४) ।

मल्ल, विजय (२०२८), *बौलाहा काजीको सपना सङ्ग्रह,* साझा प्रकाशन काठमाडौँ ।

.............(२०२८), *पत्थरको कथा सङग्रह* (पाँ.स २०६८), काठमाडौँ साझा प्रकाशन ।

.............(२०३४), *दोभान लघुनाटक सङ्ग्रह,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ने.रा.प्र.प्र. कमलादी काठमाडौं प्र.सं. ।

.............(२०३६), 'नेपाली नाटकमा आधुनिकता ४' *नाटक एक चर्चा,* काठमाडौँ नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान ।

.............(२०५५), विजय मल्लका एकाङ्कीगत वैशिष्ट्य र कंकाल एकाङ्कीको विश्लेषण', *समकालिन साहित्य* (वर्ष ८, अंक २) ।

त्रिपाठी, आर.वी. र आर एन सिंह (प्र. सं. सन् १९७७)), उच्च सामाजिक मनोविज्ञान (दो. सं., सन् १९८०) , वाराणासि : नगिना प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०५४) (सम्पा), *नेपाली एकाङ्की,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०५३), *शोधविधि* (चौ.स २०६६), ललितपुर साझा प्रकाशन ।

श्रेष्ठ, इश्वरकुमार (२०५८), 'नेपाली नाटकमा आधुनिक काल : प्रमुख धारा र प्रवृत्तिहरू', *समकालीन साहित्य* (वर्ष १२, अङ्क १, पृ ११२-१२२) ।